# रातो खबर
Ratokhabar weekly
साप्ताहिक

वर्ष ७, अङ्क ४, पूर्णाङ्क २७४ | २०७८ साउन १३ गते बुधबार | Wednesday, 28 Jul 2021 | www.eratokhabar.com | मूल्य रु. १०


## पार्टी केन्द्रीय सदस्य आदर्शलाई नेता कञ्चनले गरे स्वागत



**काठमाडौं**

नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य चूडामणि ओली 'आदर्श' लाई पार्टीका केन्द्रीय सचिवालय सदस्य धर्मेन्द्र बाँस्तोला 'कञ्चन' ले स्वागत गरेका छन् ।

बाजुरा कारागारमा झण्डै दुई वर्ष बिताएर सर्वोच्च अदालतको आदेशमा रिहा भई काठमाडौं फर्केका नेता आदर्शलाई सोमबार आफ्नै निवासमा बास्तोलाले खादा ओढाएर स्वागत गरेका हुन् ।

... बाँकी पृष्ठ ७ मा

## नयाँ ढङ्गको कम्युनिस्ट पार्टी निर्माणका लागि नेताहरूको बहस

**काठमाडौं ।**

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लव र सचिवालय सदस्य सुदर्शनले पूर्वसभामुख तथा नेकपा (माओवादी केन्द्र) का स्थायी समिति सदस्य कृष्णबहादुर महारासँग छलफल गरेका छन् । महरा निवास खुमलटारमा भएको भेटवार्तामा नेकपाका अर्का सचिवालय सदस्य सन्तोष बुढामगर 'विषम' र नेकपा (माओवादी केन्द्र) का नेता गणेशमान पुन सहभागी थिए ।

उक्त भेटवार्तामा समग्र नेपाली कम्युनिस्ट आन्दोलन, जनयुद्ध र जनआन्दोलनको समीक्षा गर्दै क्रान्तिकारी कम्युनिस्टहरूबीच नयाँ आधारमा नयाँ एकता गरेर नयाँ कम्युनिस्ट पार्टी निर्माण गर्नुपर्ने आवश्यकतामाथि गम्भीर छलफल भएको स्रोतले बताएको छ ।

## महासचिव विप्लवद्वारा धनसरादेवीप्रति श्रद्धाञ्जली

**काठमाडौं ।**

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले युवा सङ्गठन नेपालका निवर्तमान केन्द्रीय उपाध्यक्ष तथा हाल राष्ट्रिय सम्मेलन आयोजक समितिका सदस्य प्रेम विक 'दिनेश' की ममतामयी आमा धनसरादेवी विकप्रति श्रद्धाञ्जली प्रकट गरेका छन् । आज श्रद्धाञ्जली तथा समवेदना वक्तव्य जारी गर्दै महासचिव विप्लवले दिनेशलगायत

... बाँकी पृष्ठ ७ मा

# जनमतसङ्ग्रह नै जनताको व्यवस्था फैसला गर्ने उत्तम विकल्प



■ **रातोखबर संवाददाता/काठमाडौं**

नेपाल कम्युनिस्ट पार्टीले आफ्नो राजनीतिक कार्यनीतिक शृङ्खलाका रूपमा प्रगतिशील संयुक्त सरकार, जनमतसङ्ग्रह र वैज्ञानिक समाजवादको नारा अघि सारेको छ । निवर्तमान प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकारसँग नेकपाले ३ बुँदे सहमति गर्ने प्रक्रियामा नेपाल कम्युनिस्ट पार्टीले यो कार्यनीति अगाडि सारेको हो । पछिल्लो समय विवेकशील साझा पार्टी, राप्रपालगायतले पनि जनमतसङ्ग्रहको कुरा अगाडि सारेका छन् । २०३६ सालमा गरिएको जनमतसङ्ग्रहमा बहुदलका पक्षधरहरूका पक्षमा नभई पञ्चहरूको हातमा जनमतसङ्ग्रहको परिणाम परेका कारण यसप्रतिको बुझाइमा शङ्काहरू उत्पन्न भएका छन् । तर नेपाल कम्युनिस्ट पार्टीले अगाडि सारेको जनमतसङ्ग्रहको एजेन्डा बिल्कुल फरक छ ।

नेपाल कम्युनिस्ट पार्टीले अगाडि सारेको जनमतसङ्ग्रह भनेको नेपाली जनताको आवश्यकताअनुसारको व्यवस्था निर्माणका लागि जनतालाई नै अधिकार सम्पन्न बनाउने विषय हो । जनमतसङ्ग्रहमार्फत दुई व्यवस्था संसदीय व्यवस्था वा वैज्ञानिक समाजवाद जनताको मतले व्यवस्थाको फैसला गर्ने अधिकार जनतालाई दिने भन्ने हो । नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लव भन्छन्, 'इतिहासमा पटकपटक परीक्षण भैसकेको यो संसदीय व्यवस्था जनतामा असफल भैसकेको छ जसको कारण देशमा राष्ट्रियताका समस्याहरू झन्‌झन् गम्भीर बन्दै गएका छन् र देश पराधीन बन्दै गएको छ । दलाल संसदीय व्यवस्थाका कारण जनताका आधारभूत समस्याहरू झन्‌झन् भयावह बन्दै गएका छन् । यी सबैखाले समस्याहरूको समाधान गर्न नेपालको राज्यव्यवस्था नै परिवर्तन गर्नु आवश्यक छ र यसका लागि जनमतसङ्ग्रहमा जानु आवश्यक छ ।'

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले गरेको परिभाषाअनुसार इतिहासमा करिब ३० वर्षसम्म अभ्यास गरिएको संसदवादको विकल्पमा समाजवाद भन्ने नारा अघि सारिएको अवस्थामा व्यवस्था छाने राजनीतिक अधिकार जनतालाई दिनु हो । यसले प्रत्यक्ष लोकतान्त्रिक पद्धतिसँग सम्बन्ध राख्छ । यो जनमतसङ्ग्रह सामान्य परि स्थितिमा गरिने आवधिक निर्वाचनजस्तो होइन । राजनीतिक व्यवस्थामा केही

... बाँकी पृष्ठ ७ मा

## महासचिव विप्लव र प्रधानमन्त्री देउवाबीच भेटवार्ता

### सहमति कार्यान्वयनमा देउवा सकारात्मक



■ **रातोखबर संवाददाता/काठमाडौं**

नेकपाका महासचिव विप्लव र प्रधानमन्त्री शेरबहादुर देउवाबीच आज अपराह्न भेटवार्ता भएको छ । मुलुकको समसामयिक राजनीतिक विषय र विशेषगरी केपी ओली सरकार र नेकपाबीच गत फागुन २१ गते भएको तीनबुँदे सहमति कार्यान्वयनका विषयमा छलफल भएको नेकपा केन्द्रीय कार्यालय स्रोतले जनाएको छ । भेटवार्ताका क्रममा प्रधानमन्त्री देउवाले नेकपा र पूर्ववर्ती ओली सरकारबीच भएको सहमति कार्यान्वयनमा आफ्नू नेतृत्वको सरकार सकारात्मक रहेको बताएका थिए ।

प्रधानमन्त्री देउवासँगको भेटवार्ताका क्रममा महासचिव विप्लवका साथ पार्टी प्रवक्ता प्रकाण्ड र केन्द्रीय सचिवालय सदस्य

... बाँकी पृष्ठ ७ मा

## महासचिव विप्लव र जसपा नेता महन्थ ठाकुरबीच भेटवार्ता

नेकपाका महासचिव विप्लव र जनता समाजवादी पार्टीका नेता महन्थ ठाकुरबीच आज भेटवार्ता भई समसामयिक राजनीतिक विषयमा छलफल भएको छ । नेकपाको उच्च स्रोतका अनुसार महासचिव विप्लव र नेता ठाकुरबीच मुलुकमा विद्यमान राजनीतिक सङ्कट, मधेस आन्दोलन, सरकारसँग यसअघि भएका बन्दी रिहाइलगायत सहमति कार्यान्वयनका विषयमा छलफल भएको हो ।

राजनीतिक छलफलका लागि नेकपा महासचिव विप्लव पार्टी प्रवक्ता प्रकाण्डसहित महन्थ ठाकुरको निवासमा पुगेका थिए । महासचिव विप्लव र नेता ठाकुरबीच सरकारसँग यसअघि भएका सहमतिअनुसार आआफ्ना पार्टीका नेता-कार्यकर्ताको रिहाइ र मुद्दा खारेजीका लागि पहल गर्न सहकार्य गर्ने विषयमा छलफल भएको थियो ।

स्रोतका अनुसार भेट र छलफलका क्रममा नेकपा महासचिव विप्लवले मधेसी श्रमिक जनताको सवाल समग्र श्रमजीवी नेपाली जनताको सवालसँग सम्बन्धित रहेकाले उत्पीडित श्रमिक जनताका पक्षमा एक

... बाँकी पृष्ठ ७ मा

## महासचिव विप्लव र जसपा अध्यक्ष उपेन्द्र यादवबीच छलफल

■ **रातोखबर संवाददाता/काठमाडौं**

यथास्थितिमा राज्यले देश र जनताका समस्या समाधान गर्न सक्तैन : विप्लव, समस्या समाधानका लागि सबै उपयुक्त विकल्पहरूमा हामी तयार छौं : यादव

काठमाडौं

नेकपाका महासचिव विप्लव र जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवबीच आज भेटवार्ता र छलफल भएको छ । महासचिव विप्लव र नेता यादवबीच मुलुकको राजनीतिक सङ्कट र नेकपा-सरकारबीच सम्पन्न सहमति कार्यान्वयनका विषयमा छलफल भएको नेकपाको उच्च स्रोतले जनाएको छ । यादवको निवास हात्तीबन, ललितपुरमा भएको भेटका क्रममा नेकपाका तर्फबाट प्रवक्ता प्रकाण्ड पनि सहभागी थिए ।

स्रोतका अनुसार उपेन्द्र यादव नेतृत्वको जसपा संसद् र सरकारी गठबन्धनको बलियो साझेदार पार्टी भएकाले यो भेटवार्ता र छलफलले सरकारसँग भएको सहमति कार्यान्वयनका लागि महत्वपूर्ण अर्थ राख्छ ।

नेकपा महासचिव विप्लवले जसपा अध्यक्ष यादवसँग समसामयिक राजनीति र मुलुकलाई सङ्कटबाट निकास दिने विषयमा छलफल गर्दै पूर्ववर्ती केपी ओली सरकारसँग भएको तीनबुँदे सहमतिबमोजिम नेकपाका नेता-कार्यकर्ताको रिहाइ र झुट्टा मुद्दा फिर्ताका लागि वातावरण बनाइदिन आग्रह गरेका थिए ।

महासचिव विप्लवले अग्रगामी राजीतिक विकल्पतर्फ अघि बढ्ने विषयमा छलफलका लागि आग्रह पनि गरेका थिए । महासचिव विप्लवले यथास्थितिमा विद्यमान राज्यव्यवस्थाले देश र

... बाँकी पृष्ठ ७ मा

## गण्डकी प्रदेशका मुख्यमन्त्री पोखेल र नेकपाका नेताहरूबीच भेटघाट



■ **रातोखबर संवाददाता**

**कास्की :** नेपाल कम्युनिस्ट पार्टीका नेता र गण्डकी प्रदेशका मुख्यमन्त्रीबीच पोखरामा भेटघाट भएको छ । नेपाल सरकार र नेकपाबीच तीनबुँदे सहमति पश्चात प्रतिबन्धपछि खुला परिवेशमा मङ्गलबार गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखेल र नेकपाका नेताहरूबीच भेटघाट भएको हो ।

नेता तथा कार्यकर्ताहरू रिहा नभएको खण्डमा नेकपाकी केन्द्रीय सदस्य उमा भुजेल 'शिलु', मनाङ जिल्ला सेक्रेटरी भीमप्रसाद चापागाईं, काजी गुरुङ लगायतको टोलीले

... बाँकी पृष्ठ ७ मा

# दलित मुक्ति र दलित उन्मूलन

### देश/परिवेश

■ धर्मेन्द्र बास्तोला 'कञ्चन'



हिन्दु वर्णाश्रम व्यवस्थामा आधारित भारतीय समाजजस्तै नेपालमा पनि दलित समस्या जटिल छ । दलितमाथिको उत्पीडन र त्यसबाट कसरी मुक्ति पाउने भन्नेबारेमा गहिरा खोजहरू भएका छन् । सामाजिक अपमानसहित, आर्थिक विपन्नता, राजनीतिक आश्रित अवस्थामा रहेका नेपाली दलित समुदायलाई सामाजिक, सांस्कृतिक, आर्थिक उत्पीडनबाट कसरी मुक्त गर्ने, कसरी पूर्ण रूपले मुक्ति प्राप्त गर्ने भन्ने विषयमा धेरै क्षेत्रबाट ठूला प्रयत्नहरू भइरहेका छन् । पहिलो प्रयत्न नेपालका सबैजसो राजनीतिक पार्टीहरूबाट भैरहेको छ । दोस्रो प्रयत्न नेपाल सरकारबाट भइरहेको छ । तेस्रो प्रयत्न नेपालमा चलेका गैरसरकारी संस्था (एनजीओ), अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आईएनजीओ) हरू बाट भैरहेको छ । चौथो प्रयत्न नेपालका सञ्चार माध्यमहरूबाट भैरहेको छ । पाँचौं प्रयत्न कतिपय व्यक्तिहरूको व्यक्तिगत पहलकदमीबाट भइरहेको छ । यी सबै प्रयत्नहरूको उद्देश्य नेपालको दलित अवस्थामा रहेका लाखौं जनताको पूर्ण सामाजिक सम्मान, आर्थिक समृद्धि, राजनीतिक सहभागिता कसरी सुनिश्चित गर्ने भन्ने विषयमा केन्द्रित रहेको छ ।

सरकारी, गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी, बुर्जुवा जनवादी पार्टीहरू र व्यक्तिहरूले दलित समस्या समाधान गर्नका लागि जुन प्रकारको नीति र कार्यक्रमहरू तर्जुमा गरेका छन् उनीहरूका सबै प्रयत्नहरू अन्ततः नेपालमा जरा गाडेको सामन्तवाद, दलाल पुँजीवाद र साम्राज्यवादी उत्पीडनकारी नीति, 'फुटाउ र राज गर' जस्तो षड्यन्त्रको सिकार भैरहेका छन् । यसप्रकारको कामबाट न केवल दलित समुदायको समस्याको वास्तविक समाधान भेट्टाउन असम्भव हुनेछ सथसाथै उनीहरूका नीति र कार्यक्रमहरूले दलित समुदायलाई नै विभाजित गर्न पुगेको छ । एकातिर आमजनसमुदाय आफ्नो वास्तविक मुक्तिका लागि सङ्घर्ष गर्ने र अर्कोतिर समुदायका समस्याहरूबाट फाइदा उठाउँदै केही कुलीन मानिसको जन्म हुन जाने स्थिति बनेको छ । वास्तवमा बुर्जुवा कार्यनीतिका यी प्रयत्नहरू दलितमाथि हुने अत्याचारको उन्मूलन होइन, त्यसको निरन्तरतामा लैजाने षड्यन्त्रमा पतन हुन पुग्छन् । यसप्रकारको षड्यन्त्रबाट कुनै प्रकारको मुक्ति सम्भव छैन भन्ने कुरा प्रस्टै छ । हामीले नेपालको

... क्रमशः पृष्ठ ३ मा

## सम्पादकीय

# कमरेड पुष्पलाल र उनका सपनाहरू

वर्गसङ्घर्षका क्रममा कतिपय अवस्थामा युगले व्यक्तित्व र कतिपय अवस्थामा व्यक्तित्वले युग जन्माउँछन्, निर्माण गर्छन् । मार्क्सवादका प्रवर्तक महान् गुरु कार्ल मार्क्सलाई युगले जन्मायो र कार्ल मार्क्सले पनि युग निर्माण गरे । मानिसले मानिसमाथि निरन्तर शोषण, दोहन, व्यभिचार, लूटपाट, अराजकता मच्चाइरहेको अवस्थामा शोषण र विभेदविहीन समानतामूलक सुन्दर साम्यवादी समाजको कल्पना गर्नु, त्यो समाजसम्म पुग्नका लागि सङ्घर्षका चरणहरू तय गर्नु, वर्गसङ्घर्षमा सामेल हुनु, दिशानिर्देश गर्नु युग निर्माणको महत्वपूर्ण प्रक्रिया र चरण थियो । संसारले दुई सय वर्षपहिले त्यस्तो व्यक्तित्वलाई प्राप्त गरेको थियो । नेपाली समाजले पनि झन्डै एक सय वर्षअघि अर्थात् भौतिक रूपमा विसं १९८१ मा र वैचारिक रूपमा २००५-२००६ सालमा त्यस्तै किसिमको व्यक्तित्व प्राप्त गऱ्यो । ती महान् व्यक्तित्व थिए कमरेड पुष्पलाल । जहानियाँ राणाशासन अर्थात् निरङ्कुश सामन्ती सत्ताले नेपाली जनता र नेपाललाई मध्ययुगीन, जर्जर र बर्बर किसिमले शोषण, दोहन र लूटपाट मच्चाइरहेको समयमा जन्मिएर त्यसको अन्त्यका लागि कम्युनिस्ट घोषणापत्र अनुवाद गरेर वितरण गर्ने, कम्युनिस्ट पार्टी निर्माण गर्ने र वर्गसङ्घर्षको खाका कोर्ने दार्शनिक, बौद्धिक र सङ्घर्षशील व्यक्तित्व थिए कमरेड पुष्पलाल । उनले २००५ सालमा अनुवाद गरेर वितरण गरेको कम्युनिस्ट घोषणापत्र र २००६ सालमा निर्माण गरेको कम्युनिस्ट पार्टीमा आबद्ध, क्रियाशील र समर्थकहरूको सङ्ख्या मुलुकमै दुई तिहाइ छ । नेपालको जनसङ्ख्या तीन करोड मान्ने हो भने दुई करोड हाराहारी मानिस पुष्पलालपथमा रहेको मान्न सकिन्छ । विभिन्न समयमा भएका चुनावहरूमा कम्युनिस्ट पार्टीका नाउँमा थापिएका ढ्वाङहरूमा पर्ने मतदेखि चुनाव बहिष्कार र विद्रोह गर्नेहरूको मत हेर्दा पनि नेपालमा दुई तिहाइ जनसङ्ख्या कम्युनिस्ट विचारमा आस्था राख्छन् भन्ने प्रमाणित भइसकेको छ । भलै कतिपय संशोधनवादी, अवसरवादी, संसद्वादीहरूले पनि आफूलाई कम्युनिस्ट पार्टी भन्दै जनतालाई खोटा सिक्का बिक्री गरिरहेका छन् । जे होस्, आमजनसमुदायले झ्वाट्ट बुझ्ने भनेको कम्युनिस्ट भनेको एउटै हो । उसले त्यही बुझेर सहयोग, समर्थन र विश्वास प्रकट गर्ने हो । तसर्थ नेपालमा सर्वप्रिय व्यक्तित्व हुन् कमरेड पुष्पलाल । उनले देखाएको बाटो, उनले निर्माण गरेको कार्यदिशा हुँदै नेपालको कम्युनिस्ट आन्दोलन अघि बढिरहेको छ र आज एकीकृत जनक्रान्तिको चरणबाट आशालाग्दो तरिकाले अघि बढिरहेको छ । कमरेड पुष्पलाल श्रमिक, मुक्तिकामी जनताका प्रिय नेता हुन् । उनको ४३ औँ स्मृति दिवसका सन्दर्भमा उनीप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्नु न्यायप्रेमीहरूको पहिलो कर्तव्य हुन आउँछ ।

नेकपाका महासचिव विप्लवले कमरेड पुष्पलाललाई सङ्घर्ष, त्याग र बलिदानका नमुनाका रूपमा संश्लेषण गरेका छन् । पुष्पलालको ४३ औँ स्मृति दिवसका सन्दर्भमा महासचिव विप्लवले निरङ्कुश राणा शासनकै समयमा नेपाली जनताको पूर्ण मुक्तिका निम्ति नयाँ जनवाद, समाजवाद र साम्यवादको महान् लक्ष्यसहित नेपाल कम्युनिस्ट पार्टीको स्थापना गर्नु एक ऐतिहासिक पहलकदमी मात्र नभई नेपालको विशिष्टतामा क्रान्तिको कार्यदिशा निरूपण, साङ्गठनिक विस्तार र विकास, नेपाली समाज र नेपाली राजनीतिमा कम्युनिस्ट विचार र सिद्धान्त स्थापित गर्नुका साथै जनतामा नयाँ आशा र विश्वासको सञ्चार प्रवाह गर्ने व्यक्तित्वका रूपमा संश्लेषण गरेका छन् । पुष्पलालका बारेमा महासविच विप्लवले भनेका छन्, 'कमरेड पुष्पलालले पार्टी स्थापनासँगै तत्कालीन राज्यसत्ताको दमनको सामना गर्दै कम्युनिस्ट पार्टीभित्रकै अवसरवाद र आत्मसमर्पणवादविरुद्ध निर्मम सङ्घर्ष गर्नुपऱ्यो । राजनीतिक रूपले मूलभूत रूपमा ठीक हुँदाहुँदै पनि कमरेड पुष्पलाललाई आफ्नो जीवनकाल र त्यसपछि पनि विभिन्न आरोपहरूले प्रताडित गरियो तर अन्ततः उहाँ कम्युनिस्ट पार्टीको सही नेतृत्व र विचारक, इमानदार र आदर्श कम्युनिस्ट नेताका रूपमा इतिहासले पुष्टि गरिसकेको छ ।'

कमरेड पुष्पलालले नेपालको राष्ट्रियता, नेपाली श्रमिक जनताको मुक्ति र वैज्ञानिक समाजवादी राज्यव्यवस्थाका पक्षमा जीवनपर्यन्त सङ्घर्ष गरिरहे । राज्य व्यवस्थाको दमन, चौतर्फी अभाव, भोक र रोगले थलिँदा पनि आफ्नो विचार र लक्ष्यप्रति अविचलित र अडिग रहेका पुष्पलालको जीवन आफैँमा सङ्घर्ष, त्याग र बलिदानको अनुकरणीय नमुना रहेको महासचिव विप्लवको संश्लेषणले निरङ्कुश पञ्चायती व्यवस्थाविरुद्धको सङ्घर्षमा काङ्ग्रेससँग मोर्चा बनाउनुपर्छ भन्ने पुष्पलाललाई गद्दार भन्दै आफू क्रान्तिकारी देखिन खोज्ने र आज आएर त्यही काङ्ग्रेसको पुच्छर बन्ने मोहनविक्रम सिंह प्रवृत्तिदेखि पुष्पलालको क्रान्तिकारी बाटो त्यागेर दलाल पुँजीवादको चाकर बनिसक्दा पनि पुष्पलालको तस्बिर र नाउँ बेचेर खाने एमालेलगायत कम्युनिस्ट नाउँका दलाल पुँजीवादी पार्टीहरूको वास्तविक अवस्था उदाङ्गो भएको छ ।

पुष्पलाललाई सम्झिनु उनको विचार र उनले अघिसारेको कार्यदिशाप्रति इमानदार हुनु हो । नेपालमा नाउँधारी कम्युनिस्ट पार्टीको सङ्ख्या ठूलो छ तर क्रान्तिकारी कम्युनिस्ट पार्टी र आन्दोलनको नेतृत्व नेकपाले मात्र गरिरहेको छ । संसद्वादीहरूले पनि आफ्नो नाउँको अघिपछि कहीँ न कहीँ कम्युनिस्ट शब्द र फुर्को जोडेर नेपालको कम्युनिस्ट जनमत प्रभावित पारिरहेको अवस्थामा नेकपाले विकास गरेको एकीकृत जनक्रान्तिको कार्यदिशा र यसको प्रयोगमा नामधारी नक्कली कम्युनिस्टहरूको भूमिकाले को पुष्पलालका उत्तराधिकारी हुन् र को होइनन् भन्ने प्रस्ट पारिदिनेछ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका पक्षमा आजीवन सङ्घर्ष गर्ने र सामन्तवाद, पुँजीवाद, साम्राज्यवादसँग कहिल्यै नझुकी अभावमै मृत्युवरण गर्ने आस्था र निष्ठाका पर्याय पुष्पलाल र सपना र विपनामा पनि सत्ताका लागि राष्ट्रघात, जनघात, भ्रष्टाचार, कमिसन, परिवारवाद, नातावादमा रमाउने नक्कलीहरूका बीच तुलना हुनै सक्तैन । पुष्पलालका आदर्श र सपनाहरूलाई साकार पार्नु भनेको नेपालबाट दलाल पुँजीवाद अन्त्य गरी वैज्ञानिक समाजवाद स्थापना गर्नु हो । यसका लागि देश, श्रमिक जनता, सर्वहारा वर्गका पक्षधर सबै राजनीतिक शक्तिहरू एकीकृत जनक्रान्तिमा ध्रुवीकरण र एकताबद्ध हुनु आवश्यक र अपरिहार्य छ । यसले मात्र कमरेड पुष्पलालको अधुरो सपना पूरा हुनेछ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# जनमतसङ्ग्रहको बहस किन ?


अनिल शर्मा 'विरही'

*संविधानसभा स्वीकार गर्ने कि सम्पूर्ण सत्ता नै गुमाउने ? भन्ने प्रश्न आएपछि नेपालको पुँजीपति वर्गले संविधानसभाको माग स्वीकार गरेको थियो । संसदीय शक्ति र माओवादीबीच लेनदेन भएपछि मात्र संविधानसभालाई स्वीकार गरेको बहस पनि छ । यहाँ समस्या कार्यनीतिमा हो कि कार्यनीतिप्रतिको इमानदारीमा हो ? भन्ने प्रश्न आउँछ । जनता सुधारवादी कार्यक्रमद्वारा क्रान्तिकारी परिणामको अपेक्षा गर्छन् । सचेत जनता क्रान्तिकारी परिणामका लागि क्रान्तिकारी कार्यक्रम नै चाहन्छन् । क्रान्तिकारीहरूले दुवैलाई कार्यक्रमसहित नेतृत्व गर्न सक्नुपर्छ । यहाँ एउटाले विज्ञान र अर्कोले कला पक्षको प्रतिनिधित्व गर्छन् ।*

केपी ओली नेतृत्वको नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टीका बीचमा वार्ता र 'तीनबुँदे सहमति' भएपछि 'जनमतसङ्ग्रह' बहसको विषय बनेको छ । कतिपयलाई लागेजस्तो यो बहस आकस्मिक रूपमा आएको पनि होइन । यद्यपि सार्वजनिक मात्रै अहिले गरिएको हो । ३ वर्षभन्दा अगाडि नै यो विषय पार्टीको निश्चित तहमा बहसमा थियो । उपयुक्त समय र परिस्थितिमा बहसमा लग्ने सोचिएको थियो । त्यसकारण पछिल्लो परिस्थिति देखेर यो विषय छलफलमा ल्याइएको होइन । त्यसकारण विषयप्रति फरकफरक धारणा हुनुलाई हामीले अर्घेल्याइँ गर्नुपर्ने कारण छैन तर विषयलाई हल्का टिप्पणी मात्र नहोस् भन्ने हाम्रो अपेक्षा हो ।

मार्क्सवाद पूर्वसञ्चित ज्ञानको निरन्तरता र विकास हो । जर्मनीको शास्त्रीय दर्शन, इङ्ल्यान्डको शास्त्रीय अर्थशास्त्र र फ्रान्सको क्रान्तिकारी सिद्धान्त (संमृद्ध वर्गसङ्घर्षको इतिहास) लाई कार्ल मार्क्सले 'निरन्तरता र पूर्णता (ऋयतष्लगभम बलम ऋयकउभितभम) गरेका हुन् । मार्क्सवादका तीन सङ्घटक अङ्गमध्ये क्रान्तिकारी सिद्धान्तभित्र माओवादसम्म आइपुग्दा क्रान्तिमा बल प्रयोगको सिद्धान्त' र क्रान्तिपछि 'सर्वहारा वर्गको अधिनायकत्व' मूल विषय हुन् । पुँजीवादीहरू र संशोधनवादीहरूले सबैभन्दा बढी आक्रमण यसमाथि गरेका छन् । मानव जातिले आर्जन गरेको पूर्वसञ्चित ज्ञानको अवज्ञा गरेर अगाडि बढ्न सकिन्न भने त्यसमा विकास नगरीकन पनि अगाडि बढ्न सकिन्न । विकासका नाममा यथास्थितिको पक्षपोषण गर्ने प्रवृत्तिको चर्चा आवश्यक छैन । विकास गर्नैपर्ने र त्यसो गर्दा जोखिमपूर्ण पाइलाहरू चाल्नैपर्ने हुन्छ । दायाँ र बायाँ दुवैथरी दुर्घटनाहरू हुन सक्छन् ।

क्रान्ति बल प्रयोगको तरिकाले हुन्छ कि शान्तिपूर्ण तरिकाले हुन्छ भन्ने विषयमा मार्क्स, लेनिन र माओका आआफ्नै अनुभव र निष्कर्ष छन् । कार्ल मार्क्सले नेदरल्यान्डको एउटा आमसभामा र लेनिनले १९१७ फरवरी-जुलाईबीचमा क्रान्तिको शान्तिपूर्ण रूपको वकालत गर्नुभएको छ । यद्यपि मार्क्स र लेनिनले बल प्रयोगलाई सार्वभौम रूपमा र शान्तिपूर्ण स्वरूपलाई विशिष्टतामा प्रयोग गर्नुभएको छ । यस सम्बन्धमा माओको धारणा अझ बढी बोधगम्य र संश्लेषित छन् । मार्क्स र लेनिनको भनाइलाई दुरुपयोग गरेर विभ्रम उत्पन्न गर्ने कार्यमा युगोस्लाभियाका टिटो र रुसका ख्रुस्चोभ संलग्न भएपछि माओले मोर्चा समाल्नुभएको थियो ।

माओले समाजवादी सत्ता स्थापना गर्न शान्तिपूर्ण र हिंसात्मक दुवै स्वरूपलाई खुला राख्नुपर्छ भन्नुभएको छ (हेर्नुस् महान् बहस, अन्तर्राष्ट्रिय प्रकाशन, हिन्दी संस्करण, परिशिष्ट १, पृष्ठ ८१, मुजफ्फरनगर, उत्तरप्रदेश, १९९८) । त्यसो गर्नुका ३ कारणहरू रहेको माओको दाबी छ-

(१) शान्तिपूर्ण सङ्क्रमण र गैरशान्तिपूर्ण सङ्क्रमण एउटाको मात्र प्रयोग गर्दा भन्दा दुवै प्रयोग गर्दा बढी गतिशीलता आउँछ । राजनीतिक पहलकदमी जस्तोसुकै समयमा पनि कायम रहन्छ ।

(२) हिंसा सर्वहारा वर्गको रहर नभएर आत्मरक्षाको विषय हो र पुँजीवादले कम्युनिस्टमाथि थोपरेको आरोप खारेज गर्न र जनतालाई सङ्गठित गर्न सजिलो हुन्छ ।

(३) अन्तर्राष्ट्रिय र घरेलु राजनीतिमा आमूल परिवर्तन भएर शान्तिपूर्ण सङ्क्रमणको सम्भावना भयो भने हाम्रो हात बाँध्नेछैन ।

क्रान्तिका दुई तरिकालाई आत्मसात गर्ने हो भने त्यसलाई कार्यनीतिमा पनि ढाल्न सक्नुपर्छ । तयारी एउटाको मात्र गर्ने औपचारिक अर्थमा दुवै भन्नुको अर्थ एउटा मात्र मान्नु हुन्छ । कार्यनीति जे अपनाउँदा रणनीतिको सेवा बढी गर्न सकिन्छ त्यही कार्यनीति अपनाउनुपर्ने हुन्छ । जुनसुकै रूप अवलम्बन गरे पनि सर्वहारा वर्गले आफूलाई वैचारिक रूपले निःशस्त्र पार्नु हुँदैन । त्यही भएर लेनिनले 'शान्ति र रोटी' नारा दिनुभयो । त्यत्ति मात्र भन्नुभएन, समाजवादी सत्ता भनेको 'सम्पूर्ण रसियाको विद्युतीकरण हो' सम्म भन्नुभयो । माओ बेइजिङको सरकार च्याङ काइसेकसँग वार्तामा बस्नुभयो । क्रान्तिको शान्तिपूर्ण सङ्क्रमणका सबै सम्भव तरिकाहरू प्रयोग गर्नुभयो । जनयुद्धमा संविधानसभाको नारा नै गलत थियो कि थिएन ? बहस भएको छैन । तर नेतृत्वको वैचारिक पतन हुनुभन्दा अगाडि संविधानसभाको नाराले रणनीतिको सेवा गरेकै थियो । त्यसरी नहेर्ने हो भने जनमोर्चाको नेतृत्वमा माओवादीले ४० सूत्रीय माग बुझाउनुको पनि औचित्य पुष्टि हुँदैन तर त्यसले जनयुद्धलाई नैतिक बल प्रदान गरेको थियो । रणनीतिको सेवा नगर्ने कार्यनीति लफ्फाजी मात्र हुन जान्छ ।

संविधानसभा स्वीकार गर्ने कि सम्पूर्ण सत्ता नै गुमाउने ? भन्ने प्रश्न आएपछि नेपालको पुँजीपति वर्गले संविधानसभाको माग स्वीकार गरेको थियो । संसदीय शक्ति र माओवादीबीच लेनदेन भएपछि मात्र संविधानसभालाई स्वीकार गरेको बहस पनि छ । यहाँ समस्या कार्यनीतिमा हो कि कार्यनीतिप्रतिको इमानदारीमा हो ? भन्ने प्रश्न आउँछ । जनता सुधारवादी कार्यक्रमद्वारा क्रान्तिकारी परिणामको अपेक्षा गर्छन् । सचेत जनता क्रान्तिकारी परिणामका लागि क्रान्तिकारी कार्यक्रम नै चाहन्छन् । क्रान्तिकारीहरूले दुवैलाई कार्यक्रमसहित नेतृत्व गर्न सक्नुपर्छ । यहाँ एउटाले विज्ञान र अर्कोले कला पक्षको प्रतिनिधित्व गर्छन् । माओ र च्याङ काइसेकबीच वार्ता, रुसको फेब्रुअरी क्रान्ति शान्तिपूर्ण क्रान्तिको प्रयास, उत्तरभियतनाम र दक्षिणभियतनामको स्विट्जरल्यान्ड विश्वसम्मेलन नभएको भए ती देशहरूको क्रान्ति के हुन्थ्यो ? गोन्जालोहरूको वार्तानीतिलाई कसरी बुझ्ने ? विश्व-कम्युनिस्ट आन्दोलनका यी सबै प्रयोग र अनुभवहरू हाम्रा लागि शिक्षा हुन् ।

क्रान्तिको खासखास चरणमा विपरीत वर्गहरूका बीचमा सहमति र सम्झौता अनिवार्य हुन्छ जसमा प्रगतिशील वर्गले जित्छ । यद्यपि अग्रगामी वर्गले यदाकदा हार्न पनि सक्छ । कवि बर्तोल्त ब्रेख्त भन्छन्, 'सद्गुण हुनाले पराजित भएका नभई तिनीहरू कमजोर भएका हुनाले पराजित भएका हुन् भन्न साहस चाहिन्छ ।' जित र हार नै सत्यको कसी होइन । उत्पादक शक्ति अनुकूल हुनु वा समाजका अन्तरविरोधहरू समाधान गर्ने क्षमता अथवा शक्तिले सत्य र असत्यको निरूपण गर्छन् । त्यसो हुँदैनथ्यो भने २०३६/०३७ सालको जनमतसङ्ग्रहले निर्दलीय पञ्चायती व्यवस्था नै अजम्मरी मान्नुपर्थ्यो । निर्दलवादीको तुलनामा बहुदलवादीहरूमा आवश्यक परिपक्वता नभएर वा कमजोर भएर पराजित भएका थिए । त्यस्तो भए पनि राजनीतिक संन्यास लिनु पर्दैन । जनतामा जान कसैले रोक्दैन । आआफ्नै प्रकारका जोखिम तथा सकार-नकार दुवै स्वरूपमा छ ।

समाजको समस्या समाधान गर्न नसक्नु व्यवस्थाको असफलता हो । असफलता सङ्कट नै हो । तर सङ्कट त्यसै क्रान्तिको जननी हुँदैन । वर्गसङ्घर्षको निकासद्वारा सङ्कटलाई क्रान्तिसम्म पुऱ्याउन सक्नुपर्छ । हात बाँधेर बसेर क्रान्तिकारी सङ्कट आउँदैन । लेनिनको शब्दमा पुँजीवादी सङ्कटलाई 'क्रान्तिको सङ्कट' सम्म पुऱ्याउन योजनाबद्ध पहल आवश्यक हुन्छ ।

यो व्यवस्थामा समाधान छैन भन्नेमा आमसहमति बन्नै लागेको छ तर निकास के भन्ने प्रश्नमा निम्नतम् एकरूपता छैन । आजको समस्या यो हो । वर्गसङ्घर्षलाई विकास गरेर मात्रै 'सत्यको रहस्योद्घाटन' गर्न सकिन्छ । वर्गसङ्घर्ष ज्ञानको स्रोत हो । श्रमिक तथा मध्यम वर्ग दुवैको हकमा यो सत्य हो । जनयुद्धले विकास गर्दै जाँदा मध्यम वर्ग क्रान्तिको नजिक आएको हाम्रै अनुभव छ । नेपाली कम्युनिस्ट आन्दोलनमा क्रान्तिको 'उधारो बहस' नयाँ होइन । हामी कार्यदिशाप्रति स्पष्ट र विश्वस्त छौँ । प्रयोगद्वारा वस्तुगत वा वैज्ञानिक हुन्छ कि हुँदैन ? त्यसको छिनोफानो व्यवहारले गर्नेछ । हामी प्रयोगमा जान, परीक्षा दिन इमानदार प्रयास गर्छौं तर हामी हिजो पनि, आज पनि 'दिन कटाउने, काल पर्खने' मनोविज्ञानमा छैनौँ ।

मार्क्सवादका आधारभूत मान्यताप्रति स्पष्टता र वर्गप्रति इमानदार भएपछि मार्क्सवादबाट विचलित भइन्न । आफ्नो वर्गलाई जे गर्दा हित हुन्छ त्यस बेलाको सत्य त्यही हो । वर्गको हित नै अडानको आधार हो जुन निर्वाचित संविधानसभालाई खारेज गर्ने लेनिनको सैद्धान्तिक आधार वर्गप्रतिको इमान थियो । जनमतसङ्ग्रहको निर्वाचन र त्यसपूर्वका प्रक्रियाहरू जनता हार्ने स्तरमा स्वीकार्य हुँदैन ।

अहिलेको संविधान र व्यवस्थाबाट वैज्ञानिक समाजवाद लागू गरौँ भन्ने प्रस्ताव एमाले पक्षले वार्ताअगाडि नै विभिन्न स्तरमा भनेकै छ । त्यसले हामीलाई कहाँ रोकेको छ र ! एउटै वर्गबीचको जनमतसङ्ग्रह र परस्पर विरोधी वर्गबीचको जनमतसङ्ग्रहको परिणाम र प्रक्रिया आधारभूत रूपले नै भिन्न हुन्छन् । त्यसैले त जनमतसङ्ग्रहद्वारा राजनीतिक समस्या समाधान गरौँ भनिएको हो । हामीले 'अर्को सूर्यबहादुर थापा' र पञ्चायती प्रेतात्माको नेतृत्वमा जनमतसङ्ग्रहको माग गरेका हौंला भनेर चिन्ता गर्ने बालसुलभ चेतनाले ग्रसित हुनु हुँदैन । बच्चाहरूले घमण्ड गर्दा सौन्दर्यानुभूति हुनसक्छ तर प्रौढहरूले त्यसै गर्नु विडम्बनापूर्ण !

## निर्मलाका हत्यारालाई कारबाही गर्न माग गर्दै प्रदर्शन

**काठमाडौँ ।** तीन वर्षपहिले बलात्कारपछि हत्या गरिएकी कञ्चनपुरकी किशोरी निर्मला पन्तका हत्यारालाई सार्वजनिक गरी कारबाही गर्न माग गर्दै अखिल (क्रान्तिकारी) ले काठमाडौँमा प्रदर्शन गरेको छ ।

अखिल (क्रान्तिकारी) द्वारा माइतीघरमण्डलामा आयोजित कार्यक्रममा सहभागी विद्यार्थीले निर्मलालाई न्याय दे, तत्काल बलात्कारी र हत्यारालाई सार्वजनिक गर भन्दै चर्का नारासहित प्रदर्शन गरेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै अखिल (क्रान्तिकारी) की नेत्री तारा सन्ज्यालले तीन वर्षसम्म पनि दोषी पत्ता नलाग्नु राज्यको गम्भीर कमजोरी रहेको भन्दै आक्रोश व्यक्त गरिन् । निर्मला पन्तको हत्यापछि पनि हजारौँ बलात्कार र सयौँ बलात्कारपछि हत्याका घटना भएको, कसैले पनि न्याय नपाएको र राज्य निरीह बनेको भन्दै दलाल संसदीय व्यवस्थामा महिलाहरूको सुरक्षाको ग्यारेन्टी नहुने उनले बताइन् । सरकारले पूरै अपराधी संरक्षण गरेको र पीडितलाई झन् पीडा थपिएको भन्दै नेत्री सन्ज्यालले निर्मला पन्तलगायत सम्पूर्ण बलात्कार र हत्याकाण्डका दोषी सार्वजनिक गरी फाँसी दिन माग गरिन् ।

तीन वर्षपहिले साउन १० गते बलात्कारपछि हत्या गरी उखुबारीमा फालिएको अवस्थामा निर्मलाको शव भेटिएको थियो ।

## नेकपा बारा-पर्साको प्रशिक्षण सम्पन्न

**काठमाडौँ ।** नेपाल कम्युनिस्ट पार्टी बारा र पर्साको जिल्लास्तरीय अगुवा कार्यकर्ता प्रशिक्षण सम्पन्न भएको छ । साउन ९ गते भएको प्रशिक्षणमा नेकपाका केन्द्रीय सचिवालय सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' ले वर्तमान राजनीतिक अवस्था, भर्खरै सचिवालयले गरेको निर्णय, पार्टीको केन्द्रीय समितिको बैठकले तय गरेको प्रगतिशील संयुक्त सरकार, जनमतसङ्ग्रह र वैज्ञानिक समाजवादको कार्यनीतिलाई सफल पार्न आमजनतालाई गोलबन्द गर्न सङ्गठन सुदृढ र विस्तार गर्न निर्देशन दिएका छन् ।

कञ्चनले वर्तमान राज्यप्रणाली दलाल पुँजीवादी भएकाले यसले जनता र राष्ट्रको समस्या समाधान गर्नुको सट्टा झनै थपिँदै गएको र यसले जनतामाथि लुटखसोट थोपरेको बताए । उनले जनताको गाँस, बास, कपास, स्वास्थ्य र शिक्षाको सुनिश्चितता गर्न वैज्ञानिक समाजवाद मात्र विकल्प रहेको बताउँदै जनतालाई पार्टीको उक्त नीति बुझाउन आग्रह पनि गरे । नेता कञ्चनले जनसेवकहरूको जिम्मेवारी अझ बढेको भन्दै युवाहरूलाई क्रान्ति भनेको युद्ध गर्नु मात्र नभएर मुख्य रूपमा रूपान्तरण हो भन्ने आफ्नो पार्टीको नीति रहेको बताए । साथै उनले वैज्ञानिक समाजवादका पक्षमा रहेका कुनै पनि पार्टी, संस्था र व्यक्तिसँग आफ्नो पार्टी सहकार्य गर्न तयार भएको जानकारी दिँदै पछिल्लो भेटघाट त्यही उद्देश्यसँग सम्बन्धित रहेको बताएका थिए ।

दुईवटा जिल्लाका कार्यकर्ता सहभागी उक्त कार्यक्रमको सञ्चालन बाराका सेक्रेटरी रक्तिमले गरेका थिए भनें अध्यक्षता पर्सा जिल्ला सेक्रेटरी गणेश शाहले गरेका थिए । प्रशिक्षणमा केन्द्रीय सदस्य गुणराज, सहिदका बुबा सुदर्शन पाण्डे, जनयुद्धमा सरकारी सुरक्षा निकायद्वारा यातना दिई सख्त घाइते बिगा चौरासिया अतिथिका रूपमा उपस्थित थिए ।

# दलित मुक्ति र दलित उन्मूलन

पृष्ठ १ बाट क्रमशः

ऐतिहासिक पृष्ठभूमिबाट विषयलाई केलाउँदै दलित प्रथाको उन्मूलन गर्न जातव्यवस्था उन्मूलन गर्नु नै सबैभन्दा वैज्ञानिक हुनसक्छ ।

नेपालमा दलित प्रथाको सङ्क्षिप्त सिंहावलोकन

नेपालको दलित समस्या भारतको वर्णाश्रम व्यवस्थाबाट सल्किएको रोग हो । भारतीय समाजमा तत्कालीन समाजशास्त्री मनुले रेखाङ्कन गरेको हिन्दु संस्कृतिअनुसार समाजलाई श्रेणीबद्ध गरिएको छ । हिन्दु पौराणिक कथाअनुसार वर्णाश्रम व्यवस्थामा ब्रनह्मण, क्षेत्री, वैश्य र शूद्र चार जात विष्णु भगवान्को शिर, वक्षस्थल, उदर र पाउबाट पैदा भएको मानिन्छ । ब्राह्मणले समाजमा नीतिनियम बनाउने, क्षेत्रीले सैन्य र शासकीय काम गर्ने, वैश्यले व्यापारव्यवसाय गर्ने र शूद्र जातले उत्पादन गर्ने व्यवस्था गरियो । यसबाट वर्णाश्रम व्यवस्थाको स्रोत तत्कालीन समाजको श्रम विभाजन थियो भन्ने देखापर्छ । श्रम विभाजनको यो प्रक्रियामा सुरुका दिनहरूमा यो कार्यविभाजन मात्र भएको देखिन्छ । श्रम विभाजनमा आधारित कामहरूको सामाजिक बाँडफाँट गरिए पनि भारतवर्षमा मनुस्मृति लेखिँदासम्म र जात व्यवस्थालाई व्यवस्थित गरिँदासम्म जातहरूका बीचमा उचो-निचो, छूत-अछूत थिएन भन्ने देखिन्छ । हिन्दु वर्णाश्रम व्यवस्था सुव्यवस्थित गरिएपछि मात्रै व्यवस्थित रूपमा उचनिच, छूत-अछूत गरिएको पाइन्छ । जात प्रथामा दलितलाई अछूत जातका रूपमा व्यवहार गरिन्छ र त्योभन्दा माथिका जातहरू पनि श्रेणीबद्ध हुन्छन् ।

समाज विज्ञानले प्रमाणित गरेको कुरा के हो भने नेपालको जात व्यवस्थाको आधार श्रम विभाजन थियो भलै यसलाई जातका रूपमा पछि विकास गरिएको थियो । भारतमा जसरी जात प्रथा छूत-अछूतका रूपमा विकास भयो, पछि त्यो नेपालमा पनि प्रवेश गऱ्यो ।

## दलित

नेपालमा दलित भनेर अछूत जातलाई भन्ने गरिन्थ्यो र त्यसको अवशेष अहिले पनि विद्यमान छ । यो प्रथा नेपालका हिन्दु धर्मावलम्बीहरू र मुख्य गरी आर्य जाति र द्रविड जातिका मानिसहरूमा विद्यमान छ । जात प्रथाबारे अध्ययन गर्नेहरूले सङ्कलन गरेअनुसार नेपालमा करिब १३२ थरहरू दलित जातभित्र पर्छन् । यी सबै कसरी दलित भए त्यसको छुट्टै प्रकारको पृष्ठभूमि छ । नेपालमा वर्णाश्रम व्यवस्था स्थापित भएपछि समाजमा कारबाही परेकाहरूलाई पनि दलित बनाउने प्रचलन बनेको देखिन्छ । ब्राह्मणले दलितको हातबाट पानी पिउने, दलितकी छोरी विवाह गर्ने वा दलितको छोरासँग विवाह गर्ने, सँगै बसेर खाना खाने अवस्था देखिँदा उनीहरूको जात खसालिएको हुन्थ्यो । कतिपय मानिसहरूलाई सामाजिक अपराध गरेबापत उसको जातबाट खसालेर सजाय दिने न्यायप्रणाली र सामाजिक प्रचलन नेपालमा भएको पाइन्छ । यो प्रचलन र सामाजिक प्रक्रिया नेपालको मङ्गोल जातिमा देखा पर्दैन, केवल आर्य जाति र द्रविडका बीचमा मात्र दलित भएको देखापर्छ । मङ्गोल जाति नेपालमा उत्तरबाट प्रवेश गरेको, आर्य जाति पश्चिमबाट प्रवेश गरेको र द्रविड दक्षिणबाट प्रवेश गरेकाले उनीहरूले नै भारतबाट यो जात-पातको संस्कृति आयात गरेको स्पष्ट हुन्छ । यसबाट स्पष्ट हुन्छ- भारतमा जस्तो नेपालमा शूद्र जातको कुनै न्यायोचित आधार ९मष्लतषष्भम दबकभ० बनेको थिएन ।

नेपालमा दलित भनेर जुन समुदायलाई भनिन्छ भारतको जस्तो छुट्टै जातिका रूपमा दलित भएको देखिँदैन । ऐतिहासिक रूपमा राज्यसत्ताबाट पराजित, युद्धबाट सम्पत्ति खोसिएको छुट्टै प्रकारको जाति नेपालमा दलित भएको पाइँदैन । नेपालका दलितहरू तिनै परिवारबाट उछिट्टिएका मानिसहरू हुन् जो मानिसहरू ब्राह्मण, क्षेत्रीहरू छन् जो नेपालका सन्दर्भमा शासक जाति हो । वास्तवमा नेपालका बाहुन, क्षेत्रीहरू जुन गोत्रका मानिसहरू हुन्, त्यही गोत्रका मानिसहरू दलित बनाइएका छन् । त्यसकारण पनि नेपालका दलितहरू भारतको जस्तो जाति नभएर एउटा उत्पीडित समुदाय हो ।

## उत्पादन

दलित जातमा विशेषगरी उत्पादनको काम गर्ने श्रमजीवीहरूलाई वर्गीकृत गरेको देखिन्छ । नेपालको उत्पादनका साधनहरू अत्यन्त पिछडिएको अवस्थामा रहनु र त्यसप्रकारका उत्पादनका साधनको प्रयोग गरिने कामलाई तल्लो स्तरको कामका रूपमा हेरिने भएकाले त्यो काम गर्ने वास्तविक सर्वहारा वर्गलाई दलित भनिएको देखिन्छ । वास्तवमा नेपालमा जुत्ता सिउनेलाई सार्की, कपडा सिलाउनेलाई दमाई, आरनमा काम गर्नेलाई कामी, सुनको काम गर्नेलाई सुनार, बाजा बजाउनेलाई हुड्केजस्ता पदवीहरू दिने गरेको पाइन्छ र तिनै पदवीहरू पछि थर भएको पाइन्छ । त्यस्तै जनावरको चर्म (छाला) को काम गर्नेलाई चमार, सरसफाइ गर्नेलाई मेत्तर भनेको पाइन्छ । नेपालमा यसप्रकारका कामहरू निम्नस्तरका हुने भएको कारण यी काम गर्नेहरू सबैलाई दलित बनाएको पाइन्छ ।

उत्पादनको काम गर्ने मानिसको परिवारलाई जातका रूपमा परिभाषित गरेपछि उनीहरूले नीति निर्माण र राजकाज गर्न नपाउने व्यवस्था गरेको देखिन्छ । नेपालको सामाजिक कानुनमा शूद्र जातिले संस्कृतका श्लोकहरू सुन्यो भने उसको कानमा एक किलो सिसा पगालेर हालिदिने सजाय दिइन्थ्यो भन्ने इतिहास नेपालको छ । यसको तात्पर्य के थियो भने दलित जातका मानिसहरूलाई पढ्ने, नीतिनियमहरू बनाउने, राजकाजको काम गर्ने सामाजिक अधिकार थिएन र उनीहरूले काम गर्नेबाहेक माथिल्लो जातिका मानिसहरू हिँड्ने बाटोमा समेत हिँड्न प्रतिबन्ध थियो । उनीहरूले माथिल्लो जातका मानिसहरूले प्रयोग गर्ने भाँडा, औजार र घरबाससमेत प्रयोग गर्न पाउँदैनथे । उनीहरूले छोएको पानी चल्दैनथ्यो । देशको संविधान र कानुनले प्रतिबन्ध गर्नुका बाबजुद यो प्रचलन नेपालमा अहिले पनि विद्यमान छ ।

## वितरण

असमान प्रकारको वितरणका कारण नेपालका दलित जातमा पारिएका जनताहरू अत्यन्त गरिब हुने गरेका हुन् । नेपालका केही भागहरूमा दलितको जीविका उनीहरूको समाजमा रहेका उच्च जातका मानिसहरूको वर्षभरिको काम गरेबापत आउने 'बाली' उठाएर गर्नुपर्थ्यो । यसप्रकारको काम गर्ने मानिसलाई 'बालीघरे' भनिन्थ्यो । जस्तो कि दमाईले वर्षभरि कपडा सिलाउने, कामीले आरनसँग सम्बन्धित कामहरू गर्ने, सार्कीले जुत्ता सिलाइदिनेजस्ता कामहरूका लागि बालीघरे राख्ने चलन थियो र उनीहरूको जीविका त्यसैबाट चलाउनुपर्थ्यो । दलित जातको मानिसले राम्रो उत्पादनशील जमिनमा आधिपत्य गर्न सक्दैनथ्यो किनकि राम्रो जमिनजति सबै उच्च जातका मानिसहरूले आफ्नो सम्पत्तिका रूपमा ग्रहण गरेका हुन्थे । यसरी नेपालको दलित जातका जनताको क्षेत्रमा वितरणप्रणाली हरेक क्षेत्रमा सभ्य समाजका लागि आपत्तिजनक थियो । यसप्रकारको उत्पीडनको अन्त्य गर्न नेपाका राजनीतिककर्मीहरू र समाजको प्रबुद्ध वर्गले समयअनुसार सङ्घर्ष गरेका थिए जसको परिणाम समयको परिवर्तन, समाजको रूपान्तरण र मानिसका चेतनामा आएका परिवर्तनहरूले तमाम प्रकारका सुधारका कामहरू बढ्दै आए ।

प्रजातान्त्रिक आन्दोलनका कारण समयसमयमा नेपालमा दलितका घाउहरूमा मलमपट्टी गर्ने प्रयत्नहरू बने तर देशमा आर्थिक आधार र राजनीतिक उपरिसंरचनामा आमूल परिवर्तन नगरीकन जुन ऐतिहासिक परिवेशमा उत्पीडन भएको थियो त्यसअनुसारको सामाजिक क्षतिपूर्ति पर्याप्त हुनसकेको छैन । यसप्रकारको समस्या समाधान गर्न नेपालमा सुधारका प्याकेजहरू बनाउने गरिएको छ । कतिपय सन्दर्भमा विशेष अधिकारको व्यवस्था गरिएको छ, संसद्मा समानुपातिक समावेशी, जागिर हरूमा कोटाअनुसारको प्राथमिकता गरिएको छ । सरकारमा सहभागिताको सुनिश्चितता गरिएको छ । सामाजिक जीवन व्यतित गर्न आरक्षणको व्यवस्था गरिएको पनि छ तर यसप्रकार गरिने व्यवस्थाले दलितमाथि थोपरिएको छुवाछूतको कलङ्कपूर्ण ऐतिहासिक विरासतको पहाड पन्छाउन सकेको छैन न त समग्र दलित जनताको आर्थिक एवम् राजनीतिक सुधार गर्न सकेको छ । यसप्रकारका सुधारहरूबाट केही दलित जातका व्यक्तिहरूले राजनीतिक सुविधा र सामाजिक सम्मान पाए पनि समग्र दलितमाथिको वर्णाश्रम व्यवस्थाबाट थोपरिएको मनोवैज्ञानिक उत्पीडनको अन्त्य हुनसकेको छैन । त्यसको विपरीत यसप्रकारको अर्थवादी नीतिहरूले केही दलित जातका मानिसलाई आर्थिक फाइदा बनाएको छ भने केहीमा सामाजिक क्रियाशीलता ल्याएको छ र अरू केहीलाई दलित हुनुमा गर्व गर्ने बनाएको छ तर समग्र दलित जनताको हालत कमजोर, अनिश्चित भविष्य, अपमानपूर्ण जीवन बनाउँदै लगेको छ । यसप्रकारको सुधारवादको अर्को जटिल र नकारात्मक उपज दलित जातको जरालाई अझ बलियो बनाउने काम गरेको छ ।

## अधिकार

दलितले प्राप्त गर्ने अधिकार के हुने भन्ने विषयमा बहसहरू उठिरहेका छन् । तमाम दलित अधिकारकर्मीहरू अर्थवादी नारा लिएर अगाडि आएका छन् जसबाट उनीहरूले व्यक्तिगत लाभबाहेक केही पनि प्राप्त गर्नसकेका छैनन र सक्ने पनि छैनन् । कैयौं सहस्राब्दीदेखि मनोवैज्ञानिक एवम् सांस्कृतिक, राजनीतिक एवम् सामाजिक र आर्थिक विरासतको पहाडले थिचिएको जात व्यवस्थामा बृहत् परिवर्तनबिना वास्तविक दलित मुक्ति सम्भव हुन सक्दैन । पुरानै प्रकारको राज्यव्यवस्थाले पुराना समस्याहरूको समाधान दिन सक्दैन । नयाँ प्रकारको समाधानका लागि नयाँ राजनीतिक व्यवस्था हुनु आवश्यक छ ।

दलितले प्राप्त गर्ने अधिकार के हुने भन्ने बहस नेपालमा मात्र होइन, नेपालभन्दा पहिले भारतमा चलेको थियो । यही बहसको परिणाम भारतमा अनेक प्रकारका आरक्षणहरू, विशेष अधिकारहरूको व्यवस्था गरिएको छ । भारतको दलित समस्या नेपालको जस्तो 'जात' समस्या मात्र नभएर जातीय समस्या हो र भारतमा त्यसप्रकारको जातिको स्वायत्त राज्यसमेत व्यवस्था गरिएको छ ।

नेपालका दलित मुक्ति अभियानकर्ताहरू रणनीतिक रूपमा समाजवाद आएपछि दलितका वास्तविक समस्या समाधान हुने कुरामा ढुक्क भए पनि तत्कालिक रूपमा के गर्ने र मुद्दा उठाउने भन्ने प्रश्न गरेका छन् । त्यही क्रममा उनीहरूले आरक्षणको व्यवस्था, सम्मानजनक जीवन व्यतित गर्न आर्थिक सहयोग, राजनीतिक एवम् सामाजिक क्षेत्रमा विशेष अधिकारजस्ता विषयहरूलाई उठाउने गरेका छन् । तर दलित मुक्तिका लागि भारतमा र नेपालमा चलेको दशकौँदेखिको आन्दोलनले, त्यो आन्दोलनबाट प्राप्त गरिएका विशेषाधिकार र सुधारका प्याकेजहरूले स्पष्ट गरेको विषय हो- क्रान्तिको उद्देश्यमा स्पष्ट नभईकन, आमूल परिवर्तनको प्रत्याभूत गर्ने क्रान्तिप्रति प्रतिबद्ध नभईकन गरिने सुधारको माग केवल अर्थवाद मात्र हुनसक्छ र त्योभन्दा बढी केही पनि हुन सक्दैन । यसप्रकारको अर्थवादले आन्दोलनमा संलग्न भएका केही मानिसको हकमा केही व्यक्तिगत फाइदा हुनसक्छ तर, समस्त समुदायमा यसले कुनै पनि सकारात्मक प्रभाव दिन सक्दैन । बरु यसले सर्वसाधारण अवस्थामा रहेका दलित समुदायलाई अर्थवादको प्रलोभनमा डुबाइदिन्छ जसको कारण दलित समुदाय विभाजित हुन पुग्छ ।

वैज्ञानिक समाजवादी मान्यतामा दलितको तत्कालिक नारा दीर्घकालिक कार्यदिशासँग जोडिएको हुनुपर्छ । जब हामी आमूल परिवर्तनका लागि रणनीतिक रूपले सामन्तवादले थोपरेको अपमानजनक 'जात' र दलित थरहरूको उन्मूलन गर्न चाहन्छौं, जब हामी समाजमा समस्त नागरिकको जस्तै स्वतन्त्रता र स्वाधीनता चाहन्छौं, जब हामी आफ्नो माथिल्लो जातमा रहेका परिवारहरूको जस्तै सामाजिक सम्मान चाहन्छौं भने निश्चित रूपमा तत्कालिक अभियान पनि त्यहीअनुरूपको हुनुपर्छ । त्यसकारण दलितहरूको तत्कालिक नारा दलित जात र थरहरूको उन्मूलन, गोत्रीय परिचयको पुनर्स्थापना, सामाजिक अन्तरघुलन र परिवार एवम् इष्टमित्रहरूसँगको आलिङ्गन हुनुपर्छ । यी कुराहरू प्राप्त गर्नका लागि ठूलो वैचारिक, राजनीतिक एवम् सामाजिक आन्दोलनको आवश्यकता हुन्छ । यी मागहरू कसैले दिएर पूरा हुनु भनेको बिशेषअधिकार दिनुजस्तै हो । यसको ऐतिहासिक रूपले स्थापित भएको सांस्कृतिक विरासत परिवर्तन गर्न आमूल परिवर्तन गर्ने क्रान्तिकारी रूपान्तरण र त्यो परिवर्तनका लागि नेतृत्वदायी भूमिकाबाट मात्र सम्भव हुनेछ । यसरी मात्र वास्तविक मुक्ति प्राप्त गर्न सकिनेछ ।

## सङ्घर्ष र क्रान्ति

नेपालको दलित समस्याको वास्तविक समाधान त्यति बेला मात्र सम्भव हुनेछ जब कैयौं सहस्राब्दीदेखि चल्दै आएको संस्कृति, मनोविज्ञान पूर्ण रूपले परिवर्तन हुन सक्नेछ । यसप्रकारको सांस्कृतिक र मनोवैज्ञानिक परिवर्तन त्यति बेला मात्र सम्भव हुनेछ जतिबेला देशमा बृहत् प्रकारले राजनीतिक व्यवस्थामा परिवर्तन आउनेछ, त्यसअनुसारको आर्थिक आधार तयार हुनेछ ।

यसप्रकारको मनोविज्ञान केवल वर्णाश्रम व्यवस्थाको उन्मूलनबाट मात्र सम्भव हुनेछ । नेपालको वर्णाश्रम व्यवस्था खासगरी आर्य र द्रविड मूलका मानिसहरूमा रहेको छ । मङ्गोल मूलका मानिसमा जातप्रथा थिएन, बरु आर्य मूलका मानिसबाट देखासिकी गरिएको थियो । वर्णाश्रम व्यवस्थाको उन्मूलन गर्नका लागि पहिलो काम दलित जातका मानिसहरूमा एउटा बृहत् विद्रोह हुनु आवश्यक हुनेछ । यसप्रकारको विद्रोहले पहिले दलित जातको उन्मूलन गर्नेछ र त्यसपछि वर्णाश्रम व्यवस्थाको उन्मूलन गर्नेछ । दलित जात व्यवस्थाको उन्मूलन गर्ने विद्रोहका लागि दलितको अवस्थामा पुऱ्याइएका मानिसले कथित अपहेलनाको थरबाट होइन, आफ्नो गोत्रबाट परिचय दिने गर्नुपर्छ किनभने नेपालमा एउटै गोत्रका मानिसहरू ब्राह्मण, क्षेत्री, खत्री, थापा, दमाई, कामी, सार्कीलगायत विभिन्न थरहरूमा परिचय पाइन्छ । एउटै गोत्रभित्रको यो विभेद विगतका शासकहरूबाट लादिएको अन्यायपूर्ण अपहेलनाको परिचय हो, नेपालको निकृष्ट कुसंस्कृति हो र यसप्रकारका परिचय दिने थरहरू मानिसका अपमानजनक पदवीहरू हुन् । यी पदवीको अन्त्य गर्नु स्वाभिमान, स्वाधीनता र आत्मसम्मानका लागि आवश्यक कदम हुन्छन् । केबल यो अभियानले राजनीतिक क्रान्ति र आर्थिक उन्नतिसँगै सांस्कृतिक र मनोवैज्ञानिक परिवर्तन ल्याउन सक्नेछ । हामीले सामन्तवादले थोपरेको सामाजिक अपमान परित्याग गर्न सकेनौँ भने निश्चित रूपले क्रान्ति भयो र आर्थिक समृद्धि भयो भने पनि सामाजिक र मनोवैज्ञानिक रूपमा दलित थरहरूले आत्मसम्मान पाउन सक्ने छैनन् किनभने दलित थरको निरन्तरता पुरानो संस्कार, संस्कृति र मनोविज्ञानको निरन्तरता हुनेछ ।

भारतमा दलित प्रथाको सङ्क्षिप्त सिंहावलोकन

नेपालमा दलित जातको अवधारणा भारतबाट प्रवेश गरेको कुरा प्रस्टै छ । तर भारतमा दलित जात जसरी स्थापित भयो त्यो नेपालको भन्दा छुट्टै प्रकारको इतिहास भएको पाइन्छ । भारतमा दलित जातको कथा देवता र राक्षसबीचको सङ्घर्षदेखि स्थापित भएको इतिहासकार बताउँछन् । उत्तर युरोपबाट हजारौं वर्षको यात्रा पार गरेर भारत पसेका आर्यहरू र भारत उपमहाद्वीपमा बसोबास गरेका आदिवासीहरू देवता र राक्षसका रूपमा विकास भए । आर्यहरू नयाँ प्रकारको कृषि उत्पादन, पशुपालन र जमिनको उपभोग गर्ने भएको कारण प्रकृतिका विरुद्ध बढी आक्रामक थिए र द्रविडहरू प्रकृतिका रक्षक थिए । आर्यहरूले भारतमा प्रवेश गरेदेखि नै आर्य र अनार्यबीचको युद्ध प्रकृतिको दोहन गर्ने र रक्षा गर्नेबीचको युद्ध थियो । प्रकृतिका रक्षक भएका कारण अनार्य द्रविडहरूलाई कालान्तरमा राक्षस भनेको पाइन्छ । आर्यहरूले आफूलाई देवता बनाए भने भारतीय भूमिको रक्षा गर्ने द्रविडहरू राक्षसका रूपमा चित्रित गरिए । आर्य र अनार्यका बीचको लडाइँमा आदिवासी भारतीयहरू पराजित हुँदै गए । आर्यहरूको बोलवाला बढ्दै गयो । त्यसका साथै भाषा, संस्कृति, रहनसहन भिन्न तरिकाले विकास हुन थाल्यो । ल्याटिन, क्याल्टिक, आर्मेनियन, अल्बानियन, अरेबिक र संस्कृत गरी विकास भएका भारोपेली परिवारका भाषाहरूमा यस क्षेत्रमा संस्कृत भाषा विकास भयो । संस्कृत भाषाको विकाससँगै आर्य संस्कृतिको पनि विकास हुँदै गयो ।

जसरी भाषा र संस्कृतिको विकास हुँदै गयो त्यसको प्रभावस्वरूप समाजमा प्रकृतिको दोहन अरू व्यापक बन्दै गएको देखिन्छ । यसप्रकारको दोहनको कारण समाजमा अरू सङ्घर्षहरू, युद्धहरू हुन पुगेको देखिन्छ । त्यही युद्धको प्रक्रियामा युद्धमा पराजित मानिसलाई दलितका रूपमा, दासका रूपमा र अछूत जातिका रूपमा व्यवहार गरेको पाइन्छ । यसरी युद्धमा पराजित भएको भारतको आदिवासी जाति भारतमा दलित भएको ऐतिहासिक तथ्यहरूले बताउँछ । यस क्षेत्रमा ब्राह्मण, क्षेत्री, वैश्य, दलितको सामाजिक विकास उत्कर्षमा पुगेको समयमा हिन्दु दार्शनिक मनुले ब्राह्मण शिरबाट, क्षेत्री बाहुबाट, वैश्य उदर (पेट) बाट र शूद्र पाउ (पैताला) बाट उत्पत्ति भएको संश्लेषण गरेका थिए । त्यो समय भनेको जात प्रथा विकास र सामाजिक स्थिरताको समय मानिन्छ ।

आर्यहरूबाट पराजित भारतको दलित जाति (भारतको सन्दर्भमा यो जात नभएर जाति नै देखापर्छ) कैयौं सहस्राब्दीदेखि आर्यहरूबाट दमित हुँदै आयो । यो अछूतपन भारतमा एउटा संस्कृति, सभ्यता, रहनसहन, सामाजिक परिपाटी र समस्त मानिसको मनोविज्ञान बन्यो । यही परिपाटीलाई अहिले पनि भारतीय सभ्यता भनिन्छ ।

भारतको दलित जाति त्यतिबेला पनि सबैभन्दा बढी उत्पीडनमा पऱ्यो जतिबेला भारतमा मुगलहरूको आक्रमण भयो । मुगल सम्राट्सँग भारतीय आर्यहरूले सहकार्य गरे र दलित जातिमाथि उत्पीडन, अत्याचार गर्दै आए । यो क्रम त्यतिबेला पनि कायम रह्यो जतिबेला भारतमा अङ्ग्रेजहरूले शासन गरे । समाजको सबै अवस्थामा भारतको आदिवासी जनताले दलितका रूपमा प्रताडना खेप्दै आएको छ ।

भारतीय समाजमा दलित र गैरदलित (ठाकुर) बीचको सङ्घर्ष निरन्तर चलिरह्यो । तर हरेक सङ्घर्षमा दलित जातिको पराजय हुनुको कारण यसको गौरवशाली इतिहास कहिल्यै बनेन र दलित जातले आफू दमित हुनुपरेको अवस्थाका विरुद्ध गरेको प्रतिरोधको हिसाबसमेत समाजमा स्थापित हुन सकेन । परिणामस्वरूप जसरी दलित वा शूद्र जात हुनका लागि न्यायोचित आधार ९मष्लतषष्भम दबकभ० अन्यायपूर्ण पराजयमा खडा भयो, त्यसको विपरीत दलित जातको सङ्घर्षमा गौरवशाली इतिहास (glorified history) स्थापित हुन सकेन ।

## दलितप्रति सामाजिक सुधार

भारतमा दलित मुक्तिको अभियान भारतको स्वतन्त्रतापछि तीव्रता पाएको देखिन्छ । योजनाबद्ध तरिकाले सरकारी निकाय, रोजगारी, सामाजिक सम्मानका क्षेत्रहरूमा राज्यबाट दलितहरूप्रति औपचारिक सम्मान र सहानुभूति प्रत्याभूत गरेको देखाउने गरिएको छ । राजनीतिक क्षेत्रमा दलित, मुस्लिमहरूबाट महत्वपूर्ण पदहरू समालेको पनि अवस्था छ । यही प्रक्रियामा डा अम्बेडकर, कासीराम, मायावती, कोविन्दजस्ता दलितहरूलाई राज्यको सम्मानित स्थानमा पुऱ्याइएको हो । यसरी सरकारी ओहोदामा, कर्मचारी क्षेत्रमा, व्यापार तथा उद्योगका क्षेत्रमा दलित जातिलाई राम्रो स्थान दिए पनि भारतमा दलितप्रतिको दृष्टिकोण कहिल्यै पनि सुधन सकेको छैन । सम्मानित पदमा पुगेकाहरूको सम्मान दलितको भन्दा बेग्लै छ, उनीहरूलाई दलितका रूपमा हेरिने दृष्टिकोणमा कुनै फरक परेको देखिँदैन, उनीहरूप्रतिको सम्मान केवल पदको सम्मानसँग जोडिएको हुन्छ ।

यसको खास कारण त्यही हो- भारतमा दलितका लागि सांस्कृतिक एवम् मनोवैज्ञानिक रूपमा उत्पीडन रहेको छ । त्यहाँको सरकारले बाहिरबाट जतिसुकै प्रयत्न गरे पनि वास्तविक अर्थमा दलितको मुक्ति हुनसकेको छैन र दलित समुदायका जनताको अवस्था ठाकुरलगायत अन्य जनताको अवस्थाभन्दा बिल्कुल फरक रहेको छ । उनीहरूमा गरिबी व्याप्त छ, अशिक्षा बढी छ र सांस्कृतिक रूपमा अत्यन्त उत्पीडनमा रहनु परेको छ ।

भारतमा दलित मुक्तिका लागि जे विधि अपनाइएको छ त्यसले दलितका रूपमा अछूत जातको अन्त्य गर्दैन, बरु त्यो व्यवस्थाले दलित हुनुको मोहलाई अझ प्रगाढ बनाएको हुन्छ । भारतमा जुन प्रकारले अर्थवादी व्यवस्था गरिएको छ, जुन प्रकारले दलित भएको कारण आरक्षण र अन्य सामान्य सुधारका अधिकारहरू दिइएको छ त्यसले सामाजिक रूपमा एकातिर दलित र गैरदलितबीचको दूरीलाई अझ फराकिलो बनाएको छ र अर्कोतिर दलित हुनुको कलङ्कको अन्त्यतिर होइन, समस्त जनताको क्षेत्रमा नुन-तेलजस्ता सामान्यभन्दा सामान्य सुविधाका लागि दलित हुनुमा गर्व गर्ने र प्रतिस्पर्धा गर्ने परिपाटी विकास भएको छ । यसप्रकारको चेतनाले दलितको अन्त्य गर्न सक्दैन र दलितमाथि हुने सामाजिक एवम् सांस्कृतिक उत्पीडनको पनि अन्त्य गर्न सक्दैन ।

## दलित उन्मुक्तिका लागि कार्यनीति

भारतमा दलितहरूका लागि जुन प्रकारले आरक्षणको व्यवस्था गरिएको छ नेपालमा पनि राजनीतिककर्मीहरू, सामाजिक अभियन्ता, दलितको मुक्तिका लागि सङ्घर्षरत संस्थाहरूले त्यही नीति लागू गर्न माग गरेको पाइन्छ । वास्तविक समस्या समाधान नभईकन सुधारले समस्या समाधान हुन सक्दैन भन्ने कुरा भारतको उदाहरण नै पर्याप्त छ । भारतमा संविधान निर्माताहेखि मुख्यमन्त्री, मन्त्री र राष्ट्रपतिसम्म दलितबाट बनेका छन् । वैज्ञानिकहरूदेखि व्यापारीहरू र उद्योगपतिसम्म दलितबाट पुगेका पनि छन् । त्यो केवल उनीहरूको व्यक्तिगत संयोग मात्र हुने गरेको छ तर समग्र जनतामा त्यसले कुनै पनि न प्रभाव परेको पाइन्छ, न कुनै परिवर्तन ल्याएको हुन्छ । केही दलितहरू सुविधा सम्पन्न जीवन पनि बिताउँछन् तर त्यसले समग्र दलितमा कुनै सकारात्मक प्रभाव पारेको छैन । यसप्रकारको प्रयत्नका बाबजुद ताजुबको कुरा त के छ भने भारतमा लागू गरिएको आरक्षण तथा विशेषअधिकारका विषयहरूले मानिसलाई दलितजस्तो अपहेलित जातप्रति गर्व गर्ने बनाउँदै लगेको छ र सामाजिक समानता र प्रतिष्ठाका लागि आवश्यक पर्ने आमूल परिवर्तनका लागि नकारात्मक बनाउने वातावरण पैदा गरेको छ ।

दलित उन्मुक्तिका लागि भनेर नेपालमा पनि त्यही प्रकारको कार्यनीति प्रयोग भइरहेको हामी देख्छौं । तर यसप्रकारको कार्यनीतिले न दलितको मुक्ति हुनसक्छ, न त क्रान्तिकारी आन्दोलन नै । यसले केवल अर्थवाद, सुधारवाद तथा पराधीनतालाई प्रश्रय दिन्छ ।

## भारतको दलित समस्या समाधानको विषय

भारतमा दलित समस्या समाधान गर्नका लागि पहिलो सर्त त्यहाँका दलित जनसमुदाय, दलित मुक्तिका लागि सङ्घर्ष गर्ने सङ्घसस्था र व्यक्तिहरूले के कुरामा ध्यान दिन आवश्यक छ भने कैयौं सहस्राब्दीदेखि जुन प्रकारले त्यहाँका ठाकुर तथा चौधरीबाट दलितमाथि युद्धमा पराजित गर्दै उत्पीडनमा परियो र उत्पीडन भारतीय सांस्कृतिक धरोहर र इतिहासका रूपमा स्थापित भयो । त्यो सांस्कृतिक विरासत र इतिहास पूर्ण रूपले नउल्टँदासम्म उत्पीडनको

... बाँकी पृष्ठ ७ मा

वर्ष ७, अङ्क ४, पूर्णाङ्क २७४
रातो खबर साप्ताहिक

# महासचिव कमरेड विप्लवको राजनीतिक भेटघाट र यसका तरङ्ग


असल क्षेत्री

> qmflGtsf/L g]t[j ljrf/ / kf6L{ agf qmflGt / kl/jt{gsf]s'/f ;Dej s'/f xf]g . PSsfO{;f}F ztfAbLdf lj1fg / k|ljlwnfO{ ;xL 9ª\un]a'em]sf] g]t[j / Psls[t qmflGtsf]ljrf/n]dfq clxn]sf] ;+bLo Joj:yfsf]ljsNk lbg;S5 . Tof]eg]sf]j}1flgs ;dfhjfb xf]. o;df xfd|f] kf6L{ g]t[j k|6 5 . o;af6 sf]xL klg cfz°lst xg'xb}g . ls cGw lj/f]w ug]{ls cGw ;dy{g ug{]k'/fgf]uPuh|]sf]:shnfO{eTsfP/ /rgfTds aGg'cfhsf]qmflGtsf]cfjZostf xf]. xfd|f nIox¿nfO{c;Dej / ;b'/eljiosf]ljifo gagfP/ pHHjn / ;Gb/ eljiosf];Gb/ ;kgf;lxt ;a}qmflGtsf/Lx¿ Psl9Ssf xg]xf]eg]j}1flgs ;dfhjfb xfd|}cufl8 5, ;Dej 5 .

राजनीतिमा भेटघाट, छलफल सबै शक्ति वा व्यक्तिसँग सामान्य मानिन्छ । गर्न आवश्यक पनि हुन्छ । क्रान्तिकारी पार्टीले झन् आफ्ना योजना र कार्यक्रमहरूलाई सही रूपमा लागू गर्न र ती आफ्ना क्रान्तिकारी योजनाहरूमा अरू राजनीतिक पार्टी वा व्यक्तिहरूलाई समाहित बनाउन वा परिचालन गर्न छलफल, विचार-विमर्शहरू गर्ने गरिन्छ । यो कुनै नौलो कुरा हैन । सबै शक्तिहरूलाई क्रान्तिविरोधी बनाउनु राजनीतिक सिद्धान्तका आधारमा पनि गलत ठानिन्छ । दुस्मनलाई सकभर एक्ल्याउनुपर्छ । दुस्मनको शक्तिलाई पनि आपनो कित्तामा पार्नुलाई सफलता मानिन्छ । युद्धनीतिसँगै र राजनीतिक विज्ञानमा पनि यो लागू हुन्छ । यही आधारमा नै अहिलेका भेटघाट भएका हुन् ।

भेटघाट कुनै अपवित्र उद्देश्य राखेर गरियो वा क्रान्ति आन्दोलन र राष्ट्रिय हितको महत्वलाई अगाडि बढाउने पवित्र चाहनाले अग्रसर रहेर गरिएको हो, यो प्रश्न नै सर्वाधिक महत्वको रहने गर्छ । सारमा भन्दा अहिले नेपाल कम्युनिस्ट पार्टीका महासचिव कमरेड विप्लवले गरेको राजनीतिक पार्टीका नेताहरूसँगको भेट देश, जनता र राष्ट्रलाई केन्द्रमा राखेर गरिएको पवित्र भेट हो भनेर सजिलै बुझ्न सकिन्छ । यो प्रचण्डले २०६३ ०६४ तिर गरेको भेटजस्तो हैन, कुनै कोणबाट पनि यो भेटलाई त्यसरी बुझ्न सकिँदैन, बुझ्नु हुँदैन पनि । यो एकीकृत जनक्रान्तिको विचार र अहिले निर्माण गरिएको प्रगतिशील संयुक्त सरकार, जनमतसङ्ग्रहको कार्यनीतिअनुरूप पार्टीले निर्णय गरेर गरिएको भेटघाट र छलफल हो । पार्टीहरूले देश, जनता र राष्ट्रहितका विषयमा के सोचिरहेका छन् ? राजनीतिक अस्थिरता र संसदीय प्रणाली असफल भै अदालतका निर्णयहरूले देश सञ्चालन हुने स्थितिमा अहिलेका राजनीतिक पार्टीहरूको बुझाइ र नियति बुझ्नु पनि जरुरी थियो । नेकपाले राज्यसँग गरेको तीनबुँदे सहमतिको कार्यान्वयनमा सरकार बदलिएर बनेको सरकार र त्यससँग संबन्धित राजनीतिक नेताहरूको बुझाइ र त्यसको कार्यान्वयनको विषय पनि कम महत्वको विषय हैन । तीनबुँदे सहमति कुनै राजनीतिक शक्ति वा व्यक्तिसँग नभएर राज्यसँग गरिएको विषय भएको हुनाले त्यसको स्वामित्व पनि अहिले बनेको सरकारले लेओस् भन्ने चाहनासहित यो भेटघाट जुरेको हो ।

## भेटघाटमा के भयो ?

नेपाल कम्युनिस्ट पार्टीसँग तीनबुँदे सहमति गर्दाको सरकार ढलेको छ । तीनबुँदे सहमति कार्यान्वयन नगरेर वा गर्न नचाहेर सरकार ढलेको हुनाले पार्टीले अर्को सरकार र सरकारसँग सम्बन्धित राजनीतिक नेताहरूसँग भेट भएको हो । तर यति मात्रले भेट जुरेको बुझ्नु हुँदैन । पार्टीले जनमतसङ्ग्रह र प्रगतिशील संयुक्त सरकारको एजेन्डा लिएर सबैसँग बहस र छलफल गर्ने र सकभर आफ्नो कार्यनीतिमा सबैलाई सहमत बनाउने उद्देश्य लिएको छ । यो उद्देश्य लिनु स्वाभाविक नै छ । नेकपा एक्लैले चाहेर मात्र जनमतसङ्ग्रह हुने कुरा पनि हैन ।

पहिलो भेट माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालबाट नै जुऱ्यो । यो एउटा संयोगको कुरा मात्र हो । भेट अनिवार्य पनि थियो । विप्लव कमरेडले पार्टी निर्माण गरेपछि भेटको अवसर जुरेको थिएन । भेट नभएको पनि करिब एक दशक भैसकेको थियो । भेट विशुद्ध राजनीतिक उद्देश्यसहितको भए पनि वातावरण अलि भावनात्मक पनि बन्न पुग्नु स्वाभाविक नै हो । क. विप्लव र प्रचण्ड जनयुद्धमा सँगै हुँदा एउटै परिवारजस्तो गरेर रहेको कारणले पनि हुनुपर्दछ वातावरण अलि विप्लवप्रतिको अपेक्षासहितको भावनात्मक बन्न पुग्यो । अर्को कुरा सीता दाहालको स्वास्थ्यस्थिति र क. विप्लवलाई अँगालो हालेर सद्भावपूर्ण स्नेह र उनको शारीरिक अवस्थाले झन् सबैलाई उद्वेलित र भावुक बनायो । प्रचण्डको राजनीतिक स्खलनले पैदा गरेको असन्तुष्टिले गर्दा केही तरङ्गर आक्रोश पनि पैदा हुन्थ्यो । जनयुद्धमा जस्तो प्रचण्डमा कुनै उत्साह देखिन्नथ्यो । यो पङ्क्तिकार पनि आफैँ त्यसको प्रत्यक्षदर्शी भएको र यो सब आफ्नै अगाडि देखेको घटना र वातावरण भएकाले यो कुनै बनावटी कुरा भएन । प्रचण्डमा पश्चाताप भएको पनि हुनुपर्छ । आत्मग्लानिले घर गरेको हुनुपर्छ । राजनीतिक, सामाजिक अवस्था, नेकपाले निर्माण गरेको कार्यदिशा, अहिले असफल सिद्ध बन्दै गएको संसदीय व्यवस्था र त्यसले नेपाली राजनीतिमा निम्त्याएका जटिलताहरूका साथै त्यसको समाधानका विषयमा क्रान्तिकारी दृष्टिकोण महासचिव कमरेडले प्रस्तुत गर्दा उद्वेलना र भावुक प्रचण्डको भावाकृति हेर्नलायक थियो र सुन्नलायक विषय बनेको छ । जनयुद्धका कुशल क्रान्तिकारी सर्वोच्च कमान्डरको विसर्जन र क्रान्तिप्रतिको धोकाले उनको राजनीतिक जीवन नै सखाप बनाएको छ । भावनात्मक रूपमा कहिलेकहीँ धेरै पीडाको विषय पनि बन्ने गरेको छ ।

क्रान्तिकारी राजनीतिका सबै अवशेषहरूसमेत मेटाउँदै संसदीय राजनीतिका चतुर खेलाडीमा अब्बल देखिन तल्लीन प्रचण्ड र क्रान्तिकारी आन्दोलनका अहिलेका नायक विप्लवबीचको भेटवार्ता बाहिर र भित्र पनि अलि बढी चर्चा र चासोको विषय बन्न पुग्यो । भेटका उद्देश्यहरूबारे चर्चा गरिसकिएको छ, यसबारे खास चर्चा नगरौँ । भेटले निम्त्याएका केही महत्वपूर्ण प्रश्नहरू के थिए भन्ने चर्चा गर्नु अहिले सान्दर्भिक होला ।

## सकारात्मक कुरा

सबै राजनीतिक पार्टीका प्रमुख र सरकारसमेत हाम्रा कुराहरूप्रति सकारात्मक रहनु । पहिलो सरकारसँग भएका सहमति कार्यान्वयनमा प्रतिबद्ध रहेको कुरा र छिट्टै लागू गर्ने वचनबद्धता गर्नु सकारात्मक पक्ष हो । आशा छ तीनबुँदे सहमति छिट्टै कार्यान्वयन हुनेछ । हाम्रा बन्दी साथीहरू सबै छुट्नेछन् । सबै मुद्दाहरू खारेज हुनेछन् ।

भेटले क्रान्तिकारी मनोविज्ञान र माओवादी आन्दोलनबाट आएको शक्तिलाई आशा जगाएको छ । यो सकारात्मक कुरा नै हो । पार्टी एकता कार्यगत एकता माओवादी आन्दोलन र सिङ्गै कम्युनिस्ट आन्दोलन निराशाको भुमरीमा रहेकाले यसले अब कतै क्रान्तिकारी आन्दोलनको एकताको सूत्र नै पो भेटाउँछ कि भन्ने सामान्य मनोविज्ञान वनेको छ । यसलाई नकारात्मक रूपमा व्याख्या गर्नु हुँदैन र सकिँदैन । क्रान्तिप्रति विश्वास रहेका तर पुरानै नेतालाई छोड्न नसकेका कतिपय कमजोर मनोबल बनाएर बसेका नेता-कार्यकर्तामा मनोबल भर्ने गरेको छ । उच्च मनोबल गरेका क्रान्तिकारी शक्तिले अहिले भिजेको बिरालोजस्तो जिउनुपरेको पीडामा सामान्य तापको काम गरेको छ । प्रचण्डको क्रान्तिकारी रूपान्तरण हुने हो भने नेपालको माओवादी आन्दोलनले पुनः आशाको दियो भर्नसक्ने सपना बुनेर बसेको शक्ति जुर्मुराउन खोजेको देखिन्छ तर प्रचण्ड रूपान्तरण हुने सम्भावना कमजोर छ । अर्को ओली सरकार रहँदा नेकपासँग गरिएको तीनबुँदे सहमतिको स्वामित्व यो सरकारले ग्रहण गर्ने तहमा प्रचण्ड सकारात्मक रहनु कार्यान्वयन गर्ने तहमा पुऱ्याउन प्रतिबद्धता र वचनबद्धता जाहेर गर्ने विषय पनि सकारात्मक विषय नै हो ।

वर्तमान राजनीतिमा देखिएको अस्थिरता, अन्योल र संसदीय व्यवस्था असफल भएको कुरामा प्रचण्ड पनि विश्वस्त (कन्भिन्स) हुनु राम्रो कुरा हो । अहिलेको व्यवस्थाको समाधानका रूपमा नेकपाले अगाडि सारेको कार्यनीतिक नारा संयुक्त प्रगतिशील सरकार र जनमतसङ्ग्रहका विषयमा चासो, जिज्ञासा र आशावादी बन्नु ।

## भेटले उठाएका केही नकारात्मक प्रश्न र प्रभावहरू

भेटले केही शक्ति र व्यक्तिमा प्रश्नहरू उठाएको छ । यो स्वाभाविक पनि होला । आज नेपालको क्रान्तिकारी आन्दोलन वा पङ्क्ति अगुल्टोले हानेको कुकुर बिजुली देख्दा तर्सन्छ भनेझैँ भएको छ । प्रचण्डसँग भेट्दा पनि त्यस्ता कयौँ प्रश्नहरू उठ्ने गरेका छन् । प्रचण्डको चास्नीमा डुब्नु हुँदैन, बरु एक्लै भएर पनि क्रान्तिको यात्रालाई अगाडि बढाउनुपर्छ भन्ने सदाशयताले यस्ता प्रश्नहरू उठ्नुलाई अस्वाभाविक ठान्नु हुँदैन । प्रचण्डले विगतमा क्रान्ति, देश र जनतालाई दिएको धोकाका कारण पनि यो वातावरण बनेको हुनुपर्छ । सामान्य पश्चातापलाई मात्र जनता र क्रान्तिकारीहरूले बिश्वास गर्नसक्ने वातावरण बन्न कठिन त छ नै तर पनि रूपान्तरण र परिवर्तन गर्न कोसिस गरिरहनु क्रान्तिकारीहरूको दायित्व हो । क्रान्तिकारी पङ्क्ति त्यति सङ्कीर्ण पनि बन्नु हुँदैन । क्रान्तिकारीहरूले ठूलो दिल बनाएर सबै पङ्क्तिसँग बहस र छलफल गर्नु अनिवार्य छ । पछाडि फर्किएको प्रचण्ड प्रवृत्तिले अबको क्रान्तिलाई अगाडि बढाउने भने हैन । क्रान्तिविरोधी शक्तिका रूपमा नरहोस् भनेर भेटिएको मात्र हो, त्योभन्दा माथिबाट यसको अर्थ खोज्नु हुँदैन । जनयुद्धका सपनाहरूबाट भागेर, थाकेर प्रतिक्रियावादीहरूको पोल्टामा आफ्नो निजी स्वार्थपूर्ण जीवनको भिक माग्ने प्रचण्ड प्रवृत्तिलाई धेरै विश्वास गरेर भेटिएको वा क्रान्तिकारी, बडेमानको नेता र एकताको उद्देश्य लिएर भेटिएको तर्क गर्न सुहाउँदैन । हो, हामी जनयुद्धमा सँगै लडेको इतिहास र भावना छ । भावनाले क्रान्ति हुने हैन । क्रान्ति त क्रान्तिकारी दृष्टिकोणसहित निर्माण भएको सही नेतृत्व अनि विचारले मात्र गर्न सम्भव छ । यो हाम्रो पार्टी र नेतृत्वमा प्रस्ट देखिन्छ । कतिपय शक्ति र व्यक्ति यो भेटबाट धेरै आतङ्कित र भयभीत भएको पनि देखियो । यसो हुन जरुरी छैन । साम्राज्यवादी, दलाल र प्रतिक्रियावादीहरू भेटपछि कतै बृहत् कम्युनिस्ट एकता भयो र जनमतसङ्ग्रहबाट वैज्ञानिक समाजवादी व्यवस्था आउने भयो भने त अप्ठ्यारो पर्न सक्छ, आफ्नो राज ढल्न सक्छ भनेर आतङ्कितसम्म भएको देखियो भने कतिपय क्रान्तिकारी भनिनेहरूमा समेत सङ्कीर्ण मन बनाएर आशङ्का ब्यक्त गरेको समेत सुनियो । क्रान्तिकारी साँघुरोपनले मात्र क्रान्ति हुन र गर्न सम्भव छैन । क्रान्तिकारीहरूको बृहत् शक्तिशाली मोर्चा नबनाएर एक्लै गरिने र हुने चीज हैन क्रान्ति । इतिहासमा हामीले पढ्ने गरेका छौँ- लेनिनले जर्मनीसँग सम्झौता गर्दा आफ्नो भूमिसमेत छोड्नुपरेको थियो । लेनिनलाई कतिपयले राष्ट्रघातीसमेत भनेका थिए । माओले छुङकिङ वार्तामा आफ्नो सेनाको नाम नै बदल्नुपरेको थियो र कतिपय जनसत्ता र सेनाको कटौती गर्नुपरेको थियो । वार्ताहरूमा लेनदेन हुन्छ, तलमाथि पनि हुन सक्छ तर अहिले हामीले गरेको छलफल मात्र हो । वार्ताहरू पनि हुन सक्छन् । वार्ता गर्दा यस्तो त हुन्छ नै तर हामीले अहिले छलफल मात्र गर्दा धेरै आशङ्कित र भयभीत हुनु पर्दैन । क्रान्तिकारीहरू पराजित हुने गरी विचारको विसर्जन र उपलब्धिहरू गुम्ने गरी कुनै पनि सम्झौता हुनेछैन भनेर नेतृत्वले धेरैपटक प्रस्ट पारिसकेको छ । यसमा धेरै आशङ्कित हुनुपर्ने कारणहरू देखिँदैन तर पनि सुझाव र खबरदारीका रूपमा व्यक्त भएका कुराहरू पार्टी र नेतृत्वले सकारात्मक रूपमा नै ग्रहण गर्नेछ ।

प्रचण्डदेखि माधव नेपाल, बाबुराम भट्टराई, मोहन वैद्य 'किरण', केपी ओली हुँदै जनार्दन र महरासम्मको भेट र छलफलले क्रान्ति, परिवर्तन र नेकपाले गरेको विश्लेषणलाई सही साबित गरेको छ । उहाँहरू सबैको अहिलेको परिस्थितिप्रतिको असन्तुष्टि र अकर्मण्यता क्रान्तिका निम्ति ऊर्जा साबित हुने सम्भावना बढेको छ । संसद्वादमा नै बसेर संसदीय व्यवस्थाप्रतिको असहमतिले जनमतसङ्ग्रहको कार्यनीति अप्रत्यक्ष रूपमा भए पनि सबैको दिमागमा घुस्न सफल भएको छ । जनमतसङ्ग्रहको नेकपाको नारा वैज्ञानिक हो भन्ने प्रमाणित हुँदै गएको छ । भेटघाट र छलफलले क्रान्तिको अनिवार्यता र अहिले नेकपाले भन्दै आएको नाराको प्रचार जनजनको दिमागमा पुगेको छ । यसले के पुष्टि गर्दछ भने नेकपाले भन्दै आएको वैज्ञानिक समाजवाद र क्रान्तिको नयाँ मोडेल सही र वैज्ञानिक रहेको कुरा प्रमाणित गर्दै गएको छ । दलाल संसदीय पुँजीवादी व्यवस्था धराशयी हुँदै असफल सिद्ध भएको छ । दलाल संसदीय व्यवस्थाको समाप्तिमा मात्र वैज्ञानिक समाजवादको जीवन छ । संसद्वाद रहँदासम्म नेपाली श्रमिक जनताले न अधिकार प्राप्त गर्छन्, न मुक्ति नै सम्भव छ ।

अन्त्यमा, हाम्रा कतिपय नजिकका शक्ति र व्यक्तिहरूले पनि हाम्रा छलफल, बहस र हाम्रा नाराप्रति आशङ्कासहितको बहस गर्न चाहेको देखियो । यसलाई सकारात्मक रूपमा नै ग्रहण र बहस गर्न हाम्रो पार्टी तयार छ । कार्यनीतिहरू छिनछिनमा परिवर्तन हुन सक्छन् । क्रान्तिकारीहरूका नारा हावामा उड्ने खालका मात्र बनाउने तर जनताको दैनिकीसम्म नपुग्ने बनाउनु हुँदैन । क्रान्तिकारीहरूले जमिनलाई शक्तिशाली ढङ्गले पकडेको हुनुपर्छ । मार्क्सवादका अक्षर नै परिवर्तन गर्नु हुँदैन, सकिँदैन भन्ने जडसूत्रीय मनोविज्ञानवाट आजको क्रान्तिको नेतृत्व र बहस गर्न सम्भव छैन । मालेमाका आधारभूत सिद्धान्तमा टेकेर आजको समाजको विश्लेषण र दृष्टिकोणहरूको निर्माण गर्नु पर्दछ । नेपालका सबै राजनीतिक पार्टीका प्रमुखहरू र केही बौद्धिक भेटहरूले के देखायो र अन्तिम र सत्य-निष्कर्ष के हो भने अहिलेको संसदीय व्यवस्था पूर्णतः असफल र बदनाम भैसकेको छ । यो व्यवहारमा नै प्रस्ट भैसकेको कुरा हो । जति नै टालटुल पारे पनि यो व्यवस्थाले आमश्रमिक जनताको अधिकार र परिवर्तनको आकाङ्क्षालाई पूरा गर्न सक्दैन । जनताको समस्याको सामाधान केवल समाजवादी व्यवस्थाले मात्र गर्न सम्भव छ । जनताको आमूल परिवर्तनको आकाङ्क्षालाई पूरा गर्न र वैज्ञानिक समाजवादी सत्ता स्थापना गर्न क्रान्ति नै अन्तिम अस्त्र हो । क्रान्ति नै अन्तिम सत्य हो । अहिलेको क्रान्तिको प्रयोग प्रगतिशील संयुक्त सरकार र जनमतसङ्ग्रहको नाराबाट व्यक्त भैरहेको छ । सबैखाले प्रयोगहरूलाई रचनात्मक र सिर्जनात्मक रूपमा प्रयोग गर्नुपर्छ । भ्रष्टाचार र दलालीको दलदलमा फसेका कथित नामधारी कम्युनिस्टहरूवाट पनि धेरै ठुलो अपेक्षा गर्नु हुँदैन तर भ्रमबस वा भुलबस रहेका त्यहाँभित्रको क्रान्तिकारी पङ्क्तिलाई एकताबद्ध र ध्रुवीकृत गर्दै लैजाने र क्रान्तिकारीहरूको दायरालाई विशाल बनाउने अभियानलाई क्रान्तिकारी पङ्क्तिले प्राथमिकतामा राखिराख्नुपर्छ । क्रान्तिकारी कार्यदिशा र नेतृत्वमा कुनै पनि सम्झौता नहुने गरी कतिपय व्यक्ति र शक्तिसँग एकता गर्न पनि सकिन्छ । क्रान्तिकारी कार्यदिशा, नेतृत्व र पार्टीलाई कसैको पोल्टामा बुझाउने गरी, क्रान्तिलाई तिलाञ्जली दिने गरी कुनै-कसैसँग एकता गर्न सकिँदैन, सम्भव पनि छैन । क्रान्तिकारी नेतृत्व विचार र पार्टीबिना क्रान्ति र परिवर्तनको कुरा सम्भव कुरा हैन । एक्काईसौँ शताब्दीमा विज्ञान र प्रविधिलाई सही ढङ्गले बुझेको नेतृत्व र एकीकृत क्रान्तिको विचारले मात्र अहिलेको संसदीय व्यवस्थाको विकल्प दिनसक्छ । त्यो भनेको वैज्ञानिक समाजवाद हो । यसमा हाम्रो पार्टी नेतृत्व प्रस्ट छ । यसबाट कोही पनि आशङ्कित हुनु हुँदैन । कि अन्ध विरोध गर्ने कि अन्ध समर्थन गर्ने पुरानो गएगुज्रेको स्कुललाई भत्काएर रचनात्मक बन्नु आजको क्रान्तिको आवश्यकता हो । हाम्रा लक्ष्यहरूलाई असम्भव र सुदुरभविष्यको विषय नबनाएर उज्ज्वल र सुन्दर भविष्यको सुन्दर सपनासहित सबै क्रान्तिकारीहरू एकढिक्का हुने हो भने वैज्ञानिक समाजवाद हाम्रै अगाडि छ, सम्भव छ ।

---

# नेकपा रोल्पाद्वारा धान रोपाइँ

**रोल्पा ।**

नेपाल कम्युनिस्ट पार्टी रोल्पाले त्रिवेणी गाउँपालिका ६ मजुवामा जनयुद्धकालदेखि नै पार्टीको उपयोगमा रहेको करिब ५० रोपनी खेतमध्ये ३० रोपनीमा रोपाइँ गरेको छ । उत्पादनमा जोड दिने पार्टीको नीतिअनुसार धान रोपिएको नेकपा रोल्पाले जनाएको छ ।

धान रोपाइँ कार्यक्रममा नेकपाका जिल्ला तहका नेता-कार्यकर्ता, युवा सङ्गठन, बिद्यार्थी सङ्गठन लगायत जनवर्गीय सङ्गठनका जिल्ला तहका नेता-कार्यकर्ताहरूको व्यापक सहभागिता थियो ।

# अखिल (क्रान्तिकारी) द्वारा किसान समस्या हल गर्न माग गर्दैं प्रदर्शन

**पाल्पा** : अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) पाल्पाले तत्काल किसानको समस्या समाधान गर्न माग गरेको छ । सङ्गठनले पूर्वघोषित केन्द्रीय कार्यक्रमअन्तर्गत ११ गते किसानलाई तत्काल मलबिउ माग गर्दै पाल्पाको तानसेनमा विरोध प्रदर्शन गरेको जानकारी सङ्गठनका अध्यक्ष लङ्क मगरले दिएका छन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै सङ्गठनका अध्यक्ष मगरले सरोकारवाला पक्ष किसानप्रति गैरजिम्मेबार बनेकाले ,तत्काल किसानको समस्या हल हुनुपर्ने बताए । राज्य कृषि क्षेत्रमा जिम्मेवार बन्नुपर्ने र किसानलाई तत्काल मलबिउको व्यवस्था गर्नुपर्ने उनले बताए । उक्त कार्यक्रमको सञ्चालन जिल्ला उपाध्यक्ष सुदीप विकले गरेका थिए ।

# सङ्घर्ष, त्याग र बलिदानका नमुना कमरेड पुष्पलाल : विप्लव

**काठमाडौं ।**

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले कम्युनिस्ट पार्टीका संस्थापक पुष्पलालको ४३ औं स्मृति दिवसका अवसरमा श्रद्धापूर्वक स्मरण गर्दै उनको ऐतिहासिक भूमिका र योगदानप्रति उच्च सम्मान व्यक्त गरेका छन् ।

बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै महासचिव विप्लवले निरङ्कुश राणा शासनकै समयमा नेपाली जनताको पूर्ण मुक्तिका निम्ति नयाँ जनवाद, समाजवाद र साम्यवादको महान् लक्ष्यसहित नेपाल कम्युनिस्ट पार्टीको स्थापना गर्नु एक ऐतिहासिक पहलकदमी मात्र नभई नेपालको विशिष्टतामा क्रान्तिको कार्यदिशा निरूपण, साङ्गठनिक विस्तार र विकास, नेपाली समाज र नेपाली राजनीतिमा कम्युनिस्ट विचार र सिद्धान्त स्थापित गर्नुका साथै जनतामा नयाँ आशा र विश्वासको सञ्चार प्रवाह गरेको उल्लेख गरेका छन् ।

नेपाली कम्युनिस्ट आन्दोलन जुन स्तरमा विस्तार र विकास भएको छ, यसको जगमा सोही सङ्गठन र सिद्धान्त रहेको उल्लेख गर्दै महासचिव विप्लवले भनेका छन्, 'पार्टी स्थापनासँगै तत्कालीन राज्यसत्ताको दमनको सामना गर्दै कम्युनिस्ट पार्टीभित्रकै अवसरवाद र आत्मसमर्पणवादविरुद्ध निर्मम सङ्घर्ष गर्नुपर्‍यो । राजनीतिक रूपले मुलभूत रूपमा ठीक हुँदाहुँदै पनि कमरेड पुष्पलाललाई आफ्नो जीवनकाल र त्यसपछि पनि विभिन्न आरोपहरूले प्रताडित गरियो तर अन्ततः उहाँ कम्युनिस्ट पार्टीको सही नेतृत्व र विचारक, इमानदार र आदर्श कम्युनिस्ट नेताका रूपमा इतिहासले पुष्टि गरिसकेको छ ।'

२००६ सालमा नेपालमा कम्युनिस्ट पार्टीको स्थापना गरी संस्थापक महासचिव बनेका पुष्पलालका योगदानहरूको चर्चा गर्दै नेकपा महासचिव विप्लवले पुष्पलाल नेपालको राष्ट्रियता, नेपाली जनताको मुक्ति र वैज्ञानिक समाजवादी राज्यव्यवस्थाका पक्षमा जीवनपर्यन्त सङ्घर्षरत र समर्पित भएको प्रेस विज्ञप्तिमा उल्लेख गरेका छन् । राज्य व्यवस्थाको दमन, चौतर्फी अभाव, भोक र रोगले थलिँदा पनि आफ्नो विचार र लक्ष्यप्रति अविचलित र अडिग रहने पुष्पलालको जीवन आफैँमा सङ्घर्ष, त्याग र बलिदानको अनुकरणीय नमुना भएको उनले बताएका छन् ।

नेपालमा कम्युनिस्ट पार्टीका विभिन्न घटक विस्तार भए पनि कम्युनिस्ट विचार, आदर्श र मूल्यमान्यतामा गम्भीर विचलन भएको देखापरेको बेलामा पुष्पलालप्रति ओठेभक्ति देखाउने नामधारी कम्युनिस्टहरू नै पुष्पलालको विचार, आदर्श र सिद्धान्तबाट विचलित हुँदै गइरहेको उनले प्रस्ट पारेका छन् । पुष्पलाल र नेपालका श्रमिक जनताको सपना पूरा नभएको भन्दै महासचिव विप्लवले आफ्नो पार्टी नेपाल कम्युनिस्ट पार्टीले नेपालमा वैज्ञानिक समाजवादका पक्षधर सबै राजनीतिक शक्तिहरूलाई एकीकृत जनक्रान्तिमा ध्रुवीकरण र एकताबद्ध हुन हार्दिक अपिल गरेका छन् ।

# वैज्ञानिक समाजवाद दलाल पुँजीवादभन्दा हजार गुणा राम्रो : विप्लव

**काठमाडौं ।**

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले समाजवाद सबै श्रमिकहरूको व्यवस्था भएकाले वैज्ञानिक समाजवाद आफूहरूको अधिकार भएको बताएका छन् । नेपाल कम्युनिस्ट पार्टीद्वारा प्रकाशित अङ्ग्रेजी म्याग्जिन Red Front को लोकार्पण समारोहमा सम्बोधन गर्दै महासचिव विप्लवले आफूहरूले सोचेको वैज्ञानिक समाजवाद अहिलेको गएगुज्रेको दलाल संसदीय पुँजीवादी व्यवस्थाभन्दा हजार गुणा उत्तम र राम्रो व्यवस्था हुने बताए ।

महासचिव विप्लवले भने, 'हामीले भनेको समाजवादी व्यवस्थामा शिक्षा, स्वास्थ्य, रोजगारीमा नयाँ गर्ने हो । अर्थतन्त्रमा पनि नयाँ, सबै क्षेत्रमा नयाँ गर्ने हो । यो ल्याइछोड्ने हो । समाजवाद हाम्रो अधिकार हो ।'

महासचिव विप्लवले अहिलेको व्यवस्थालाई लुटेरा पुँजीवादी व्यवस्थाको संज्ञा दिँदै यो लुटिखाने पुँजीवादी व्यवस्था कि समाजवादी व्यवस्था भन्ने विषयमा जनमतसङ्ग्रह गर्न माग गरे । दलाल पुँजीवादी व्यवस्थाले नेपालीहरूको दुरवस्था गराएको ठोकुवा गर्दै उनले भने, 'यो राजनीतिको दलालीकरण हो । सरकार बनाउँदा विदेशी चाहिने, पार्टी बनाउदा विदेशी चाहिने, पार्टी फुटाउदा विदेशी चाहिने यो दलालीकरणको भद्दा रूप हो । चाकरी, गुलामी गरेर सत्ता पाउनका लागि देशै बेच्ने ! कदापि यस्तो हुन दिइन्न ।'

२०३६ सालमा पञ्चायत र बहुदलका विषयमा जनमतसङ्ग्रह गर्न हुने अहिले पुँजीवाद ठीक कि समाजवाद भन्ने विषयमा गर्न किन नहुने ? प्रश्न गर्दै उनले भने, '२०३६ सालमा जनमतसङ्ग्रह गर्न हुन्छ, आज गर्न हुँदैन ? पञ्चायत ठीक कि बहुदल ठीक भनेर जनमतसङ्ग्रह गर्न हुने, आज पुँजीवाद ठीक कि समाजवाद ठीक भनेर जनमतसङ्ग्रह गर्न नमिल्ने ? मिल्दैन ? मिल्दैन भन्नेहरू लुटेरा हुन् ।' जनमतसङ्ग्रह हुँदा कुनै पनि हालतमा लुटेरा पुँजीवादले जित्न नसक्ने पनि उनले दाबी गरे ।

महासचिव विप्लवले हरेक कुराको आफैँ निर्णय गर्ने र नयाँ गर्ने अवस्थाको सिर्जना गर्न वैज्ञानिक समाजवादको बाटोमा जानुपर्ने बताए । उनले भने, 'वैज्ञानिक समाजवादका लागि जनमतसङ्ग्रह गरौँ, यसमा हामी तयार छौँ । 'यो दिइन्न भने विद्रोह गर्नु हाम्रो अधिकार हो ।'

कार्यक्रममा राजनीतिक विश्लेषक पुरञ्जन आचार्य, राजनीतिज्ञ एवम् अर्थशास्त्री हरि रोका, राजनीतिक विश्लेषक डा. सुरेन्द्र केसी, पूर्वसचिव एवम् सीमाविद् द्वारिकानाथ ढुङ्गेल, जनअधिकार अभियान नेपालका अध्यक्ष तथा वरिष्ठ अधिवक्ता एकराज भण्डारी, हस्तबहादुर केसी, साहित्यकार ईश्वरचन्द्र ज्ञवालीलगायतले बोलेका थिए । म्याग्जिनका प्रमुख सम्पादक प्रेम दर्नालले पत्रिका प्रकाशनको औचित्यका बारेमा प्रकाश पारेका थिए । समारोहलाई म्याग्जिनका सम्पादक प्रमेश दर्नालले स्वागत गरेका थिए भने कार्यक्रमको सञ्चालन सम्पादक नरेन्द्र विकले गरेका थिए ।

# नेकपाको जनसम्बन्ध सुदृढीकरण र सङ्गठन विस्तार अभियान उद्घाटन

**अछाम ।**

नेपाल कम्युनिस्ट पार्टी अछामले जनसम्बन्ध सुदृढीकरण तथा सङ्गठन विस्तार अभियान उद्घाटन गरेको छ । जिल्लाको ढकारी गाउँपालिकामा सोमबार अभियान उद्घाटन गरिएको हो

युवा सङ्गठन नेपालका अछाम जिल्ला सचिवको स्वागत मन्तव्यबाट सुरु भएको उद्घाटन कार्यक्रमको अध्यक्षता ढकारी गाउँपालिका इन्चार्ज रमेश बीसी 'समीर' ले गरेका थिए । कार्यक्रमको प्रमुख अतिथिमा जिल्ला कार्यालय सचिव तथा कमान न. १ का इन्चार्ज लोकेन्द्र शाही 'प्रज्वलन' थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि शाहीले संसद्वादी पार्टी वा पात्रले हालसम्म पनि जनताको जीवनस्तरमा कुनै ठोस रूपान्तरण गर्न नसकेको भन्दै चुनावी प्रक्रियामा भ्रामक नारा र एजेन्डा ल्याएर जनतालाई भुक्याउने चुनाव जितिसकेपछि आफूले दिएका नारा र एजेन्डा सबै भुल्ने गरेको बताए । पछिल्लो समयमा केपी-प्रचण्डहरूले दुईतिहाइ बहुमत प्राप्त सरकार गठन गरे पनि राष्ट्र, राष्ट्रियता र जनजीविकाको सवालमा कुनै दिन पनि काम नगरेको भन्दै दुईतिहाइको कम्युनिस्ट सरकार पनि भ्रष्टाचारको आहालमा चुर्लुम्म डुबेको उनको भनाइ थियो ।

पूर्वप्रधानमन्त्रीले भ्रष्टाचार गर्दिनँ, हुन पनि दिन्नँ भन्ने गरे पनि उनकै मन्त्रिपरिषद्का मन्त्रीहरू करोडौँ भ्रष्टाचार गर्दा पनि संरक्षण गरेको उनले बताए । 'संसदीय व्यवस्था असफल भइसकेको र यसको विकल्पमा वैज्ञानिक समाजवाद स्थापना गर्नु आवश्यक छ', उनले भने, 'हाम्रो पार्टीले एकीकृत जनक्रान्तिको माध्यमबाट भ्रष्टाचार, राष्ट्रघातविरुद्ध आवाज उठाउँदा प्रतिबन्ध भोग्नुपर्‍यो ।' तीनबुँदे सहमतिमा प्रतिबन्ध हटाएर सरकारले आफ्नो गल्ती सच्याएको उनले बताए । सबै सचेत देशभक्त, राष्ट्रवादी, वामपन्थी शक्तिहरू एकीकृत भएर दलाल संसदीय व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवादी सत्ता प्राप्तिका लागि अब जनमतसङ्ग्रहमा जानुपर्ने उनको भनाइ थियो । दलित मुक्ति मोर्चा नेपाल अछामका अध्यक्ष दिलीप विश्वकर्मा, ढकारी गाउँपालिकाका पूर्वइन्चार्ज उमेश बुढालगायत कार्यक्रममा अतिथि थिए । कार्यक्रमको सञ्चालन ढकारी गाउँपालिका सचिव दर्शन नेपालीले गरेका थिए ।

# सीमा अतिक्रमण र वैदेशिक हस्तक्षेपविरुद्ध कञ्चनपुरमा प्रदर्शन

**कञ्चनपुर ।**

सीमा अतिक्रमण, वैदेशिक हस्तक्षेप र असमान सन्धिसम्झौताविरुद्ध अखिल (क्रान्तिकारी) ले कञ्चनपुरको ब्रह्मदेवमा प्रदर्शन गरेको छ । अखिल क्रान्तिकारी केन्द्रीय समितिको घोषित कार्यक्रमअनुसार देशैभरि वर्तमान राजनीतिक परिस्थितिमा बढ्दो विदेशी साम्राज्यवादी हस्तक्षेप, बदलिँदो राजनीतिक सङ्कट, शैक्षिक विकृतिलगायत विविध विकृतिविसङ्गतिविरुद्ध प्रदर्शन भइरहेको छ । यसै क्रममा अखिल क्रान्तिकारी कञ्चनपुरले पनि बिहीबार सीमा अतिक्रमण, वैदेशिक हस्तक्षेप र असमान सन्धि-सम्झौता खारेजीको माग गर्दै प्रदर्शन गरेको हो ।

अखिल (क्रान्तिकारी) का सेती-महाकाली ब्युरो संयोजक तथा उक्त कार्यक्रममा प्रमुख अतिथि वीरेन्द्र शाहले सम्बोधन गर्दै विगतदेखि वर्तमानसम्मका शासकहरूले देशको सार्वभौमिकता, राष्ट्रियता र स्वतन्त्रतालाई नै ओझेलमा पार्ने र देशलाई सङ्कटमा पार्ने गरी समस्या निम्त्याएको भन्दै साम्राज्यवादी हस्तक्षेपको विरोध गरे ।

उनले विगतमा भएका असमान सन्धिसम्झौता, बढ्दो विदेशी चलखेल र त्यसले देशमा ल्याएको अस्थिर राजनीतिक सङ्कट नेताहरूको मात्र नभई सिङ्गो राज्यव्यवस्थाको नै असफल अभ्यास भएको बताए । अहिलेको आवश्यकता भनेको यो दलाल संसदीय व्यवस्था अन्त्य गरी जनताको वैज्ञानिक समाजवाद स्थापना गर्नु हो जुन समाजवादी व्यवस्थामा सबै किसिमका उत्पीडन, विभेद, असमानता, वैदेशिक हस्तक्षेप, सीमा अतिक्रमण, असमान सन्धिसम्झौतालगायत सम्पूर्ण समस्याको अग्रगामी हल हुने भएकाले यो दलाल संसदीय व्यवस्था फालेर समाजवाद ल्याउनुको विकल्प नभएको शाहले बताए ।

कार्यक्रममा अतिथि ग्रेटर नेपालका केन्द्रीय उपाध्यक्ष तथा सुदूरपश्चिम संयोजक गजेन्द्र पाण्डे, त्रिमूल पार्टी नेपालका सुप संयोजक सुबास धामी, अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य प्रकाश जप्रेल, सूपइन्चार्ज नरेन्द्र भाटलगायतले राष्ट्र र राष्ट्रियताका विषयमा मन्तव्य राखेका थिए भने । कार्यक्रम अखिल क्रान्तिकारी कञ्चनपुरका जिल्ला अध्यक्ष ललित एसकेले सञ्चालन गरेका थिए ।

उक्त कार्यक्रममा गएका अभियानकर्मीहरूले सीमानजिक अनुगमन गर्न जाँदा अप्ठ्यारो हुन्छ, जान मिल्दैन भन्दै नेपाल प्रहरीले ठाडो हस्तक्षेप गरेको सङ्गठनले जनाएको छ ।

# किसानका समस्या समाधान गर्न माग गर्दै प्रदर्शन

**कैलाली :** अखिल (क्रान्तिकारी) कैलालीले किसानको समस्या र मलबिउ माग गर्दै प्रदर्शन गरेको छ ।

कैलालीको टीकापुरमा आयोजित कार्यक्रमलाई अखिल (क्रान्तिकारी) का जिल्ला संयोजक सुवासकिरण जोशीले सम्बोधन गरेका थिए । जोशीले सरकार किसानका समस्याप्रति गम्भीर नबनेको, कृषिजन्य पदार्थमा परनिर्भर रहेको, स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्नुको साटो कमिसनका आधारमा आयातित वस्तुभाउ, समानलाई प्राथमिकता दिएको भन्दै आपत्ति प्रकट गरे । उनले तत्काल किसानका समस्या समाधान गर्न सरकारसँग अपिल पनि गरे । उनले किसानलाई आर्थिक अनुदान, कृषिसम्बन्धी तालिम दिन पनि माग गरे ।

प्रदर्शनमा किसानलाई सहुलियतपूर्ण मलखादको व्यवस्था गर, किसानका समस्या हल गर, कृषिमा परनिर्भरताको अन्त्य गर, कृषिमाथि थुपारिएको कर खारेज गरलगायत नारा लगाइएको थियो ।

# नेकपा बाँसगढीको बैठक सम्पन्न

**बर्दिया ।**

नेपाल कम्युनिस्ट पार्टी बर्दियाअन्तर्गत बाँसगढी नगर समितिको पूर्ण बैठक सोमबार सम्पन्न भएको छ ।

बैठकलाई सम्बोधन गर्दै बर्दिया जिल्ला सेक्रेटरी गणेश चौधरीले पार्टीले वैज्ञानिक समाजवाद स्थापनाका लागि जनमतसङ्ग्रहको कार्यक्रम लिएर आएकाले आमजनतामा सङ्गठनको सञ्जाल विस्तार गर्न निर्देशन दिए । संसदीय व्यवस्थाले देशमा भ्रष्टाचार थोपरेको मात्र नभई देशलाई राष्ट्रघातको गहिरो भड्खालोमा डुबाएको उनको भनाइ थियो ।

उनले संसदीय व्यवस्था चरम सङ्कटमा पुगेकाले सबै देशभक्त, क्रान्तिकारी, किसान, मजदुर, श्रमजीवी वर्ग, जनता, कम्युनिस्ट र सच्चा लोकतान्त्रिक शक्तिबीच सहकार्यको आवश्यकता रहेको बताए । पार्टीले संसदीय व्यवस्थाविरुद्ध विद्रोह गरेकाले संसदीय व्यवस्थालाई ध्वस्त गरिछाड्ने उनले बताए ।

नेकपा बाँसगढी नगर सेक्रेटरी सोनु थारूले सञ्चालन गरेको बैठकको अध्यक्षता नगर इन्चार्ज शक्तिले गरेका थिए । बैठकमा प्रमुख अतिथि जिल्ला सेक्रेटरी गणेश चौधरी, विशिष्ट अतिथि हिमशिखर, अखिल क्रान्तिकारीका बर्दिया जिल्ला इन्चार्ज लोकेश जोशी, बडैयाताल नगर सेक्रेटरी रमेश राजिन्द्रलगायत उपस्थित थिए । नगरको प्रथम पूर्ण बैठकले १५ सदस्यीय नगर समिति पुनर्गठन गरेको जानकारी नगर इन्चार्ज शक्तिले दिए ।

# अन्य पार्टीबाट विद्रोह गरी नेकपामा प्रवेश

**कञ्चनपुर ।**

कञ्चनपुरमा अन्य पार्टी परित्याग गरी आधा दर्जनभन्दा बढी नेता-कार्यकर्ता नेपाल कम्युनिस्ट पार्टीमा ध्रुवीकृत भएका छन् । उक्त ध्रुवीकरण अभियान लालझाडी गाउँ समितिको आयोजनामा सम्पन्न भएको हो ।

'क्रान्तिकारी एकता र ध्रुवीकरणमा जोड दिऔँ, सुमधुर जनसम्बन्धसहित सुदृढ पार्टी निर्माण गरौँ' भन्ने पार्टीको निर्णयअनुसार नेकपा कञ्चनपुर सुदृढ पार्टी निर्माणमा खटिएकै समयमा उक्त ध्रुवीकरण भएको हो । उक्त गाउँ समितिको पाँचौँ पूर्ण बैठक पनि सम्पन्न भएको समाचारमा जनाइएको छ ।

ध्रुवीकरण कार्यक्रमका प्रमुख अतिथि तथा कञ्चनपुर पार्टी जिल्ला सचिव रमेश नेपाली 'जीवन' ले सुदृढ र जनतामुखी पार्टी बनाउँदै जनतासँगै सहकार्य गरेर जनताको प्रतिनिधित्व गर्ने व्यवस्था निर्माण गर्ने बाटोमा अगाडि बढिरहेको बताए । एकीकृत जनक्रान्तिको कार्यदिशामा लामबद्ध भई वर्गविहीन, जातिविहीन, शोषणविहीन आमजनताको नेतृत्व गर्ने सुन्दर व्यवस्था वैज्ञानिक समाजवादको यात्रामा सहकार्य गर्नु अहिलेको आवश्यकता रहेको उनको भनाइ थियो ।

कार्यक्रममा नेकपा संयुक्त माले, माओवादी केन्द्रलगायत पार्टीबाट आधा दर्जनभन्दा बढी नेताहरू नेकपा प्रवेश गरेका थिए । ध्रुवीकृत हुनेमा राजेन्द्र बस्नेत, भिँगा राना, पवन कुँवर, गोविन्दसिंह ठगुन्ना, सन्देश भट्ट, सिलास राना, विशाल राना, राजेश राना, सिर्जित रानालगायत नेता-कार्यकर्ता छन् । लालझाडी नगर समितिका सचिव गोपाल महराले कार्यक्रमको अध्यक्षता गरेका थिए ।

# वैदेशिक हस्तक्षेपविरुद्ध कैलालीमा प्रदर्शन

**पहलमानपुर ।**

अखिल (क्रान्तिकारी) कैलालीले वैदेशिक हस्तक्षेपका विरुद्ध र राष्ट्रिय स्वाधीनताका पक्षमा प्रदर्शन गरेको छ । कैलालीको पहलमानपुरमा आयोजित कार्यक्रमलाई अखिल (क्रान्तिकारी) का जिल्ला संयोजक सुवासकिरण जोशीले सम्बोधन गरेका थिए ।

जोशीले वैदेशिक हस्तक्षेपका विरुद्ध सङ्घर्षमा उत्रिन सबैलाई आह्वान गरे । उनले नालायक, दलाल, भ्रष्ट, कमिसनखोर सरकारकै कारण लिपुलेक, कालापानी, सुस्तालगायत ठाउँमा भारतीय साम्राज्यवादले दिनहुँ सीमा अतिक्रमण बढाएको, सीमा क्षेत्रका नागरिकलाई विभिन्न बहानामा दुःख दिएको भन्दै भर्त्सना गरे । राष्ट्रिय स्वाधीनताको लडाइँमा एक ढिक्का भएर अगाडि बढ्न उनले आमयुवा, विद्यार्थी र समग्र जनसमुदायलाई आग्रह पनि गरे ।

मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) जस्ता राष्ट्रघाती सम्झौता गरी सार्वभौम देशलाई साम्राज्यवादी सेनाको अखडा बनाउन खोजे जस्तोसुकै प्रतिरोध सङ्घर्ष गर्न पनि आफूहरू तयार रहेको चेतावनीसमेत जोशीले दिए । प्रदर्शनमा सीमा हस्तक्षेप बन्द गर, लिपुलेक, कालापानी, लिम्पियाधुरा हाम्रो हो, सुगौली सन्धिलगायत सबै असमान सन्धिसम्झौताहरू खारेज गर, राष्ट्रघाती एमसीसी सम्झौता खारेज गर, सबैखाले वैदेशिक हस्तक्षेप बन्द गरलगायत नारा लगाइएको थियो ।

# भ्रष्टाचारीलाई जनकारबाही गर्ने सम्पर्क मञ्चको निर्णय

**काठमाडौं ।**

नेपाल कम्युनिस्ट पार्टी निकट जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समितिको बैठक काठमाडौँमा सम्पन्न भएको छ । बैठकमा जनसम्पर्क मञ्चका केन्द्रीय अध्यक्ष तथा प्रमुख अतिथि कमानसिंहले आफ्नो पार्टी सधैँ देश र जनताको हितमा इमानदारीपूर्वक काम गर्दै आइरहेको बताए । नेकपा यतिबेला जनताको बीचमा रहेकाले शक्तिशाली बनेको उनको भनाइ थियो ।

कमानसिंहले आफ्नो पार्टी, नेतृत्व, सङ्गठन, विचार र राजनीति इमानदार र बलिदानीपूर्ण भावनाकै भएकाले सबैभन्दा जनप्रिय पार्टी हुनसकेको पनि प्रस्ट पारे । आगामी दिनमा पनि आफ्नो पार्टी सङ्गठन सधैँ जनताको हितमा उत्तरदायी भूमिकामा रहेर काम गर्ने र देशद्रोही भ्रष्टाचारी कमिसनखोर, लुटेरा र सूदखोरलाई जनकारवाही गर्ने उनले बताए ।

कमानसिंहले देशलाई स्वाधीन, बनाउन कुनै कसर बाँकी नराखी आफ्नो ज्यूज्यानको आहुति दिन परे पनि पछि पर्न नहुने बताए । उनले यतिबेला नेपाल कम्युनिस्ट पार्टी जनमतसङ्ग्रहमार्फत जनताले आफ्नो हकअधिकार आफैँ सुनिश्चित गर्न पाउने व्यवस्था, वैज्ञानिक समाजवादी व्यवस्था ठिक कि संसदीय पुँजीवादी व्यवस्था ठीक ? भन्ने जनमतसङ्ग्रहको माग गर्दै जनतामा गएको बताए । जनताले आफ्नो हकअधिकार सुनिश्चित गर्ने फैसला आफैँ गर्न पाउनुपर्छ भन्दै उनले यसका लागि विभिन्न राजनीतिक दल, बुद्धिजीवी, सङ्गठन, सरकार पक्ष वा विपक्ष सबै तयार हुनुपर्ने अन्यथा जनताको अधिकारलाई बलजफ्ती खोस्ने कोसिस गरेमा जनविद्रोह हुने र त्यसको नेतृत्व आफ्नो पार्टीले गर्ने बताए ।

बैठकमा काभ्रे-काठमाडौँ जनसम्पर्क मञ्चका सोलोमान लामाको अध्यक्षतामा १५ सदस्यीय, सिराहा-काठमाडौँ सम्पर्क मञ्चका दिलीप थापाको अध्यक्षतामा १५ सदस्यीय, दार्चुला-काठमाडौँका प्रेम नेपालीको अध्यक्षतामा ७ सदस्यीय र सप्तरी-काठमाडौँका वीरबहादुर मगरको संयोजकत्वमा ५ सदस्यीय आयोजक समितिका सदस्य उपस्थित थिए ।

बैठकमा जनसम्पर्क मञ्च केन्द्रीय समितिको सर्कुलर केन्द्रीय सचिव टीका चौधरीले वाचन गरेका थिए । बैठकमा केन्द्रीय सचिव खेम प्रधान, टीका चौधरी र सुशील बलपाम्की अतिथिका रुपमा उपस्थित थिए ।

# हिउँले ढाकिएको पहाड र घाँसे मैदान

*(अध्यक्ष क. माओको नेतृत्वमा चिनियाँ कम्युनिस्ट पार्टीले सञ्चालन गरेको 'महान् लामो अभियान' मा चिनियाँ लालसेनाले देखाएको वीरतापूर्ण सङ्घर्ष, साहस र बलिदानका कारण जापानी साम्राज्यवाद र च्याङ काइ सेकको क्रूर सत्ता परास्त भएको थियो । क्रान्ति र पार्टीको रक्षा गर्दै अध्यक्ष माओ त्सेतुङको अङ्गरक्षक छन छाङ फङले आफ्ना अध्यक्षसँग बिताएका तुफानी ६ वर्षमा भोगेका सङ्घर्ष र बलिदानीका गाथाहरूलाई नेपाली पाठकसमक्ष पुऱ्याउने उद्देश्यले 'लामो अभियानमा अध्यक्ष माओका साथ' पुस्तकबाट यो सामग्री लिइएको छ । यसको अनुवाद देवेन्द्र तिम्लाले गरेका हुन्- **सम्पादक**)*

जुन १९३५ मा तातु नदी पार गरेपछि हामी च्याचिन पहाडको फेँदीमा पुग्यौँ । यस पहाडका गगनचुम्बी चुचुराहरू हिउँले ढाकिएका थिए । जुन महिनाको प्रचण्ड सूर्य अस्ताइसकेको थिएन तर त्यसको ऊष्णता यो हिमसमूहका कारण चिसोजस्तो लागिरहेको थियो ।

हामी यो पहाडको फेँदीमा एक दिन अडियौँ । पहाड चढ्ने बेलामा लगलग कमाउने जाडोबाट आफ्नो रक्षा गर्न अध्यक्ष माओले हामीलाई खुर्सानी र अदुवा जम्मा गर्ने सल्लाह दिनुभयो । भोलिपल्ट बिहानै हामी पहाड चढ्न सुरु गऱ्यौँ । च्याचिन पहाडको चुचुरोले सूर्यको प्रकाशमा कुनै चमकदार तरबारले आकाशलाई छेकिरहेको जस्तो देखिन्थ्यो । ती सारा चुचुराहरू यसरी चम्किरहेका थिए, मानौँ त्यहाँ हजारौँ सिसाहरू सजाइएको थियो । त्यसको चमकले हाम्रा आँखा तिर्मिराउँथे । पहाडको चुचुरोमा बरफका टुक्राहरू खसिरहेका थिए । त्यो एउटा आलौकिक दृश्य थियो । यस्तो लाग्थ्यो, मानौँ हामी अप्सराहरूको देशमा पुगेका छौँ ।

सुरुसुरुमा त हिउँ ज्यादा बाक्लो थिएन, त्यसैले हामी त्यसमाथि सजिलै हिँड्न सक्यौँ तर करिब २० मिनेटपछि हिउँ ज्यादै बढ्दै गयो । एक पाइलो पनि असावधानीपूर्वक उचालेमा सीधै खोँचमा खस्थ्यौँ र त्यहाँबाट निस्कन घन्टौँ लाग्थ्यो । हिउँ कम भएको ठाउँबाट हिँडेमा त्यहाँ चिप्लिन्थ्यो । एक कदम अगाडि बढे चिप्लेर ३ कदम पछाडि पुगिन्थ्यो । अध्यक्ष माओ हाम्रो अघिअघि हिँडिरहनुभएको थियो । उहाँको ढाड कुप्रो भएको थियो । उहाँलाई हिँड्न गाह्रो भइरहेको थियो । कहिलेकहीँ उहाँ कैयौँ पाइला पछाडि चिप्लिनुहुन्थ्यो । त्यति बेला हामी उहाँलाई हात दिएर सहायता गर्थ्यौँ । तर हामीलाई पनि आफ्ना पैताला ढ्रोसँग टेक्न गाह्रो भइरहेको थियो । त्यस्तो अवस्थामा उहाँ हामीलाई बलियोसँग समातेर माथि तान्नुहुन्थ्यो । उहाँले कपास तगेको एउटा पनि कपडा लगाउनुभएको थिएन । केही क्षण हिँडेपछि हिउँले उहाँको खाकी पाइन्ट पूरै भिज्यो र कपडाको कालो जुत्तामा हिउँ टल्कन थाल्यो । उहाँ ज्यादै थाक्नुभएको थियो ।

त्यो उकालोले हामी सबैको दम बढाइरहेको थियो । म घस्रँदै अध्यक्षनजिक गएँ र भनेँ- 'अध्यक्ष ! यो पहाड चढ्न ज्यादै कठिन छ । आउनुहोस् हामी तपाईंलाई सहयोग गर्छौँ !' म मुस्किलले उहाँनिर उभिन सकेँ तर उहाँ नरोकिईकन अगाडि बढ्दै भन्नुभयो- 'हुँदैन, तिमीहरू पनि त्यत्तिकै थाकेका छौ जति म थाकेको छु ।'

हामी पहाडको बीचमा पुग्दा अचानक आँधी-हुरी चल्न थाल्यो । पहाडको चुचुरालाई कालो बाक्लो बादलले छोप्न लाग्यो । हावाको झोक्काले हिउँका टुक्राहरू उड्न थाले र ती निर्दयतापूर्वक हामीवरिपरि घुम्न थाले ।

'अध्यक्ष, हिउँ पर्नेवाला छ', मैले चाँडचाँडो केही कदम अगाडि बढेर उहाँको कपडा समात्दै भनेँ ।

उहाँले हावाको सामना गर्दै शिर उठाएर हेर्नुभयो । 'हो, चाँडै नै हिउँ पर्नेवाला छ । हामी तयार हुनुपर्छ ।' उहाँका कुरा जसै समाप्त भए, अण्डाजत्रा असिनाका डल्लाहरू हामीमाथि बज्रन थाले । हिउँ र असिनाको यस तुफानी समुद्रमा हाम्रा छाताहरू बेकम्मा भएका थिए । हामीले तत्काल मोमजामा (मैन लगाएको कपडा) लाई छाताका रूपमा प्रयोग गऱ्यौँ र अध्यक्ष माओलाई बीचमा पारेर उभियौँ । हाम्रो चारैतिर बतास यसरी चलिरहेको थियो मानौँ आकाश-पाताल एक हुँदैछ । हामी मान्छेहरूका आतङ्कपूर्ण कोलाहल, घोडाहरूको हिनहिनाहट र अकस्मात् बिजुलीको भीषण कडकडाहट सुन्थ्यौँ । त्यसै बेला माथिबाट एउटा गर्जन सुनियो ।

'साथीहरू ! डटिरहनुस् ! हिम्मत नहार्नुस् ! डटिरहनुमा नै विजय छ !' मैले टाउको उठाएर माथि हेरेँ । पहाडको टाकुरामा रातो झन्डा फहराइरहेको थियो ।

'त्यहाँ को कराउँदैछ ?' मैले अध्यक्ष माओसँग सोधेँ । 'प्रचार टोलीका कमरेड', अध्यक्ष माओले उत्तर दिनुभयो, 'हामीले उनको यो दृढ भावनाबाट सकारात्मक कुराहरू सिक्नुपर्छ ।'

हिउँ-हुरी जसरी अचानक आएको थियो, त्यसरी नै अचानक शान्त पनि भयो । धपक्क बलेको रातो सूर्य फेरि उदायो । अध्यक्ष माओ मोमजामाबाट बाहिर निस्कनुभयो र हिउँले ढाकिएको पहाडबीच उभिनुभयो । हिउँ अझ पनि उहाँको वरिपरि छरपस्ट भएको थियो । उहाँ जस्ताको तस्तै उभिइरहनुभयो ।

'किन, यो भिडन्त कस्तो लाग्यो ?' उहाँले सोध्नुभयो', 'कोही घाइते त भएनन् नि ?'

'कोही पनि घाइते भएको खबर आएको छैन । केवल लाओ थ्वी आफ्नो घोडामा आएर एउटा असिनाले लागेर उनको हात सुनिएको छ ।'

अध्यक्ष माओले मेडिकल अर्दली चुङ फु-छाङलाई तत्काल लाओ थ्वीको हातमा मलम लगाउन भन्नुभयो । तर लाओ थ्वी मुस्कुराउन लागे । उनी मलम लगाउन अस्वीकार गरेर घोडा चढी अगाडि बढे । म चङ स्येन-चीसँगै हिँडिरहेको थिएँ । मैले उसलाई व्यङ्ग्य गर्दै भनेँ, 'हालखबर के छ साथी ?'

उनले अध्यक्षतर्फ इशारा गर्दै भने, 'उहाँले यो सब सहन सक्नुहुन्छ भने हामी पनि त सहन सक्छौँ ।' उनले हिउँमा भित्रसम्म गडेको आफ्नो खुट्टा हेरेर मजाक गर्दै भने, 'यो तमासा त हेर्नुस् ! मेरो खुट्टा नै जमेको छ !' यो कुरा साँचो थियो । चिसोले कठ्याङ्ग्रिएको हुनाले खुट्टा नै नभएजस्तो लाग्थ्यो ।

जतिजति हामी माथि चढ्दै गयौँ, माथि चढ्न अरू बढी कठिन हुँदै गयो । जब हामी पहाडको फेदीमा थियौँ, त्यस बेला स्थानीय मान्छेहरूले हामीलाई भनेका थिए, 'जब तिमीहरू पहाडको टाकुरामा पुग्नेछौ तब न त कुरा गर्नु न त हाँस्नु, नत्र भने पहाडका देवताले तिमीहरूको घाँटी थिचेर मार्नेछन् ।'

हामी अन्धविश्वासी थिएनौँ तर तिनीहरूले जुन कुरा भनेका थिए त्यसमा केही त अवश्य नै सत्य थियो । अब मलाई सास फेर्न पनि मुस्किल भइरहेको थियो । यस्तो लाग्थ्यो मानौँ मेरो टाउको जाँतोको दुई पलेटाबीच पिसिइरहेको छ । मेरो मुटुको चाल तीव्र भइरहेको थियो र मलाई हाँस्न त परै जाओस् बोल्न पनि मुस्किल भएको थियो । कस्तो लाग्थ्यो भने मैले मुख खोलेँ भने अचानक मेरो कलेजो उछिट्टिएर मुखमा आउँछ । मैले अध्यक्ष माओलाई हेरेँ । उहाँ हावा र हिउँको सामना गर्दै दृढतापूर्वक पाइला चलाउँदै अघि बढिरहनुभएको थियो । प्रचार दलका साथीले पहाडको चुचुरोबाट फेरि चिच्याए-

'साथीहरू, पाइला अगाडि बढाउनुस् ! अघि हेर्नुस् ! हिँडिरहनुस् !

अन्त्यमा हामी हिउँले ढाकिएको पहाडको चुचुरोमा पुग्यौँ । चारैतिर हिउँको सेतो पछ्यौरा बिछ्याइएको थियो । मान्छेहरू तीन-तीन/चार-चारजनाको समूहमा बसेका थिए । कोही मान्छे कति थाकेका थिए भने उनीहरू आराम गर्न त्यहीँ पल्टिए । जब उनीहरूले अध्यक्ष माओलाई देखे तब धेरै साथीले उहाँलाई बोलाउँदै आए, 'अध्यक्षले यो सब देख्नुभयो, तब उहाँ तत्काल उनीहरू नजिक जानुभयो र ज्यादै नम्रतापूर्वक बोल्नुभयो, 'साथीहरू, हामी यहाँ आराम गर्न सक्दैनौँ । यहाँ हावा ज्यादै कम छ । अलिकति बढी मेहनत गऱ्यौँ भने हामीले तल झर्नासाथ चौथो मोर्चा सेनालाई भेट्टाउनेछौँ ।'

यो सुन्नासाथ हामी जोसियौँ र अव्यवस्थित रूपमा भिरालोबाट तल झर्न थाल्यौँ । शिखरमा पुग्दाको सफलताले हो वा अरू कुनै कारणले हो अचानक मलाई चक्कर लाग्यो । कस्तो लाग्यो भने मेरो पैतालामुनिको अग्लो पहाड काँपिरहेको छ । मेरो आफ्नै शरीर मेरो नियन्त्रणमा रहेन र म बेस्करी काँप्न थालेँ । म लड्खडाउँदै अध्यक्ष माओअगाडि पुगेँ र बोलेँ-'अध्यक्ष, म ...' वाक्य पूरा नहुँदै म बेहोस भएर ढलेँ । तर म पूर्ण रूपमा बेहोस भएको थिइनँ । मलाई अध्यक्ष माओले दुई हातले सहारा दिएर बोलाउनुभएको कुरा मलाई अभसम्म पनि सम्झना छ । मलाई लाग्यो- म हावामा तैरिरहेको छु । मलाई सास फेर्न कति गाह्रो भइरहेको थियो भने मेरो आवाजसम्म निस्केको थिएन । एकै छिनपछि, अचानक हावाको झोक्काले उडाएर ल्याएको हिउँको एक टुक्रा मेरो अनुहारमा लाग्यो जसले मेरो चेतनाशक्ति फर्कियो र मैले आँखा खोलेँ । चङ स्येन-चीलगायत साथीहरूले मलाई सोध्नुभयो, 'अवस्था कस्तो छ ?, अब त स्वास्थ्य ठीक छ हैन ?' म तुरुन्त बल गरेर उठेँ । त्यसपछि हामी अगाडि बढ्यौँ ।

अध्यक्ष माओका खुट्टा पाइलैपिच्छे हिउँभित्रसम्म धसिइरहेका थिए । उहाँ पछाडि फर्की-फर्की ती साथीहरूलाई हेरिरहनुभएको थियो जो अझसम्म

**छन छाङ फाङ**

पनि चुचुरामा पुग्न सकेका थिएनन् । उनीहरू यति सुस्तसुस्त हिँडिरहेका थिए कुनै लामो सर्प बिस्तारै घस्रिँदै पहाड चढिरहेजस्तो लाग्थ्यो । अध्यक्ष माओ उनीहरूतर्फ लगातार हात हल्लाइरहनुभएको थियो ।

हावा तेज भइरहेको थियो । आकाशमा कालो बादल फेरि मडारिरहेको थियो । मैले अध्यक्षसँगै टाँसिएर चर्को स्वरमा भनेँ, 'अध्यक्ष, तपाईं यहाँ रोकिन सक्नुहुन्न । कृपया चाँडो अगाडि बढ्नुस् ।'

माथि चढ्नुभन्दा तल ओर्लन सजिलो थियो तर यो भागमा घाम नलाग्ने भएकाले यहाँ बढी चिसो थियो । हामी सबैले सुतीको पातलो कपडा लगाएका थियौँ । त्यसैले जाडो भएर लगलग काँपिरहेका थियौँ । मैले कम्मरमा पटुका बाँधेको थिएँ । यसरी हिउँले ढाकिएको भिरालोमा कहिले हिँड्दै, कहिले चिप्लिँदै र लड्दै तल ओर्लिरहेका थियौँ ।

केही क्षणपछि चौथो मोर्चा सेनाका साथीहरूसँग हाम्रो भेट भयो । उनीहरू झन्डा लिएर हिँडिरहेका थिए जसमा लेखिएको थियो, 'उत्तरपश्चिमी सछ्वानमा आधार क्षेत्रको विस्तार गरौँ !' हामीलाई कस्तो लाग्यो भने हाम्रो शरीरमा नयाँ शक्ति सञ्चार भएको छ । हाम्रो मनमा उनीहरूप्रति यस्तो भाव जागृत भयो जुन भावना धेरै लामो समयसम्म बिछोड भएको दाजुभाइको भेट हुँदा उत्पन्न हुन्छ ।

जब हामी अन्तिम भिरालोबाट तल ओर्लियौँ तब मैले पछाडि फर्केर माथितिर हेरेँ । हिउँले ढाकिएको पहाडको चुचुरामा अझ पनि रातो झन्डा फर्फराइरहेको थियो । प्रचारक साथीहरूको अथक आवाज हाम्रो कानमा गुन्जिरहेको थियो ।

.... ....

च्याचिन पहाडबाट तल ओर्लेपछि हामीले केही दिनसम्म माओकुङमा आराम गऱ्यौँ । फेरि हामी अर्को एउटा उच्च हिमाली पहाड मङ्पी पर्वत चढ्यौँ । हामी उत्तर-पश्चिमी सछ्वानको च्वोखचीमा पुग्यौँ । त्यहाँ हामी घाँसे मैदान पार गर्ने तयारीमा जुट्यौँ । यसपछि हामी फेरि रवाना भयौँ ।

हामी च्वोखचीबाट हिँड्न सुरु गर्दा बिहानी भैसकेको थियो । आकाश सफा थियो । बीस ली पार गर्दागर्दै कालो बादलले घेऱ्यो र चाँडै नै फाटफुट पानी पर्न पनि थाल्यो । हामी एउटा यस्तो निर्जन पहाडी क्षेत्र हुँदै हिँडिरहेका थियौँ जुन चित्र-विचित्रका चट्टानहरूले भरिएको थियो । ती चुच्चा ठाडा चट्टानहरू तथा झरेका पातपतिङ्गरको थुप्रोबीच बाटोको निशाना पनि थिएन । केही क्षणपछि ठूलो आवाजसहित बिजुली चम्क्यो र पानी पर्न थाल्यो । पानीका ठूला थोपा तथा रूखका कुहेका हाँगाहरूले हामीमाथि चोट पुऱ्याउन थाले । अध्यक्षको कपडा र हाम्रो कपडा पनि पानीले निथ्रुक्क भिज्यो ।

मध्याह्नपछि चार बजे नै अँध्यारो भयो । लगातार मुसलधारे पानी परिरह्यो । हामी कुनै पनि ओत लाग्न हुने स्थानदेखि कोसौँ टाढा थियौँ । अध्यक्षको लालटिनको तेल पनि सकिएको थियो । त्यस निस्पट्ट अन्धकारमा हामी एक कदम पनि अगाडि बढ्न सक्दैनथ्यौँ । यस्तो बेला हामीलाई बत्तीको कति आवश्यकता थियो । अध्यक्ष ज्यादै मुस्किलले बाटो छाम्दै अगाडि बढिरहनुभएको थियो । उहाँ ज्यादै थकित देखिनुहुन्थ्यो । यो देखेर म ज्यादै बेचैन भएँ । अलिकति सोच्नुस् त ! अरूहरू बास बस्ने ठाउँमा पुग्नासाथ सुतिहाल्छन् तर अध्यक्ष बैठकमा भाग लिन, टेलिग्राम (तार) पढ्न र दस्ताबेजको मस्यौदा तयार पार्नमा व्यस्त हुनुहुन्छ । वास्तवमा उहाँ कति मेहनती हुनुहुन्थ्यो ।

'हामी यहाँ रोकियौँ, अध्यक्ष', मैले प्रस्ताव राखेँ । उहाँ अडिनुभयो । एकछिन सोचेपछि उहाँले भन्नुभयो, 'राम्रो कुरा, सबैलाई खबर गर ।'

तर अब हामी सङ्कटमा परेका थियौँ । हाम्रो चारैतिर पानीका खोपिल्टाहरू, चट्टान एवम् अन्धकार थियो । हामीले उहाँका लागि सुत्ने चीज कहाँ खोज्ने ? आफ्नो बुद्धिको प्रयोग गरी धेरै प्रयास गरेपछि हामीले कुनै किसिमको एउटा 'झुला' निर्माण गऱ्यौँ र त्यसलाई दुईवटा होचा रूखहरूमा झुन्ड्याइदियौँ ।

भिजेको झुलालाई स्पर्श गर्दै अध्यक्षले विनोदभावमा भन्नुभयो, 'म अब च्याङ्सीको शीतल ओछ्यानमा सुत्दछु ।'

अध्यक्षको विनोदभावले हामी सबैलाई उत्साहित बनायो । जब हामी अप्ठ्यारोमा पर्दथ्यौँ तब उहाँका मनोरञ्जक शब्दहरूले वातावरणलाई पूर्ण रूपमा बदलिदिन्थ्यो । उहाँको ख्यालठट्टामा हामीले आफ्नो थकान बिर्सन्थ्यौँ र हामीमा नयाँ शक्तिको सञ्चार हुन्थ्यो । हामी कुनै पनि अप्ठ्यारोसँग मुकाबिला गर्न तयार हुन्थ्यौँ ।

जब अध्यक्ष लेट्नुभयो हामीले आफ्ना लागि कुनै ठाउँ खोज्न थाल्यौँ । पानी अझ पनि परिरहेको थियो । मैले चारैतिर छाम्दा एउटा ठाडो चट्टान फेलापारेँ । जब मैले त्यस चट्टानलाई फेरि छामेँ, त्यसमा एउटा प्वाल भेट्टाएँ । गुफा ! मैले रोमाञ्चित भएर सोचेँ । अरू केही नसोची म त्यसभित्र पसेँ । ढ्वाङ्ग ! मेरो टाउको केही कडा चीजमा ठोक्कियो । त्यो कुनै गुफा नभएर एउटा सानो ओडार थियो । तर यो पनि ज्यादै मुस्किलले भेटिएको थियो । दुखाइको वास्ता नगरी म त्यस ओडारमा टाउको घुसारेर कोल्टो परी सुतेँ । तर भुइँमा त्यत्तिको पानी किन छ ? हातले छाम्दा थाहा पाएँ- म त पानीको सानो तलाउमा सुतेको रहेछु । ठीकै छ, यसले केही फरक पर्दैन । मैले आफ्नो सामानको सानो पोको जमिनमा राखेँ र आफ्नो शरीरलाई पानीबाट जोगाउन अध्यक्षको भाँचिएको छाता प्रयोग गरेँ । मेरो टाउको राख्ने वस्तु अझ पनि पानीमा भिजिरहेको थियो तर पनि चट्टानमा टाउको राख्नेबित्तिकै म गहिरो निद्रामा परेँ ।

म निद्राबाट ब्युँभँदा सूर्य उदाइसकेको थियो । यसका किरणहरू घना जङ्गललाई छिचोलेर जगमगाइरहेका थिए। घाँटीमा (उपत्यकामा) बिहानीको कुहिरो अझ पनि लागिरहेको थियो । वर्षा रोइरहेको थियो । रूखहरूबाट मोतीजस्तै पानीका थोप्राहरू टप्किरहेका थिए । मैले जसै आँखा खोलेँ । मेरो घाँटीमा दुखिरहेको थाहा पाएँ । त्यो एउटा अचम्मको पीडा थियो जुन तब मात्र हुन्थ्यो जब म तलतिर हेर्दथेँ । पानी अझ पनि मेरो अनुहारमा झरिरहेको थियो । पानीलाई नाकभित्र पस्न दिनु मात्रै उक्त पीडाबाट बच्ने उपाय थियो । मैले यसलाई गम्भीरतापूर्वक ध्यान दिइनँ किनकि मैले सोचेँ यो गम्भीर बिरामी होइन । यसबारेमा हल्ला गर्नु आवश्यक छैन । त्यसैले कसैसँग पनि केही भनिनँ ।

हामीले आफ्नो अभियान जारी राख्यौँ ।

अध्यक्ष माओ सधैँ हरेक चीजमा ध्यान राख्नुहुन्थ्यो । मलाई केही असजिलो भएको कुरा सर्वप्रथम उहाँले नै देख्नुभयो र मसँग ठट्टा गर्दै सोध्नुभयो, 'कुरा के हो छन छाङ फङ ? जतिबेला पनि आकाशितर किन हेर्दछौ ? के हवाईजहाजको खोजीमा छौ ?'

मैले आकाशतिर हेर्दै टोलाएर भनेँ, 'यहाँ हाममाथि दुईवटा आकाश छन् । दुस्मनको हवाईजहाज जतिसुकै निपुण भए पनि हामीलाई देख्न सक्दैन ।'

'त्यसो भए आकाशमा त्यस्तो के चीज छ जसमा तिम्रो यति साह्रो दिलचस्पी छ ?' उहाँले पुनः प्रश्न गर्नुभयो । मैले उहाँनजिकै गएर भनेँ, 'मेरो गर्दन अलिअलि दुःखेको छ । म तल हेर्न सक्दिनँ । जब म टाउको चलाउने कोसिस गर्छु तब मलाई असैह्य पीडा हुन्छ ।'

अध्यक्ष अचानक रोकिनुभयो । 'कुनै चिन्ताको कुरा छैन', मैले अगाडि भनेँ, 'केही समयपछि आफैँ ठीक भैहाल्छ ।' म उहाँलाई चिन्तित बनाउन चाहन्नथेँ ।

मेरो अन्तिम कुराको वास्ता नगरी उहाँले मेरो गर्दनलाई कोमलतापूर्वक छुनुभयो र मेडिकल अर्दली चुङ फु-छाङलाई बोलाएर मलाई तुरुन्त जाँच्न भन्नुभयो । अध्यक्षको बोलावट सुनेर सबैजना मेरोवरिपरि जम्मा भए । चङ स्येन-ची र चुङ युङ-होले मेरो रोगबारे बढी चासो देखाए । उनीहरूले मेरो गर्दन दबाए, मेरो टाउको सुमसुम्याएर मलाई यति हैरान पारे, म रिसले बोल्नसमेत सकिनँ ।

चुङ फु-छाङले ज्यादै सावधानीपूर्वक मेरो जाँच गरे र मुस्कुराउँदै अध्यक्षतर्फ फर्किए, 'म यो बिरामीलाई केही गर्न सक्दिनँ ।' उनले भने, 'राती उनको गर्दनको नसा ज्यादै तानिएको हुनुपर्छ ।'

अब अध्यक्ष पहिलेजस्तो चिन्तित नभएजस्तो देखिनुहुन्थ्यो । उहाँले भन्नुभयो, 'तर पनि हामीले उसका लागि केही न केही त गर्नैपर्छ । चङ स्येन-ची ! डाक्टरी टोलीमा गएर डाक्टरलाई भन्नू- उनी आएर छन् छाङ फङलाई जाँचून् ।'

मैले यसको कुनै आवश्यकता छैन भन्नुअगावै चङ स्येन-ची हिँडिहाले । अनुहार माथि फर्काएर हिँड्दा लडिने डर थियो । त्यसैले मलाई बचाउन अध्यक्षले मेरो हात समातेर आफूसँगै हिँडाइरहनुभएको थियो । त्यसबेला यस्तो लाग्थ्यो- कुनै पिताले भर्खर हिँड्न सिकेको छोरालाई हिँडाइरहेको छ । 'फिर नगर', उहाँले मलाई सान्त्वना दिँदै भन्नुभयो ।

डाक्टर दौडँदै आए । उनले मसँग बिस्तारै धेरै प्रश्नहरू सोधे । मेरो गर्दनको जाँच गरेर मलम लगाइदिए । केही क्षणपछि नै गर्दन अलिकति ठीक भयो ।

'अब त बिलकुल ठीक भयौ होला नि ?', अध्यक्षले सोध्नुभयो । अब म तल हेर्नसक्ने उहाँले देख्नुभयो । मैले टाउको हल्लाएँ र उहाँलाई भनेँ- म बिल्कुल ठीक छु । यो सुनेर उहाँले भन्नुभयो, 'तिमी पनि अचम्मको मान्छे छौ । सुत्नका लागि तिमीले आफ्नो टाउको दिन पनि तयार भयौ !'

पहाड एवम् जङ्गलहरूलाई पछाडि छोड्दै हामी माओअङकाए पुग्यौँ । घाँसे मैदान पार गर्ने तयारी पूरा गर्न हामी त्यहाँ रोकियौँ । मलाई औलोले नराम्ररी सताएको थियो । च्याचिन पहाड पार गर्नुअगावै मलाई औलो लागिसकेको थियो तर पहाड पार गर्दाको समयमा एकपटक पनि औलो लागेको थिएन । फेरि म वर्षाको पानीमा निथ्रुक्क रुभेको थिएँ साथै ज्यादै थाकेको पनि थिएँ । जब हामी यात्राको सबैभन्दा कठिन खण्ड दलदले घाँसे मैदान पार गर्ने तयारी गर्दै थियौँ तब म नराम्रोसँग औलोको सिकार भएँ । त्यसबखत बिरामी पर्नु मेरा लागि दुर्भाग्यको कुरा थियो भने अरूहरूका लागि चिन्ताको विषय । विशेषगरी अध्यक्ष माओ ज्यादै चिन्तित हुनुहुन्थ्यो । उहाँ पनि ज्यादै कमजोर हुनुभएको थियो र उहाँको शरीर पहिलेभन्दा अग्लो देखिन थालेको थियो ।

ती दिनहरूमा उहाँले धेरै बैठकहरूमा भाग लिनुपरेको थियो । कहिलेकहीँ यी बैठकहरू राती अबेरसम्म चलिरहन्थे तब उहाँ विश्रामबिना रातको अन्तिम प्रहरसम्म पनि अन्य नेताहरूसँग विभिन्न समस्याहरूमाथि छलफल गर्नुहुन्थ्यो । उहाँ ज्यादै व्यस्त भए पनि अक्सर गरी मलाई हेर्न आउने गर्नुहुन्थ्यो । म हतोत्साहित भएको देख्दा उहाँ मलाई घाँसे दलदल किन पार गर्नुपरेको छ भन्ने कुरा बुझाउँदै उत्साहित गर्नुहुन्थ्यो । उहाँ धेरै चाखलाग्दा घटनाहरू सुनाएर मेरो मन बहलाउनुहुन्थ्यो ।

उहाँबाट मैले एउटा पिताको माया पाएको थिएँ । मभित्र उहाँप्रति गहिरो हार्दिक कृतज्ञताको भावना उत्पन्न हुन्थ्यो र मैले आफैँलाई घृणा गर्न लागेको थिएँ, किन म यस्तो समयमा बिरामी परेँ ? मैले आफ्ना साथीहरूको बोझ अरू बढाएको थिएँ र अध्यक्षको ध्यान बाँडिदिएको थिएँ ।

हामीले माओअङकामा करिब एक महिना बितायौँ र १९३५ को मध्यअगस्तमा हामी विशाल दलदले घाँसे मैदान पार गर्नका लागि रवाना भयौँ जसलाई यसअघि कसैले पनि पार गरेको थिएन । हामी चालीस ली पनि पार नगर्दै बीस लीभन्दा पनि लामो जङ्गलमा पुग्यौँ । त्यस जङ्गलका रूखहरू ज्यादै अग्ला-अग्ला थिए । हाँगा पनि निकै ठूलठूला थिए । जब हामी त्यहाँ बास बस्यौँ तब हामीले अध्यक्षका लागि दुई रूखहरूबीच झुला बनाइदिन्थ्यौँ । दिनमा जब हामी एकैछिन रोकिन्थ्यौँ तब अध्यक्ष कहिल्यै पनि आराम गर्नुहुन्थेन । उहाँ बैठकमा भाग लिन वा सैनिकहरूलाई भेट्न

... बाँकी ७ पेजमा

## कविता

### थुनौँ दलाल !

**प्रकाशसिंह राना**

राणा शासन, राज्यसत्ता ढाले जनताहरू
जनतामा आयो शासन भन्छन्, दलालहरू
शीर्ष नेता स्वार्थी भए जनताले के पाए ?
स्वार्थी नेता भनौँदाले भारतीयलाई ल्याए ।

भारतीयलाई नेपालका नागरिक बनाएका
देश नेपाल खानलाई साँठगाँठ मिलाएका
भारतका स्वार्थी आधारमा मन्त्री बनाएका
शीर्ष नेता भनौँदाले देश डुबाएका ।

स्वार्थ लिन गर्छन् दलाल कुर्सी तानातान
भागबन्डा नमिलेमा गर्छन् हानाहान
नदीनाला बेची खाए, उद्योग बन्द गराए
नेपालका युवाहरूलाई विदेशतिर पठाए ।

विदेशीका इसारामा नाचेका छन् यिनी
लुटेका छन् नेपाललाई मौका यही हो भनी
जुट्ने-फुट्ने गर्छन् यिनी नाटक देखाउँछन्
गोप्य रूपले आपसमा कुरा मिलाउँछन् ।

लिपुलेक, लिम्पियाधुरा, कालापानी पनि
सुस्तासमेत भारतले मिच्यो हाम्रो भनी
देशका लागि लड्ने युवा सहिद, अपाङ्ग भए
स्वार्थी नेता दलालले घर न घाटको बनाए ।

अब हामी अत्याचार सहेर बस्न हुन्न
जागौँ हामी क्रान्तिकारी यी दलाललाई थुन्न ।

## जनमत सङ्ग्रह न ....

गम्भीर प्रकारको अवस्था आएको खण्डमा गम्भीर परिस्थितिमा गम्भीर प्रकारका विषयहरूलाई किनारा लगाउन सार्वभौमिक सत्ता जनमतद्वारा प्रयोग गर्ने विशिष्ट प्रकारको विधि हो।

नेपाल कम्युनिस्ट पार्टीले अघि सारेको जनमतसङ्ग्रहको कार्यनीतिले आमजनताका बीचमा वैज्ञानिक समाजवादको लक्ष्यमा अघि बढ्न, संसदीय व्यवस्थाको विकल्पमा आफ्नो मत प्रकट गर्न र दलाल पुँजीवादी अर्थतन्त्रका विरुद्ध राष्ट्रिय पुँजीको विकास गर्ने बाटो खोल्न मद्दत गर्नेछ । आखिर वैज्ञानिक समाजवादी व्यवस्थाले नै जनताको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार, सञ्चारलगायत आधारभूत आवश्यकताहरूलाई सुनिश्चित गर्ने आधार प्रस्तुत गर्दछ। यही बाटोबाट नै अन्ततः साम्यवादमा पुग्न सकिनेछ।

## पाटी केन्द्रीय सदस्य ....

भेटमा नेता बास्तोला र आदर्शबीच राजनीतिक तथा वैचारिक विषयमा छलफल भएको थियो । भेटका क्रममा आदर्शले जेल बसाइका अनुभूतिहरू सुनाएका थिए । केही दिनअघि नेता आदर्शलाई पार्टी महासचिव विप्लवले पनि स्वागत गरेका थिए।

केपी ओली सरकार र नेकपाबीच गत फागुन २१ गते सहमतिपछि प्रतिबन्ध फिर्ता भए पनि केन्द्रीय सदस्य भरत बम ‘रणवीर’ लगायत सयभन्दा बढी नेता-कार्यकर्ता झूट्टा मुद्दामा गैरन्यायिक बन्दी जीवन बिताइरहेका छन्।

## महासचिव विप्लवद्वारा ....

शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना पनि व्यक्त गरेका छन्।

२००३ साल भदौ १८ गते कालीकोट जिल्ला रास्कोट नगरपालिका ७ पाखरकोटमा जन्मिएकी धनसरादेवी हाल टीकापुर नगरपालिका १ कैलालीमा बसोबास गर्दै आएकी थिइन्। उनी लामो समयदेखि श्वासप्रश्वाससम्बन्धी रोगबाट पीडित थिइन् । यही साउन महिनाको ५ गते उपचारका क्रममा उनको निधन भएको थियो।

## महासचिव विप्लव र प्रम ..

कञ्चन सहभागी रहेको बताइएको छ। महासचिव विप्लवले सरकारसँग भएको सहमतिअनुसार जेलमा रहेका नेकपाका नेता-कार्यकर्ताहरूको रिहाइ र झूट्टा मुद्दा खारेजीको विषय उठाएका थिए भने देउवाले सहमति कार्यान्वयन गर्न पहल गर्ने प्रत्युत्तर दिएका थिए।

नेकपाका महासचिव विप्लव गत सातादेखि निरन्तर विभिन्न राजनीतिक दलका नेताहरूसँग भेटवार्ता र छलफलमा व्यस्त छन् । विप्लवले यसअघि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, पूर्वप्रधानमन्त्री एवम् नेकपा एमालेका अध्यक्ष केपी ओली, एमालेका नेता माधव नेपाल, पूर्वप्रधानमन्त्री एवम् जसपाका नेता डा. बाबुराम भट्टराईलगायत नेतासँग भेटवार्ता गरी मुलुकलाई सङ्कटबाट निकास दिन आफ्नो पार्टीले अघि सारेका प्रगतिशील संयुक्त सरकार, जनमतसङ्ग्रह र वैज्ञानिक समाजवादको एजेन्डाबारे छलफल चलाउँदै आएका छन् । भेटवार्ताका क्रममा ओली सरकारसँग भएको तीनबुँदे सहमति कार्यान्वयनका विषयमा पनि छलफल हुने गरेको बताइएको छ । विभिन्न राजनीतिक पार्टीका नेताहरूले आफ्नो पार्टीका तर्फबाट राखिएका प्रस्तावहरू गम्भीरतापूर्वक सुनेको प्रतिक्रिया भेटवार्तामा सहभागी नेकपाका नेताहरूले दिने गरेका छन्।

## महासचिव विप्लव र महन्थ ..

भएर अघि बढ्न जसपा नेता ठाकुरलाई सुझाव दिएका थिए।

जसपा नेता ठाकुरले महासचिव विप्लवसँग आफूहरू विशेषतः मधेसी जनताको अधिकारका लागि आन्दोलनको पृष्ठभूमिबाट अघि बढेको भए पनि समग्र आन्दोलनका लागि सोच्न तयार रहेको बताएको जानकारी नेकपा स्रोतले दिएको छ।

नेकपा र पूर्ववर्ती केपी ओली सरकारबीच गत फागुन २१ गते ३ बुँदे सहमतिमा हस्ताक्षर भए पनि नेकपाका बन्दी नेता-कार्यकर्ताको रिहाइ र पार्टीका नेतामाथि लगाइएका झूट्टा मुद्दा खारेज नहुँदा वार्ता अघि बढ्न सकेको छैन । अझै पनि भरत बम ‘रणवीर’ लगायत सयभन्दा बढी नेकपा-नेता-कार्यकर्ता झूट्टा मुद्दामा गैरन्यायिक बन्दी जीवन बिताइरहेका छन्।

नेकपा महासचिव विप्लव विगत दुई सातादेखि विभिन्न राजनीतक पार्टीका नेताहरूसँग राजनीतिक संवादमा व्यस्त छन्। यसअघि महासचिव विप्लवले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, जसपा नेता एवम् पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई, पूर्वप्रधानमन्त्री एवम् एमाले अध्यक्ष केपी ओली, पूर्वप्रधानमन्त्री एवम् एमाले नेता माधव नेपाल, बहालवाला प्रधानमन्त्री एवम् नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा, राप्रपा अध्यक्ष कमल थापा, नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य ‘किरण’, पूर्वमाओवादी केन्द्रमा रहेका र हाल केपी ओलीसँग एमालेमा क्रियाशील टोपबहादुर रायमाझी, लेखराज भट्ट, मणि थापालगायत नेता-कार्यकर्तासँग भेटवार्ता गरी सरकारसँग भएको तीनबुँदे सहमति कार्यान्वयनका लागि वातावरण बनाउन र मुलुकको राजनीतिक सङ्कटलाई निकास दिन संयुक्त प्रगतिशील सरकार, दलाल संसदीय व्यवस्था कि वैज्ञानिक समाजवाद भन्ने विषयमा जनमतसङ्ग्रह र विशेषगरी वैज्ञानिक समाजवाद स्थापनाका विषयमा छलफल र बहस गर्दै आएका छन्।

## महासचिव विप्लव र उपेन्द्र ..

जनताको समस्या समाधान गर्न नसक्ने विषय राख्दै यसका लागि वैज्ञानिक समाजवादसम्म पुग्नुपर्ने धारणा राखेका थिए।

जसपा अध्यक्ष यादवले नेकपा सहमतिको प्रक्रियामा आउनु उपयुक्त कदम रहेको जनाउँदै सहमति कार्यान्वयन र बन्दी रिहाइका लागि आफ्नो पार्टीका तर्फबाट सहयोग र पहल गर्ने प्रतिबद्धता जनाएका थिए। उनले जनताको समस्या समाधानका लागि सबै उपयुक्त विकल्पहरूमा छलफलका लागि आफूहरू तयार रहेको पनि बताएका थिए। नेकपाले भेटघाट महत्वपूर्ण र सकारात्मक रहेको बताएको छ।

नेकपा र पूर्ववर्ती केपी ओली सरकारबीच गत फागुन २१ गते ३ बुँदे सहमतिमा हस्ताक्षर भए पनि नेकपाका बन्दी नेता-कार्यकर्ताको रिहाइ र पार्टीका नेतामाथि लगाइएका झूट्टा मुद्दा खारेज नहुँदा वार्ता अघि बढ्न सकेको छैन । अझै पनि भरत बम ‘रणवीर’ लगायत सयभन्दा बढी नेकपा-नेता-कार्यकर्ता झूट्टा मुद्दामा गैरन्यायिक बन्दी जीवन बिताइरहेका छन्।

नेकपा महासचिव विप्लव विगत दुई सातादेखि विभिन्न राजनीतक पार्टीका नेताहरूसँग राजनीतिक संवादमा व्यस्त छन्। यसअघि महासचिव विप्लवले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, जसपा नेता एवम् पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई, पूर्वप्रधानमन्त्री एवम् एमाले अध्यक्ष केपी ओली, पूर्वप्रधानमन्त्री एवम् एमाले नेता माधव नेपाल, बहालवाला प्रधानमन्त्री एवम् नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा, राप्रपा अध्यक्ष कमल थापा, नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य ‘किरण’, पूर्वमाओवादी केन्द्रमा रहेका र हाल केपी ओलीसँग एमालेमा क्रियाशील रामबहादुर थापा, टोपबहादुर रायमाझी, लेखराज भट्ट, मणि थापालगायत नेता-कार्यकर्तासँग भेटवार्ता गरी सरकारसँग भएको तीनबुँदे सहमति कार्यान्वयनका लागि वातावरण बनाउन र मुलुकको राजनीतिक सङ्कटलाई निकास दिन संयुक्त प्रगतिशील सरकार, दलाल संसदीय व्यवस्था कि वैज्ञानिक समाजवाद भन्ने विषयमा जनमतसङ्ग्रह र विशेषगरी वैज्ञानिक समाजवाद स्थापनाका विषयमा छलफल र बहस गर्दै आएका छन्।

## गण्डकी प्रदेशका ..

मुख्यमन्त्रीको कार्यालयमा सिस्टाचार भेटघाट गरेका हुन्।

नेत्री उमा भुजेल ‘शिलु’ ले मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखेल समक्ष विगतमा सरकारले गरेको तीनबुँदे सहमति कार्यान्वयन, नेकपाले अगाडि सारेको वैज्ञानिक समाजवादी व्यवस्थामा जानको लागि शान्तिपूर्ण तरिकाले जनमतसङ्ग्रहमा जाने कुरा, अहिलेको कोरोना महामारीमा आम जनतालाई परेको समस्याको समाधान गर्न र छिटोभन्दा छिटो जनतालाई कोरोना भाइरसविरुद्धको खोप उपलब्ध गराउन ध्यानाकर्षण गराइन्।

उक्त भेटघाटमा मुख्यमन्त्री पोखेलले सबै राजनीतिक दलहरूसँग सहकार्य गर्ने प्रतिबद्धता जनाएको ई-रातोखबरलाई प्राप्त समाचारमा जनाइएको छ।

## दलित मुक्ति र ..

संस्कृति र मनोविज्ञान उल्टन सक्दैन । यसप्रकारको ऐतिहासिक अवसर भारतको दलित समुदायले ठुलो युद्ध लडेर मात्र प्राप्त गर्न सक्छ र कैयौं सहश्राब्दीदेखि चलेको जात प्रथाको अन्त्य र शूद्र जातका रूपमा स्थापित भएको भारतको अष्पृश्यतावादी विभेदको अन्त्यका लागि सङ्घर्ष गरेर र त्यसमा राजनीतिक, आर्थिक, सांस्कृतिक र क्रान्तिकारी चेतनायुक्त विजय प्राप्त गरेर मात्र भारतीय शूद्र जातिले गौरवशाली इतिहासको निर्माण गर्न सक्छ।

देशभित्र यसप्रकारको युद्ध कसरी लड्ने ? यो एउटा गम्भीर प्रश्न हुनसक्छ। तर यसप्रकारको युद्ध नजितीकन भारतको दलित जाति कुनै पनि हालतमा मुक्त हुन सक्नेछैन।

यसप्रकारको युद्ध केवल समाजवादी क्रान्तिका लागि हुनेछ। भारतको दलित जाति तीन विशाल पहाडले थिचिएको छ जुन पहाड नपन्छाईकन कुनै पनि हालतमा मुक्त हुन सक्दैन । त्यसमा पहिलो पहाड दलितको स्तरमा जाने गरी युद्धमा शृङ्खलाबद्ध रूपमा पराजित भएको इतिहास हो जुन भारतीय सांस्कृतिक धरोहरका रूपमा स्थापित भइरहेको छ । दोस्रो पहाड वर्णाश्रम व्यवस्थामा आधारित सामन्तवादी संस्कृति हो जसले दलितलाई शूद्रका रूपमा नितान्त अपहेलित बनाएको छ र भारतीय नागरिकको नसानसामा बग्ने हरेक थोपा रगतमा स्पन्दित भइरहेको छ। तेस्रो पहाड भनेको दलाल पुँजीवादी र साम्राज्यवादी आर्थिक उत्पीडन हो जसबाट जलित जाति अत्यन्त प्रताडित छन्। यी सबै पहाडहरूमा राजनीतिक, आर्थिक, सामाजिक र संवैधानिक कारणले वा कानुनी व्यवस्था गरेर तेस्रो पहाड पन्छाउन खोजे पनि पहिलो र दोस्रो पहाड पन्छाउनका लागि युद्धको विजयबिना कुनै पनि हालतमा असम्भव हुनेछ।

यसप्रकारको युद्ध भारतीय दलित जनतालेसर्वहारा वर्गको नेतृत्वमा लडेर मात्र जित्न सम्भव छ। दलित जातिको मात्र सत्ता स्थापना गरेर पनि अहिलेको दुनियाँमा मुक्ति सम्भव छैन । कुनै समय थियो जातीय राज्यहरूको गठन हुने तर अहिले त्यो नारा अत्यन्त पिछडा प्रकारको भएको छ । जातीय युद्ध र द्वन्द्वले सर्वहारा वर्ग वा देशको कुनै पनि जनतालाई फाइदा हुन सक्दैन । हुनत भारतमा कास्मिरदेखि पूर्वोत्तर र दक्षिणसम्म जातीय सङ्घर्षहरू भइरहेका छन् र स्वतन्त्र राज्यका लागि भारतीय नागरिक कुनै न कुनै रूपमा लडिरहेका छन् । तर यसप्रकारको लडाइँले छुट्टै देश बनेर पनि उत्पीडनमा कमी हुन सक्दैन र दलितको हकमा दलित प्रणालीको अन्त्य हुन पनि सक्दैन किनभने पुँजीवादी व्यवस्थाले सामन्तवाद र दासतावादको विरासत बोकेर ल्याएको छ जससँगको सम्बन्धविच्छेद गर्न उसका लागि असम्भव छ । त्यसकारण वर्गीय युद्धबाट मात्र यसप्रकारको लडाइँ जित्न सम्भव हुनेछ। भारतमा भएको दलित जाति आफैँमा सर्वहारा वर्ग हो । यो वर्ग अहिले विशाल छ किनकि सबै जातिहरू वर्गीय रूपमा विभाजित भएको छ । सर्वहारा वर्ग एउटा अन्तर्राष्ट्रिय जाति हो जसको एकताबाट मात्र पुँजीवादी, सामन्तवादी र प्रतिक्रियावादी सत्ताका विरुद्ध विजय हासिल गर्न सम्भव हुनेछ । यसमा एकातिर दलित जातिबाट क्रान्तिकारी युद्धको नेतृत्व गर्न सक्ने क्षमताको विकास गर्न आवश्यक छ भने अर्कोतिर आर्यजातिका क्रान्तिकारीहरूले पूर्वजहरूले गरेको गल्तीका लागि क्षमायाचनासहित दलित समुदायबाट आएका नेतृत्वलाई मदत गर्नु आवश्यक हुनेछ।

### दलित उन्मुक्तिका लागि रणनीति

नेपालमा जनयुद्धको समयमा दलित जात करिब उन्मूलन भएको थियो । नेपाली जनताको जनयुद्धले नेपालको सामन्तवादी संस्कृतिको मुटुमा प्रहार गर्‍यो र समाजमा ठुलो उलटपुलट पैदा गर्‍यो । क्रान्तिकारी राजनीतिले क्रान्तिकारी संस्कृतिको विकास गर्छ, क्रान्तिकारी संस्कृतिले मानिसको दिमागहरूमा क्रान्तिकारी चेतनामा पैदा गर्छ । नेपालको क्रान्तिकारी आन्दोलनमा छुवाछूत, जातभात, जाति तथा जातीय विभेद, छाउपडी, धामी-झाँक्रीजस्ता अन्धविश्वासहरू समाप्त भएका थिए। त्यसप्रति विश्वास गर्ने मानिसहरूको चेतनामा ठुलो परिवर्तन आएको थियो तर जब क्रान्तिकारी अन्दोलनको पराजय हुँदै गयो तब पुराना रूढिवाद, अन्धविश्वास, पिछडिएको चेतना हावी हुँदै गयो । समाजको चेतना शाशक वर्गको चेतना हुने गर्छ । जनयुद्धको समयमा ग्रामीण क्षेत्रको शासक माओवादी क्रान्तिकारी थियो । त्यसकारण ग्रामीण क्षेत्रको जनतामा क्रान्तिकारी संस्कृति र चेतना पैदा भएको थियो । तर क्रान्तिको विसर्जन र संसद्वाद हाबी भएसँगै क्रान्तिकारी संस्कृति र चेतनाको पनि विसर्जन हुँदै गयो र बुर्जुवा तथा सामन्तवादी चेतना हाबी हुँदै गयो।

हामीले के कुरा हेक्का राख्न आवश्यक छ भने नेपालको आधुनिक इतिहासमा दलितमाथि हुने बर्बरतापूर्ण उत्पीडनको अन्त्य गर्न नेपालका सबै शासकहरूले संवैधानिक तथा कानुनी उपचारको व्यवस्था गर्दै आएका थिए तर ती कानुन र बिधिहरूले त्यति काम कहिल्यै गरेनन जति जनयुद्धका केही दिन, महिना र वर्षहरूमा गरेको थियो । कानुनले शासकहरूको स्वार्थका बिरुद्ध मानिसको स्वाभाविक व्यवहारलाई बाध्यात्मक नियम बनाइदिन्छ । त्यसले मानिसको चेतना र वस्तुगत अवस्थाका बीचमा अन्तरविरोध पैदा गर्छ । उदाहरणका लागि लिऊँ सामन्तवादी संस्कृतिका रूपमा रहेको नेपाली समाजमा शासक वर्गले दिनदिनै अन्धविश्वासपूर्ण संस्कृतिको जगेर्ना गर्न मन्दिरमा पूजा गर्दै हिँडेको हुन्छ । शासक वर्गको त्यही संस्कृति पछ्याउने जनताले छुवाछूत, छाउपडी स्वाभाविक रूपमा मान्न पुग्छन् जो उनीहरूको सामाजिक व्यवहारबाट पैदा भएको मानसिक उपज- चेतना हो। जनताको यो व्यवहार अहिलेको विश्वका सभ्य मुलुकका नागरिकहरूको अगाडि बदनाम हुने भएकाले सरकार छुवाछूत र छउपडीलाई कानुनी रूपमा प्रतिबन्धित गर्न खोज्छ। यसबाट कानुनी रूपले कोही मानिसका लागि केही काम निश्चित रूपले गर्न सक्छ तर त्यो सामाजिक संस्कृतिका रूपमा होइन, सरकारी दण्डका रूपमा हुन पुग्छ।

दलित मुक्ति त्यति बेला मात्र सम्भव हुनसक्छ जब पुरानो पुँजीवादी उत्पादन सम्बन्ध, पुरानो सामन्ती तथा पुँजीवादी उत्पादन सम्बन्धले बनाएको सामाजिक सम्बन्ध, संस्कृति र त्यसको जगमा बनेको चेतनामा आमूल परिवर्तन हुन्छ। यसप्रकारको अवस्था त्यतिबेला मात्र सम्भव हुन्छ जब, समाजमा अत्याचारपूर्ण परिचयका लागि थोपरिएको दलित जात र थरहरूको पूर्ण रूपले उन्मूलन हुन्छ। हरेक मानिसले आफ्नो गोत्र र समाजको सम्मान प्राप्त गर्ने समुदायसँग न्यायोचित तरिकाले सामाजिक पारिवारिक अन्तरघुलन र सामाजिक अन्तरघुलन गर्न पाउने अवस्था प्राप्त गर्दछ। यसप्रकारको परिवर्तन केवल सर्वहारा वर्गको नेतृत्वमा हुने वैज्ञानिक समाजवादी क्रान्तिले मात्र पूरा गर्न सक्छ।

तसर्थ दलित मुक्तिका लागि कार्यनीतिक रूपले जात प्रथाको उन्मूलन, जात प्रथाका आधारमा रहेका थरहरूको उन्मूलन, दलित बनाइएकाहरूले गोत्रीय पहिचानका आधारमा समाजमा स्थापित गर्ने प्रक्रिया र सामाजिक सम्मानका लागि गरिने सङ्घर्षका साथसाथै रणनीतिक रूपमा पुरानो सत्ताको अन्त्यका लागि सङ्घर्ष गर्नु आवश्यक हुन्छ । यसप्रकारको सङ्घर्षबाट मात्र नेपाली दलितमाथि थोपरिएको वर्णाश्रम व्यवस्थामा आधारित सामन्तवादी सांस्कृतिक उत्पीडन, दलाल पुँजीवादी उत्पीडन र जात प्रथाका कारण छुवाछूतको अपराधमा पिसिनुको उत्पीडनबाट मुक्त हुन सकिन्छ।

## हिउँले ढाकिएको ..

जानुहुन्थ्यो। त्यसैले मेडिकल अर्दली चुङ फू-छाङले मलाई आराम गर्न भन्दथे।

एक रात म सुतिरहेको थिएँ। सैनिकहरूले आगो बालेका थिए। यो प्राचीन जङ्गलमा न चराचुरुङ्गीले, न त पशुले नै कहिल्यै आगो देखेका थिए। तिनीहरू डराएर अचम्म-अचम्मका आवाजहरू निकाल्न थाले र वरिपरि चक्कर काट्न थाले । मेरा केही साथीहरू आगोको वरिपरि बसेका थिए भने केही रूखको आड लागेर गहिरो निद्रामा सुतेका थिए।

म झुलामा सुतिरहेको थिएँ । मलाई फेरि ज्वरो आउन लाग्यो । मैले अध्यक्ष माओले मलाई माओअड्काएमा दिनुभएको नयाँ कपडा जुन उहाँलाई सायद कसैले उपहार दिएको थियो र उहाँको कम्बल पनि ओढिराखेको थिएँ तर पनि म लगातार कामिरहेको थिएँ । अरू ब्यूँझलान् भन्ने डरले आफूलाई नियन्त्रणमा राखिरहेको थिएँ र अलिकति पनि कराएको थिइनँ । मलाई विशेषगरी के कुराको डर थियो भने कहीं मेडिकल अर्दली चुङ फु-छाङ नब्यूँझिऊन् किनभने उनले मलाई फेरि ज्वरो आएको कुरा थाहा पाए तत्काल अध्यक्ष माओलाई बताउँनेछन् र फेरि अध्यक्ष माओ कसै गरी पनि आफ्नो झुलामा सुत्नुहुने छैन। म घुँडामा मुन्टो जोरेर सास दबाउँदै बसिरहेँ। अचानक मेरो अगाडि एउटा अग्लो छायाँ देखियो । अध्यक्ष माओ फर्कनुभएको थियो । मैले खुट्टा तन्काउने अथक प्रयास गरेँ तर खुट्टा निदाएको थियो। यस्तो लाग्थ्यो- खुट्टा पेटसँग टाँसिएको छ। कसै गरी खुट्टा तन्काउन सकिनँ। शरीर मेरो काबुमा थिएन । म लगलग कामिरहेको थिएँ र मेरो दाँत टकटक बजिरहेको थियो। अध्यक्ष नजिक आएर झुक्नुभयो।

‘के भयो छन छाङ फङ ?’, उहाँले मेरो निधारमा हात राख्दै सोध्नुभयो, ‘चुङ फू-छाङ ! के छाङ फङ बिरामी परे ?’ उहाँ धेरै ठूलो स्वरमा बोल्नुभएन तर पनि आगोको चारैतिर सुतेकाहरू सबै उठेर मेरो वरिपरि जम्मा भए।

जब अध्यक्ष माओ तथा मेरो वरिपरि उभिएका अरू साथीहरू ज्यादै चिन्तित भएर मलाई हेरिरहेको देखेँ, तब मलाई यस्तो लाग्यो- मेरो शरीरमा शक्ति फर्केको छ र म उठेर बसेँ । ‘सुत !’ अध्यक्षले नम्रतापूर्वक आज्ञा दिनुभयो र आफ्ना दुवै हातले मलाई झुलामा सुताउनुभयो। म उठेर बस्ने भरमग्दुर प्रयास गरेँ तर उहाँले आफ्नो सबल हातले मलाई जबरजस्ती सुताउनुभयो । प्रतिरोध गर्ने शक्ति पनि हरायो। म सुतेको देखेर उहाँले मलाई केही औषधी दिन चुङ फू-छाङलाई भन्नुभयो । उहाँ र अरू साथीहरू आगोनजिक गएर सुते।

भोलिपल्ट बिहान जब म उठेँ, म झुलाबाट दौडिएँ। मभित्र यतिको शक्ति कहाँबाट आयो ? यो मलाई नै थाहा थिएन- सायद राती राम्रोसँग सुतेर हो वा अध्यक्षको पितासमानको हेरचाहले । मैले सबैभन्दा पहिलो काम दौडेर गई उहाँलाई भेटेँ।

‘स्वास्थ्य पहिलेभन्दा त राम्रो छ हैन ?’, उहाँले मेरो पाखुरा समाउँदै सोध्नुभयो।

म एक शब्द पनि बोल्न सकिनँ। मेरो आँखाबाट आँसुको धारा बगिरहेको थियो । हामीले आफ्नो अभियान फेरि सुरु गर्‍यौँ । पुरानो जङ्गल पछाडि छाड्यौँ र हामी दलदले मैदानमा प्रवेश गर्‍यौँ । हाम्रोअगाडि एक विशाल तथा बिरानु (सुनसान) दलदल मैदान थियो । त्यहाँ एकजना पनि मान्छे बस्दैनथे । कुनै घर पनि थिएन । त्यस दुर्गन्धित पानीमा जङ्गली घाँसको झाडी थियो। त्यसको कहीँ कुनै अन्त्य थिएन । जब हामी त्यहाँ हिँड्थ्यौँ तब हिलोमा छ्यापछ्याप गर्ने निरस आवाज निस्कन्थ्यो। अलिकति पनि सावधान नभए खुट्टा दलदल भित्रसम्म गड्थ्यो र जब कहीँ यस दलदलमा खुट्टा निकाल्न मुस्किल हुन्थ्यो। कैयौँपटक हाम्रा खुट्टाहरू हिलोमा गाडिए र अध्यक्षका बलिष्ठ हातहरूले हामीलाई तानेर बाहिर निकाले।

त्यहाँको मौसम जाडो थियो र बदली भइरहन्थ्यो। कहिले पानी पर्थ्यो त कहिले हिउँ पर्थ्यो। कहिलेकहीँ त असिना पनि पर्थ्यो। हामीले प्रत्येक पाइला उचाल्न ज्यादै मेहनत गर्नुपर्थ्यो । अध्यक्ष हाम्रो अघिअघि हिँडिरहनुभएको थियो। प्रत्येक कदम हिँडेपछि उहाँ पछाडि फर्केर ज्यादै चिन्तित हुँदै हेर्नुहुन्थ्यो र हामीले जबाफ नदिँदासम्म बोलाइरहनुहुन्थ्यो। त्यसपछि उहाँ फेरि अगाडि बढ्नुहुन्थ्यो। हामी थाकेको देख्दा उहाँ कहिलेकहीँ कथाहरू सुनाउनुहुन्थ्यो त कहिले ठट्टा गरेर हामीलाई यति हँसाउनुहुन्थ्यो, हाम्रो पेट दुख्न थाल्थ्यो। यसले गर्दा हामी थकाइ भुल्थ्यौँ।

दलदले मैदानको यस कठिन परिस्थितिमा पनि कसैले ‘उफ्’ सम्म गरेनौँ, न कसैले कुनै गुनासो गर्‍यौँ । मैदान पार गर्ने हाम्रो दृढ लक्ष्य थियो र हामीसँग यो पूरा गर्न सक्छौँ भन्ने पूर्ण विश्वास पनि थियो । वास्तवमा हामी अध्यक्ष माओको साथमा सधैँ आशावादी रहन्थ्यौँ।

हामी पछि-पछि सेना पनि दलदले मैदानमा प्रवेश गर्‍यो । सैनिकहरूले विविध प्रकारका कपडा लगाएका थिए। कसैले खैरो सैनिक पोसाक लगाएका थिए, कसैले विभिन्न रङका ओभरकोट लगाएका थिए त कसैले कम्बल ओढेका थिए। कसैले बाँसका ठूला-ठूला टोप ओढेका थिए त कसैले फाटेको छाता ओढेका थिए। यस रङ्गीबिरङ्गी जनसमूहका कारण त्यो निर्जीव विशाल दलदले मैदान सजीव देखिन्थ्यो। उनीहरू एकापसमा हातेमालो गर्दै लामो ताँतीमा बिस्तारै तर दृढतापूर्वक बढिरहेका थिए।

एक दिन हामीले अचानक त्यस बिरानो क्षितिजमा एउटा कालो बिन्दु देख्यौँ । जति-जति हामी अगाडि बढ्दै गयौँ, उति-उति त्यो बिन्दु ठूलो हुँदै गयो। त्यो के चीज हो भन्ने कुरा हामीलाई थाहा थिएन। हाम्रो उत्साह बढ्दै गयो। हाम्रो हृदयमानामक ठाउँ थियो । साथीहरूको त्यसबेलाको खुसीलाई शब्दमा व्यक्त गर्न असम्भव थियो । पलायो पुगेर अध्यक्ष माओ र हामी एक तिब्बती परिवारको घरमा बस्यौँ। हाम्रा साथीहरूले त्यस खुसीमा आगो बालेर चिसा कपडाहरू सुकाए।

केही समयपछि हामी पासी पुग्यौँ। त्यहाँ हामीले एउटा विचित्र दृश्य देख्यौँ। चौथो मोर्चा सेनाका केही सैनिकहरू पछि फर्केर हामीतिर (भयानक दलदले मैदानतिर) बिस्तार-बिस्तार आइरहेका थिए । यो कुरा हामीले बुझ्न सकेनौँ । हामी आश्चर्यचकित भएर अध्यक्ष माओसँग सोध्यौँ, ‘अध्यक्ष, यिनीहरू किन पछाडि फर्किरहेका छन् ?’ उहाँले तुरुन्त कुनै जबाफ दिनुभएन तर उहाँको अनुहारको भाव देख्दा उहाँ ज्यादै भावविह्वल हुनुभएको प्रस्ट देखिन्थ्यो। हामीलाई पछि मात्र थाहा भयो, यो त गद्दार चाङ क्वो-थाकोको पार्टी फुटाउने षड्यन्त्रको नतिजा रहेछ । त्यो गद्दारले सोझा-सीधा साथीहरूलाई दासजस्तै बनाई विनाशको बाटोमा हिँड्न बाध्य पारिरहेको रहेछ।

केही क्षणपछि अध्यक्ष माओले हामीलाई सोध्नुभयो, ‘के तिमीहरू पनि पछि हट्न चाहन्छौँ र ? फेरि दलदले मैदान पार गर्न चाहन्छौँ ?’

‘कहिल्यै पनि चाहन्नौँ, हामी मर्न परोस् तर पनि पछि हट्दैनौँ’, हामी सबैले एकै स्वरमा जबाफ दियौँ।

अध्यक्ष माओ उभिनुभयो र थकित एवम् थोत्रो कपडा लगाएका सैनिकहरूतिर हेर्नुभयो जो उतैतिर जाँदै थिए जताबाट हामी धैर्यपूर्वक आइरहेका थियौँ। उहाँले मधुरो स्वरमा तर आत्मविश्वासपूर्वक भन्नुभयो, ‘उनीहरू फर्केर आउनेछन् ! हामी अघि बढेर उनीहरूका लागि बाटो बनाउनुपर्छ ता कि उनीहरू हामीसँग आउन सकून्।’

नियमित

# देशको आर्थिक अवस्थाका सङ्केत

**व्यापक नेपाली**

गत आर्थिक वर्ष २०७७/७८ को एघार महिना (२०७७ साउनदेखि २०७८ जेठसम्म) को तथ्याङ्कअनुसार वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ४.१९ प्रतिशत रहेको, आयात २५.७ प्रतिशतले र निर्यात ३७.८ प्रतिशतले बढेको, विप्रेषण आप्रवाह नेपाली १२.६ प्रतिशतले बढेको, शोधनान्तर स्थिति रु. १५ अर्ब १५ करोडले घाटामा रहेको, कुल विदेशी विनिमय सञ्चिति ११ अर्ब ७१ करोड अमेरिकी डलर रहेको, सङ्घीय सरकारको खर्च रु. ९१६ अर्ब ८५ करोड र राजस्व परिचालन रु. ८१२ अर्ब ३५ करोड रहेको, विस्तृत मुद्राप्रदाय १६.१ प्रतिशतले बढेको र वार्षिक बिन्दुगत आधारमा मुद्राप्रदाय २१.४ प्रतिशतले बढेको, बैङ्क तथा वित्तीय संस्थाको निक्षेप सङ्कलन १५.३ प्रतिशत र निजी क्षेत्रमाथिको दाबी २५.३ प्रतिशतले बढेको देखिन्छ।

जबरजस्त अनौपचारिक र भूमिगत अर्थतन्त्र रहेको एवम् झन्डै ८४.६ प्रतिशत रोजगारी वा जीवन निर्वाह कृषि तथा दर्ता नगरी सञ्चालित अनौपचारिक आर्थिक क्षेत्रले ओगटेकाले नेपाली जनताको जीवनलाई यी तथ्याङ्कले खासै फरक नपार्ने लागे पनि समष्टिगत अर्थतन्त्रको प्रभाव नागरिकको दैनिक जीवनमा पर्ने देखिन्छ । यो आर्थिक अवस्थाको सङ्केत र परिणामलाई देहायबमोजिम उल्लेख गरिएको छ ः

### १. जनजीविका

२०७८ साल जेठमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ४.१९ प्रतिशत रहे पनि खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ६.२२ प्रतिशत रही घ्यू तथा तेल, सुर्तीजन्य पदार्थ, गैरमदिराजन्य पेय पदार्थ र यातायात उपसमूहको मूल्यवृद्धि क्रमशः ३०.९८ प्रतिशत, ९.८४ प्रतिशत, ९.८१ प्रतिशत र ९.७० प्रतिशत रहनुले जनताको दैनिक जीवन निर्वाहको कठिनाइलाई देखाउँछ। थोक मुद्रास्फीति ९ प्रतिशत रहेकाले भविष्यमा उपभोक्ता मुद्रास्फीति बढ्ने तर तलब तथा ज्यालादर सूचकाङ्क १.९८ प्रतिशतले मात्र बढेकाले श्रमजीवी वर्गको जीवनस्तर बढ्दो महँगीले गर्दा थप खस्कँदै गएको छ।

### २. राष्ट्रिय स्वाधीनता

राष्ट्रियता, राष्ट्रिय सुरक्षा र स्वाधीनताको मेरुदण्ड नै अर्थतन्त्रको समतामूलक सक्षमता हो । देशको बाँकी विश्वसँगको कारोबारले यसलाई देखाउँछ । यस अवधिमा कुल वस्तु निर्यात ३७.८ प्रतिशतले वृद्धि भई रु. १२१ अर्ब २५ करोड पुगेको छ भने कुल वस्तु आयात २५.७ प्रतिशतले वृद्धि भएर रु. १३८३ अर्ब ३६ करोड पुगी कुल वस्तु व्यापारघाटा २४.६ प्रतिशतले वृद्धि भएर रु. १२६२ अर्ब ११ करोड पुगेको छ । निर्यात-आयात अनुपात ८.८ प्रतिशत पुगेको छ। यस्तो व्यापारघाटालाई पूरा गर्ने काम गरिब युवाले पठाएको रु. ८७० अर्ब ९४ करोड विप्रेषण आप्रवाहले गरेको छ। वस्तुगत आधारमा यातायातका साधन तथा पार्टपुर्जा, कच्चा सोयाबिन तेल, एमएस बिलेट, चामल, दूरसञ्चारका उपकरण, पार्टपुर्जालगायत वस्तुको आयात बढेको छ भने हवाईजहाजका पार्टपुर्जा, कच्चा पाम तेल, भिडियो, टेलिभिजन तथा पार्टपुर्जा, कोल्डरोल्ड सिट इन्क्वाइल, चाँदीलगायत वस्तुको आयात घटेको छ। यस अवधिमा चालू खाता रु.२९३ अर्ब ९७ करोडले र शोधनान्तर स्थिति रु.१५ अर्ब १५ करोडले घाटामा रहनुले द्वैधचरित्रको नेपाली अर्थतन्त्रमा दैनिक खाद्यान्नदेखि विलासिताका वस्तुको आयात आकासिँदै गएको देखिन्छ । यस अवधिमा अमेरिकी डलर ४ अर्ब १६ करोड बिक्री गरी रु.४८९ अर्ब ९८ करोडबराबरको भारतीय रूपैयाँ खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर ३ अर्ब ४८ करोड बिक्री गरी रु.४०१ अर्ब ३ करोडबराबरको भारतीय रूपैयाँ खरिद भएको थियो। यसले भारतमाथि नेपालको निर्भरता बढाउनुका साथै राष्ट्रिय आत्मबलसमेत गिराएको देखिन्छ । यसले नेपालको राष्ट्रिय स्वाधीनतामाथि सयौँ वर्षदेखि धावा बोलिरहेका शक्तिको हात थप बलिलो बनाइदिएको छ।

### ३. जनतन्त्र

कोरोना भाइरस सङ्क्रमणको प्रभावलाई न्यूनीकरण गर्न प्रवाह भएको रु. २७७ अर्बबराबरको पुनरकर्जा, सहुलियतपूर्ण कर्जा र व्यवसाय निरन्तरता कर्जा ४९ हजारभन्दा कमले पाएका छन् जब कि व्यवसायीको सङ्ख्या नै १० लाखजति छ । लाखौँ युवा देशनिकालामा पर्नु, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, रोजगारी, खाना, नाना, छानाको अभावमा पीडित बनेका आधाभन्दा बढी जनसङ्ख्याको कष्टप्रद जीवन र वार्षिक प्रतिव्यक्ति आम्दानी ११०० डलरभन्दा कम भएको देशमा प्रजातन्त्र प्रभावकारी छ भन्नु दिवासपना मात्र हो । भोको पेट र पछौटेपनले निरन्तरता पाउन्जेल कागजी प्रजातन्त्रबाहेक केही हुनेछैन।

### ४. इलेक्टेड र सेलेक्टेडको अक्षमता

महालेखा नियन्त्रक कार्यालयका अनुसार २०७८ जेठ मसान्तसम्ममा चालू खर्च रु.७०० अर्ब ६१ करोड, पुँजीगत खर्च रु.१४३ अर्ब ९ करोड र वित्तीय व्यवस्थाअन्तर्गतको खर्च रु.७३ अर्ब १५ करोड भएको छ भने सरकारको कर राजस्व रु.७५८ अर्ब ३८ करोड र गैरकर राजस्व रु.५३ अर्ब ९८ करोड (प्रदेश सरकार तथा स्थानीय तहमा बाँडफाँट हुने रकमसमेत) परिचालन भएको छ। प्रदेश सरकारको स्रोत प्राप्ति रु.१३७ अर्ब २१ करोड रहेको छ । यसमध्ये सङ्घीय सरकारले प्रदेश सरकारलाई अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्वसमेत गरी रु.१०४ अर्ब ६९ करोड हस्तान्तरण गरेको छ । प्रदेश सरकारहरूले राजस्व र अन्य स्रोतबाट रु.३२ अर्ब ५३ करोड परिचालन गरेका छन्। यसैगरी, प्रदेश सरकारहरूको खर्च रु.१०९ अर्ब ९५ करोड रहेको छ। यो स्तरको कार्यसम्पादनको दुरवस्थाले सम्पूर्ण ७६१ वटा सरकार तथा तिनका पार्टपुर्जा (कर्मचारीतन्त्रसमेत) बेकम्मा र अक्षम प्रमाणित भएका छन्।

### ५. ऋणभारको पहाड

स्वदेशी तथा वैदेशिक गरी सरकारको ऋणभार रु.१६५० अर्ब पुगेको छ। प्रतिव्यक्ति ऋणभार रु.५५ हजार पुगेको दखिन्छ। यो ऋणभारले भविष्यमा कर बढाउने मात्र नभई कडा सर्तमा थप ऋण लिनुपर्ने बाध्यता उत्पन्न गरी एमसीसीजस्ता परियोजनाका नाममा वैदेशिक हस्तक्षेप बढ्नेछ। यो ऋणभार भूकम्प गएको वर्षको तुलनामा तीन गुणाभन्दा बढी हो भने कुल गार्हस्थ उत्पादनको दुईतिहाइ हो । ऋण लिएर अनुत्पादक र आसेपासेको हितमा खर्च गर्ने प्रवृत्तिले राष्ट्रिय स्वाधीनतालाई कमजोर बनाएको छ।

### ६. बेलुन फुलेजस्तो समृद्धि

सरकारले नागरिकको आम्दानी वृद्धि भएको प्रचार गरे पनि त्यो वास्तविक नभई मूल्यवृद्धिमा आधारित बेलुन फुलेजस्तो हो । जनताको जीवनस्तरमा गुणस्तरीय सुधार नभई देखाइने तथ्याङ्क वास्तवमा मिथ्याङ्क हुन्। विस्तृत मुद्राप्रदाय २१.४ प्रतिशतले बढेको, कुल आन्तरिक कर्जा २१.५ प्रतिशतले बढेको, मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दाबी २५.२ प्रतिशतले बढेकाले सत्ताकेन्द्रित आसेपासे दलालको सम्पत्ति तथा आयको वृद्धि अस्वाभाविक रूपमा हुन गई नेपालको असमानता (जिनी कोफिसियन्ट) अमेरिकाको भन्दा बढी हुन गएको छ। बैङ्क तथा वित्तीय क्षेत्रबाट प्रवाहित रु.४१ खर्ब कर्जामध्ये दुईतिहाई कर्जा घरजग्गाको धितोमा प्रवाह भएकाले भूमिपति सामन्त र दलाल पुँजीवादीमा मात्र कर्जा सुविधा उपलब्ध भएको देखिन्छ। बैङ्क तथा वित्तीय संस्थाबाट प्रवाहित कर्जामध्ये आवधिक कर्जा २४.८ प्रतिशतले, ओभरड्राफ्ट कर्जा २८.२ प्रतिशतले, डिमान्ड तथा चालू पुँजी कर्जा २४.१ प्रतिशतले, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जासमेत) ११.९ प्रतिशतले, मार्जिन प्रकृति (सेयर धितो) कर्जा ८७.६ प्रतिशतले र ट्रस्ट रिसिट (आयात) कर्जा ५३.२ प्रतिशतले बढेको स्थितिले अनुत्पादक क्षेत्रमा कसरी दुर्लभ वित्तीय साधन प्रवाह गरी दोहनकारी दलाल पुँजीवादी जाँतो ३ करोड जनतामाथि लादिएको छ भन्ने देखाउँछ।

### ७. दलाल पुँजीवादको नग्नता

यो महामारीका बीचमा २०७७ असार मसान्तमा १३६२.४ रहेको नेप्से सूचकाङ्क २०७८ जेठ मसान्तमा ३०२५.८ पुगी धितोपत्र बजार पुँजीकरण रु.४२१६ अर्ब पुगेको छ जब कि २०७७ असार मसान्तमा बजार पुँजीकरण रु.१७९२ अर्ब ७६ करोड रहेको थियो। यसरी बजार वृद्धि गराउनुमा सत्तावरिपरिका दलालले वित्तीय प्रणालीमा जम्मा भएको निक्षेपलाई पुँजी बजारमार्फत व्यक्तिगत रूपमा लुट्ने काम गरे। यो लुटतन्त्रमा सरकार र त्यससम्बद्ध तथाकथित संस्थाहरू साक्षीकिनारामा बसे भने तिनका कार्यकारीले कुस्त लाभसमेत प्राप्त गरे । यसबाट सरकारमा भएका दललाई चुनाव खर्च उठाइदिने गरी नीतिगत भ्रष्टाचारसमेत भएको देखिन्छ। यसरी सेयर बजारमा कमाएको अधिकांश सम्पत्ति बिदेसिएको र विलासिताको वस्तु आयातमा प्रयोग भएको गुनासो हुने गरेको छ।

अतः केही अर्थशास्त्रीहरू नेपालमा राजनीतिक क्रान्ति सजिलै हुने गरेको तर आर्थिक क्रान्ति गर्न गाह्रो भएको भ्रमित व्याख्या गर्दछन् । तर बढ्दो गरिबी, बेरोजगारी, असमानता, अस्थिरता, जमिन नटेकीकन प्राप्त भएको आर्थिक वृद्धि, कमजोर जीवनस्तर, बढ्दो ऋणभार, निस्फिक्री क्लेप्टोक्रेसी र दलाल पुँजीवादको दबदबा हेर्दा नेपालमा राजनीतिक क्रान्ति पूरा भएकै छैन र जुन परिवर्तन भएको भनिएको छ त्यो कस्मेटिक र व्यक्तिको अदलबदल मात्र हो भन्ने प्रमाणित हुन्छ । अन्यथा राजनीतिक परिवर्तनको लाभ गरिब जनताको तहमा पुगी आर्थिक-सामाजिक आधार सबल हुने थियो । त्यसैले दलाल पुँजीवादी सत्तावरिपरिका एक प्रतिशत मानिसमा मात्र केन्द्रित समृद्धि लूटतन्त्र नै भएकाले जनताले यसका विरुद्ध गर्ने कुनै पनि प्रकृति वा स्तरको विद्रोह वास्तविक प्रजातान्त्रिक अभ्यास हुनेछ।

# नेकपाका संस्थापक कमरेड पुष्पलालको ४३ औँ स्मृति दिवस




**काठमाडौँ।**

नेपाल कम्युनिस्ट पार्टीका संस्थापक एवम् संस्थापक महासचिव पुष्पलालको यही साउन ७ गते ४३ औँ स्मृति दिवस हो । कम्युनिस्टको थर हुँदैन भन्ने उच्च साम्यवादी चेतनाका पुष्पलालले आफ्नो थरमा जोडिएको 'श्रेष्ठ' हटाएर पुष्पलाल मात्र नाम राखेका थिए । पुष्पलालले नेकपाको स्थापनाअघि नै २००५ सालमा कम्युनिस्ट पार्टीको घोषणापत्रलाई नेपालीमा उल्था गरेर वितरण थिए । राणाशासनको क्रूरता र निरङ्कुशताका कारण नेपालमा असहज भएपछि त्यसको एक वर्षपछि २००६ सालमा उनले भारतको कलकत्तामा नेपाल कम्युनिस्ट पार्टी स्थापना गरेका थिए। त्यसपछि उनले नेकपाको घोषणापत्र र पर्चा पनि जारी गरेका थिए।

कम्युनिस्ट घोषणापत्र अनुवाद गरी वितरण गर्ने र नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवाद स्थापना गर्ने दूरदर्शी चेतनाका क्रान्तिकारी अग्रज पुष्पलालको जन्म रामेछापको भँगेरीमा १९८१ साल असार १५ गते भएको थियो । निर्वासित जीवन बिताइरहेको समयमा २०३५ साल साउन ७ गते भारतमा पुष्पलालको निधन भएको थियो।

नेपालका क्रान्तिकारी कम्युनिस्टहरूले पुष्पलाललाई आदर्श व्यक्तित्वका साथै निष्ठावान् र इमानदार कम्युनिस्ट नेता मान्दै आएका छन् । नेकपाले हरेक वर्ष पुष्पलालको स्मृतिमा कार्यक्रम आयोजना गर्दै आएको छ। क्रान्तिकारी कम्युनिस्टहरूले इमानदारीसाथ र अवसरवादी, संशोधनवादी, छद्मभेषीहरूले लोगोका रूपमै भए पनि पुष्पलाललाई सम्झिँदै आएका छन्।

# जनताको खेतबारीमा श्रम रोपेर सिर्जना उमार्दै सामनाका कलाकार

**समर झुसे**

यतिबेला किसानहरू मानो रोपेर मुरी उब्जाउने अभियानमा छन् । श्रमिक जनताको प्रिय पार्टी नेपाल कम्युनिस्ट पार्टीका नेता-कार्यकर्ता पनि जनताको खेतबारीमा श्रमदान गरिरहेका छन्।

अखिल नेपाल जनसांस्कृतिक महासङ्घको केन्द्रीय टोली केन्द्रीय सामना परिवार पनि पार्टीको योजनामा समाहित हुँदै विगत १ महिनादेखि निरन्तर जनताको खेतबारीमा श्रम रोपेर सिर्जनारूपी अन्नबाली उमार्ने अभियानमा लामबद्ध छ। यसै क्रममा सामना परिवारका कलाकारहरू मकवानपुर जिल्लाको मनहरी गाउँपालिका वडा नम्बर ३ डोठेमा जनसमुदायबीच श्रमदान गरिरहेका छन्।



कोरोना भाइरस सङ्क्रमण र त्यसबाट उत्पन्न सङ्कटले जनजीवन नराम्रोसँग थिलथिलो भएको बेला सामना परिवारका कलाकाहरू जनताको खेतबारीमा हिउँदमा रोपेको धान काटेर बर्खा मौसमको धान रोप्ने, आली लगाउने, मकै भाँच्ने, ओसार्ने काम गरिरहेका छन्।

टोलीले पार्टी सदस्य, पार्टी समर्थक, शुभचिन्तक र जनताको घरमा गएर काम गरिरहेको छ । जनश्रम अभियानमा १५ जनाको टोली सहभागी छ।

**नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी**

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।**

**उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेड**

नेपाल आयल निगम

**नेपाल आयल निगम लिमिटेड**
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : **वसन्त श्रेष्ठ**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ